दर्शकमाझ आउने... पृष्ठ ६

लोकप्रिय राष्ट्रिय दैनिक

राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

काठमाडौं । वर्ष १५, अंक २२१, काठमाडौं, बिहीबार ७ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np I Email rajdhaninews@gmail.com I RAJDHANI Nepali National Daily I Kathmandu, Thursday 21 January 2016 I पृष्ठ : ८ मूल्य रु. ५/-

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108

६० बालबालिका र महिला बेपत्ता

गुल्मी / रास– जिल्लामा साउनयता ६० भन्दा बढी महिला तथा बालबालिका हराएको पाइएको छ।

जिल्ला प्रहरी कार्यालय गुल्मीको तथ्यांकअनुसार गत साउन महिनायता ६२ महिला तथा बालबालिका हराएका छन्। हराउने ६२ मध्ये १८ जना फेला परेका छन् भने बाँकीको अवस्था अहिलेसम्म अज्ञात भएको जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेलले जानकारी दिएको छ।

(बिस्तृत पृष्ठ ३ मा)

पाकिस्तानी विश्वविद्यालयमा आतंकवादी आक्रमण

पेसावर / एजेन्सी– पाकिस्तानको उत्तर पश्चिमी क्षेत्रमा अवस्थित पेसावर सहरको एक विश्वविद्यालयमा बन्दूकधारीले आक्रमण गर्दा कम्तीमा २० जनाको मृत्यु हुनुका साथै ५० बढी घाइते भएका छन्। सुरक्षा अधिकारीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चार माध्यमले आक्रमणमा विद्यार्थीका साथै एक प्राध्यापकको समेत मृत्यु भएको उल्लेख गरेका छन्।

(बिस्तृत पृष्ठ ५ मा)

मुगुको उच्च पहाडी क्षेत्रमा परेको हिमपात । मंगलबार साँझदेखि बुधबार दिनभर पनि यी क्षेत्रमा वर्षा र हिमपात जारी छ ।

तस्बिर : विमल हमाल / राजधानी

आज शीर्ष तहमा वार्ता

संशोधन प्रस्तावभित्रै सहमति जुटाउने प्रयास

टेनिस रोका / राजधानी
काठमाडौं, ६ माघ

सत्तारूढ दल र प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका शीर्ष नेताले आन्दोलनरत मधेसी मोर्चासँग वार्ता गरी शीर्ष तहमै समस्याको निकास खोज्ने सहमति गरेका छन्।

बुधबार बसेको बैठकले मोर्चाका शीर्ष नेतासँग आज (बिहीबार) बिहान छलफल गरी संविधान संशोधन विधेयकमाथि परेको संशोधन प्रस्तावलाई टेकेर समाधान खोज्ने विषयमा छलफल गर्ने जनाएका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको पाँच दल बैठकले मोर्चाको मागबमोजिम शीर्ष तहमा वार्ता गर्ने र वार्तामा अधिकतम लचकता प्रदर्शन गर्ने सहमति गरेको बैठकमा सहभागी कांग्रेस उपसभापति रामचन्द्र पौडेलले बताए।

कार्यदल स्तरको वार्तामा तिन दल र मधेसी मोर्चा अधिकांश मुद्दामा सहमत भइसकेको अवस्थामा सोमवार मधेसी मोर्चाले कार्यदलसँग वार्ता नवस्ने घोषणा गरेको थियो। मधेसी मोर्चाले तिन दलीय कार्यदलसँग वार्ता नगर्ने घोषणा गरेपछि मुख्य पाँच पार्टीका शीर्ष नेतातिचच भएको बैठकले शीर्ष तहमा नै मोर्चासँग वार्ता गर्ने निर्णय गरेको हो।

प्रमुख विपक्षी दल कांग्रेस तथा सत्तारूढ दल नेकपा एमाले, एकीकृत नेकपा माओवादी, राप्रपा नेपाल र मधेसी जनअधिकार फोरम लोकतान्त्रिकको बुधबार प्रधानमन्त्री कार्यालय बालुवाटारमा बसेको बैठकले उच्च तहमा मोर्चासँग छलफल गर्ने र ९ गते संविधान संशोधन विधेयक अघि बढाउने निर्णय गरेको हो। दलहरूबिच संसद्मा विचाराधीन संविधान संशोधन विधेयकभित्रैबाट समाधान खोज्ने र त्यसका लागि विधेयकमाथि परेका संशोधन प्रस्तावहरूमध्ये मधेसी मोर्चाका माग अधिकतम समेट्ने प्रस्तावको अध्ययन गर्ने सहमति जुटेको हो।

शीर्ष नेताहरूको बैठक बस्नुअघि संशोधन प्रस्ताव अध्ययन गरी मधेसीका माग अधिकतम सम्बोधन हुने बुँदामाथि शीर्ष तहमा छलफल हुने र त्यसैलाई अन्तिम रूप दिने तयारी पाँच दलको छ। तथापि, मोर्चाले भने यस विषयमा अझै औपचारिक धारणा तय गरिसकेको छैन।

कांग्रेस उपसभापति पौडेलले मोर्चासँग छलफल गरेर सहमति जुटाउने र नजुटेको अवस्थामा आगामी ९ गते (शनिवार) संविधान संशोधन विधेयक अघि बढाउन पाँच ओटै दल सहमत भएको बताए।

संसद्मा पेस भएको संविधान संशोधनको विधेयकमाथि विभिन्न दलका सांसदहरूले दर्ता गराएको संशोधन प्रस्तावमध्ये कुनै प्रस्तावले मधेसको माग सम्बोधन गर्ने भए त्यहीं प्रस्तावलाई संसद्वाट पारित गर्ने सहमति भएको बैठकपछि उनले सञ्चारकर्मीलाई जानकारी दिए। 'यदि यी संशोधन प्रस्तावले मात्रै नहुने भए भोलि बिहान ९ बजे मधेसी मोर्चाका नेताहरूसँग वार्ता गरी संशोधन प्रस्तावमा आवश्यक भाषा लगायतका विषय परिमार्जन गर्न हामी तयार छौं', पौडेलले भने, 'त्यसका लागि मोर्चासँगको वार्तापश्चात् आवश्यक परे संसद्वाट विशेष समिति बनाएर भए पनि संशोधन प्रस्तावको भाषा मिलाएर जाऔं भन्ने सबैको सहमति छ।'

(बाँकी पृष्ठ २ मा)

असारभित्रै फोहोरबाट ग्याँस

सविन शर्मा / राजधानी
काठमाडौं, ६ माघ

फोहोर समस्या र इन्धन अभावले आजित उपत्यकाबासीका लागि काठमाडौं महानगरपालिकाले फोहोरबाटै ग्यांस निकाल्ने भएको छ। उपत्यकामा थुप्रिएको फोहोरबाट आगामी असारभित्रै जैविक ग्यांस निकाल्ने गरी महानगरले काम सुरु गरेको छ। एउटै प्लान्टबाट फोहोर प्रशोधन गरी ग्यांस, जैविक मल र पानी एकसाथ निकाल्ने तयारीमा महानगर रहेको छ।

काठमाडौं महानगरपालिकाको १२ र १९ नम्बर वडाबाट उत्पादन हुने फोहोर संकलन गरी त्यसबाट ग्यांस, मल र पानी उत्पादन गर्ने तयारी गरिएको महानगरपालिकाले जनाएको छ। दुई वडाका ५ सय ६५ परिवारले निष्कासन गरेको फोहोर संकलन गरी त्यसबाट दैनिक ९६ किलो ग्यांस उत्पादन हुने महानगरका कार्यकारी प्रमुख रुद्रसिंह तामाडले बताए। 'दुई वर्ष अघिदेखि नै काम भइरहेको छ, हामी आगामी असारभित्रै ग्यांस उत्पादन गरिसक्छौं,' उनले भने। तर, यसका लागि परियोजनाले राम्रो काम गरेर देखाउनुपर्ने उनको धारणा छ। उनी कुराभन्दा काम गरेर देखाउनुपर्ने बताउँछन्। सबैले कामभन्दा कुरा बढी गर्दा मुलुकमा कामभन्दा पनि कुरामा विकासका गतिविधि सीमित हुँदै आएको उनको तर्क छ।

महानगरको दुई वडामा संकलित फोहोरबाट मात्रै ९६ किलो ग्यांस उत्पादन हुँदा ३ सय किलो जैविक मल उत्पादन हुने परियोजनाले जनाएको छ। फोहोर जम्मा गरिने टेकु स्टेसनमा वैशाखदेखि प्लान्ट स्थापना गरेर ग्यांससहित जैविक मल र प्रशोधित पानी उत्पादन गर्न लागिएको हो।

वैशाखपछि टेकुबाट उत्पादन हुने ग्यांस दैनिक झन्डै सात ओटा सिलिन्डरमा भर्न पुग्नेछ। तर, प्लान्टबाट निस्केने ग्यांस सिलिन्डरमा भर्न नमिल्ने भएकाले त्यसको वितरण कसरी गर्ने भन्ने विषयमा कुनै योजना नबनेको प्रमुख कार्यकारी तामाडले बताए। महानगरले फोहोरबाट निकाल्न लागेका ग्यांसमा ६५ प्रतिशत मिथेन हुनेछ भने ३५ प्रतिशत कार्बनडाइअक्साइड हुनेछ।

फोहोरमैला न्यूनीकरण तथा पुनः उपयोगिताको सिद्धान्तबमोजिम सञ्चालन गरिने क्रियाकलापबाट वार्षिक २ हजार ५ सय टन बराबरको कार्बन उत्सर्जनमा कमी हुने महानगरले अपेक्षा गरेको छ।

फोहोरबाट निष्केने ग्यांस पूर्ण रूपमा बायोग्यांस हुने हुँदा सिलिन्डरमा भर्न नमिल्ने प्राविधिकहरू बताउँछन्। 'सहरमा उत्पादित घरेलू फोहोर संकलन दुबानी र ल्यान्डफिल साइटमा व्यवस्थापन गर्ने कामले मात्रै फोहोरमैला व्यवस्थापनको दिगो समाधान हुन नसक्ने विश्वव्यापी अभ्यासले सिकाएको पाठबाट परियोजना सुरु गरिएको हो,' परियोजना प्रमुख प्रकाशचन्द्र झाले भने, 'जैविक र अजैविक फोहोरलाई वर्गीकरण गर्ने, आधार भूत संरचनासहितको पूर्ण क्रियाशील 'मिथानेसन उपकरण' सञ्चालन गर्ने योजना रहेको छ।

असारभित्र नै फोहोरबाट उपत्यकामा ग्यांस उत्पादन गरेपछि पाइपलाइन वा ग्यांसबाट बिजुली उत्पादन गर्ने भन्ने विषयमा पनि अध्ययन भइरहेको उनले जानकारी दिए। दैनिक उपभोग्य बस्तुको प्रयोग नै उपत्यकाको सन्दर्भमा अहिलेको मुख्य फोहोर उत्पादनको स्रोत हो।

महानगरपालिकाले ग्यांसबाट बिजुली निकाल्ने योजना पनि बन्दै गरेको जानकारी दिएको छ। यसबाट दैनिक १४ किलोवाट विद्युत् उत्पादन हुने अनुमान छ। प्लान्टबाट दैनिक ३ सय किलो जैविक मल पनि उत्पादन हुनेछ। यो प्लान्टमा दैनिक ३ हजार टन फोहोर प्रयोग गरिनेछ। यस्तै, दैनिक १३ हजार ५ सय लिटर प्रशोधित पानी उत्पादन गर्ने लक्ष्य पनि लिइएको छ।

(बाँकी पृष्ठ २ मा)

१० वर्षमा १० हजार मेगावाट

भीम गौतम / राजधानी
काठमाडौं, ६ माघ

ऊर्जा मन्त्रालयद्वारा गठित कार्यदलहरूले ऊर्जा संकट निवारण दशक घोषणाका लागि प्रस्ताव गरेको छन्। मुलुकमा देखिएको चरम ऊर्जा संकट समाधानका लागि ऊर्जा संकट घोषणा गर्ने ठहरका साथ ऊर्जा मन्त्रालयले गठन गरेका विभिन्न ६ ओटा कार्यदलले प्रतिवेदन पेस गर्ने क्रममा सो प्रस्ताव गरेको हो।

प्रतिवेदन पेस गर्ने क्रममा उपप्रधान एवं ऊर्जामन्त्री टोपबहादुर रायमाझीलाई ब्रिफिङ गर्दै कार्यदलका संयोजकहरूले १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने प्रयोजनका लागि ऊर्जा संकट निवारण दशक घोषणा गर्नुपर्ने प्रस्ताव गरेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डा. सञ्जय शर्माले जानकारी दिए। 'कार्यदलहरूको प्रतिवेदनमा ऊर्जा संकट निवारण दशकको प्रस्ताव आएको छ,' प्रवक्ता शर्माले राजधानीसँग भने, 'अब विभिन्न कार्यदलले दिएको प्रतिवेदनका आधारमा एउटा मस्यौदा बन्नेछ, त्यसका आधारमा निवारण काल घोषणाका लागि विधेयकको मस्यौदा

ऊर्जा संकट निवारण दशक घोषणा तयारी

बन्नेछ।' सोमवार ऊर्जा मन्त्रालयले संकट निवारण दशकका लागि अवधारणा पत्र बनाउन विद्युत् विकास विभागका महानिर्देशक दिनेश घिमिरेको संयोजकत्वमा ऊर्जा मन्त्रालय, विभाग र नेपाल विद्युत् प्राधिकरणका प्रतिनिधिहरू रहेको अवधारणा पत्र तयारी समिति गठन गरेको छ। समितिले पाँच दिनभित्र अवधारणा पत्र तयार गर्ने समय दिइएको छ।

प्रतिवेदनका आधारमा बन्ने मस्यौदामा ऊर्जा संकट निवारण दशकभित्र तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना र कार्यान्वयन मोडालिटीवारे उल्लेख गर्ने लक्ष्य मन्त्रालयको छ। कार्यदलहरूबाट आएको प्रतिवेदनका आधारमा ऊर्जा सचिवको संयोजकत्वमा सरोकारवाला मन्त्रालय र सरोकारवाला रहेको अर्को कार्यदल बनाई त्यसमार्फत विधेयक तयारी गर्ने र यसका लागि सरोकारवाला निकायसंग छलफल गर्ने लक्ष्य मन्त्रालयको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले एक वर्षभित्र लोडसेडिङ अन्त्य गर्ने घोषणा गरेपछि गत ८ मंसिरमा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जारी गरेको श्वेत पत्रमा पुस मसान्तभित्र ऊर्जा संकटकाल लगाउने उल्लेख छ। सोही संकटकालका लागि ७ पुसमा ऊर्जा मन्त्रालयले ऊर्जा संकटकालमा समेटिनुपर्ने विषयहरूका लागि विभिन्न ६ कार्यदल गठन गरेको थियो।

(बाँकी पृष्ठ २ मा)

'सस्ता भएछन्' मन्त्रीहरू

साना कार्यक्रममा आउँछन्, घन्टौं बसेर फर्कन्छन्

दिनेश थापा / राजधानी
सिन्धुपाल्चोक, ६ माघ

- **कार्यक्रम : महेन्द्र मावि इचोकको ५५औं वार्षिकोत्सव**
  प्रमुख अतिथि र स्थान : पर्यटन मन्त्री आनन्दप्रसाद पोखरेल, इचोक
- **कार्यक्रम : बतासे माविको वार्षिकोत्सव**
  प्रमुख अतिथि र स्थान : पशुपन्छी विकास मन्त्री शान्ता मानवी, तालामाराङ
- **कार्यक्रम : चौतारा र मेलम्चीको नगरपरिषद्**
  प्रमुख अतिथि र स्थान : वन मन्त्री अग्निप्रसाद सापकोटा, चौतारा

माथि उल्लेख गरिएका यी केही सार्वजनिक कार्यक्रम एक साताभित्र सिन्धुपाल्चोकमा सम्पन्न भएका हुन्। एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा ४० सदस्यीय मन्त्रिमण्डल बनेपछि यतिबेला जिल्लामा दिनहुँजसो मन्त्रीहरूको आउजाउ भइरहेको छ।

एउटा सामान्य कार्यक्रम, जहाँ आवश्यकताको हिसाबले मन्त्री नआउँदा हुन्थ्यो, त्यस्ता स्थानमा समेत आउन थालेपछि सबैले सामान्य कार्यक्रममा पनि मन्त्रीलाई बोलाउन थालेका छन्। मंगलबार महेन्द्र मावि इचोकको ५६औं वार्षिकोत्सव कार्यक्रम थियो, विद्यालयको कार्यक्रम भएकाले मन्त्री आए पनि शिक्षा मन्त्री आउनुपर्ने हो तर त्यो कार्यक्रममा पर्यटन मन्त्री आनन्दप्रसाद पोखरेल सहभागी भए।

अघिल्लो वर्षतक जिल्ला शिक्षा अधिकारी, त्यो पनि सम्भव नभए स्रोत व्यक्तिहरूबाट विद्यालयको वार्षिकोत्सव आयोजना गर्ने गरिए पनि यस वर्ष भने विद्यालयले निकै तामझामका साथ पर्यटन मन्त्री ल्याएर वार्षिकोत्सव मनायो।

केही दिनअघि तालामारड गाविसको बतासे माविमा पनि पशुपन्छी विकास मन्त्री शान्ता मानवी आइपुगिन्। उनी आउँदा पनि विद्यालयले निकै तामझामका साथ कार्यक्रम गऱ्यो।

गत १२ र २९ बैशाखमा आएको भूकम्पले जिल्लाका सबै विद्यालय भवन ध्वस्त भएका छन्। आर्थिक अभावमा अस्थायी सिकाइ केन्द्रमा कक्षा सञ्चालन भइरहेको छ तर लाखौं खर्च गरी मन्त्री ल्याएर विद्यालयहरूले फुतीफार्तीका साथ विद्यालयको वार्षिकोत्सव मनाइरहेका छन्।

यता, चौतारा नगरपालिकाको तेस्रो नगर अधिवेशनका प्रमुख अतिथि थिए, वन मन्त्री अग्नि सापकोटा। विभागीय हिसाबले मन्त्री नै ल्याउनुपर्ने र आउनुपर्ने भए पनि स्थानीय विकास मन्त्री वा सहायक मन्त्री आउनुपर्थ्यो तर आफ्नो जिम्मेवारीमा नै नभए पनि वन मन्त्री आए अनि मिठो भाषण गरेर फर्किए।

लगतै मेलम्ची नगरपालिकाको नगर परिषद्मा पनि सापकोटा नै प्रमुख अतिथि सापकोटा थिए। पछिल्लो एक महिनाको तथ्यांक हेर्ने हो भने २० भन्दा बढी सार्वजनिक कार्यक्रम मन्त्रीहरूको सहभागितामा सम्पन्न भएका छन्।

गृह जिल्ला सिन्धुपाल्चोककै मन्त्री भएकाले पनि वन मन्त्री सापकोटा जिल्ला र त्यसमाथि उनको निर्वाचन क्षेत्र सिन्धुपाल्चोक-२ मा हुने सामान्य कार्यक्रममा पनि आउने गर्छन्। प्राथमिक विद्यालयको वार्षिकोत्सवमा समेत सकेसम्म सापकोटा आइरहेका छन् मन्त्रीको झन्डा हल्लाएर। यस्तै, केही समयपहिले मात्रै सदरमुकाम चौतारामा नै रहेको वनदेवी माविको वार्षिकोत्सवमा सिंचाइ मन्त्री उमेश यादव सहभागी भए। विद्यालयको कार्यक्रममा सिंचाइ मन्त्री सहभागी भएपछि कार्यक्रममा आएकाहरू भन्दै थिए, 'धेरै सस्ता भएछन् हाम्रा मन्त्रीहरू।'

यस्तै थुम्पाखर गाविसको वस्नेत गाउँमा रहेको एउटा सामान्य मन्दिरको उद्घाटन गर्न स्थानीय विकास राज्य मन्त्री कुन्तीदेवी शाही आफ्ना दलबलसहित आएकी थिइन। मन्दिर उद्घाटन पछि उनी त्यस आसपासका विभिन्न स्थान घुमेर वेलुकी राजधानी फर्किएकी थिइन्। चौतारामा आयोजित अपांगता भएका व्यक्तिहरूको एउटा कार्यक्रममा उपप्रधान एवं महिला, बालबालिका तथा समाज कल्याण मन्त्री सीपी मैनाली सहभागी भए। सानो पार्टीका मन्त्री भएकाले पनि हुन सक्छ, उनको अघिपछि लाग्ने र कार्यक्रममा सहभागी हुनेहरूको संख्या पनि पातलो थियो।

(बाँकी पृष्ठ २ मा)

सस्ता भएछन्...

उनको स्वागतमा आयोजकले पन्चेवाजाको व्यवस्था गरेको रहेछ। तर पछि लान्ने सुरक्षाकर्मीवाहेक अरू कोही पनि थिएनन्।

कार्यक्रमस्थलमा पनि सरकारी कार्यालयका केही कर्मचारीवाहेक अरू सबै कुर्सी खाली थिए। यस्तो अवस्था भए पनि मन्त्री मैनाली चार घन्टा बढी कार्यक्रममा बसेर फर्केका थिए। शिक्षामन्त्री गिरिराजमणि पोखरेल पनि केही दिनअघि मेलम्चीमा भएको एमाओवादीनिकट शिक्षक संगठनको जिल्ला अधिवेशनको उद्घाटन सकेर फर्के। विभागीय मन्त्री आउंदा जिल्लाका सम्बन्धित कार्यालयका कर्मचारीलाई भने स्वागत सत्कारको चटारो हुने गरेको छ।

यस्तै, ८ माघमा पर्यटन मन्त्री आनन्द पोखरेल चौतारोको एउटा होटलको उद्घाटन गर्न आउँदै छन् भने सञ्चार मन्त्री शेखर राई बाडेगांउको एउटा कार्यक्रममा आउँदै छन्। केपी ओली प्रधानमन्त्री बनेको सय दिनको अवधिमा सिन्धुपाल्चोकमा १८ पटक विभिन्न मन्त्रालयका मन्त्री आएको जिल्ला प्रहरी कार्यालयको रेकर्डमा उल्लेख छ।

जिल्लामा मन्त्रीहरू आउने भएपछि त्यसको सुरक्षा व्यवस्था मिलाउने जिम्मा नेपाल प्रहरीलाई हुने गर्छ। भीआईपी जिल्लामा आउने भएपछि उहांहरूको 'प्रोटोकल' हेरेर स्कर्टिङ पनि गर्नुपर्छ र कार्यक्रम स्थलको पनि सुरक्षा दिनुपर्ने हुन्छ' जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका प्रहरी नायब उपरीक्षक (डीएसपी) विश्व अधिकारीले राजधानीसंग भने, 'मन्त्रीज्यूहरू आउंदा सुरक्षा व्यवस्था सबै हामीले गर्नुपर्छ।'

जिल्लामा पर्याप्त सुरक्षाकर्मी नभइरहेका बेला मन्त्रीहरू दिनहुंजसो आउंदा समस्या हुने गरेको अधिकारीले बताए। सिन्धुपाल्चोकको कार्यक्रममा आउदा मात्रै होइन, अरनिको राजमार्ग हुंदै दोलखालगायत अन्यत्र जाने भीआईपीहरूको पनि आफ्नो क्षेत्रमा सुरक्षा व्यवस्था मिलाउनुपर्ने दायित्व प्रहरीको भएको डीएसपी अधिकारीले जानकारी दिए।

इन्धनको चरम अभाव भइरहेका वेला सवारी साधन सञ्चालन गर्न थप समस्या हुने उनको भनाइ छ। जिल्लामा यसअघि पनि धुपै सार्वजनिक कार्यक्रमहरूमा मन्त्रीको सहभागिता रहने गर्दथ्यो। मन्त्री आएर विभिन्न प्रतिबद्धता व्यक्त गरे पनि उनीहरूले गरेको प्रतिबद्धता एउटा पनि पूरा भएको छैन।

मन्त्रीलगायत अन्य विशिष्ट व्यक्तिलाई कार्यक्रममा सहभागी गराउंदा केही सहयोग पाउने आशामा पनि भीआईपीहरूलाई बोलाउने प्रचलन बढेको जिल्ला विकास समितिका एक कर्मचारीले बताए।

केही वर्ष अघिसम्म मन्त्री जिल्ला आउंदा सञ्चारकर्मीलाई समेत दौडधुप हुने गर्दथ्यो तर अहिले भने को मन्त्री आउंछ जान्छ, खासै चासो नहुने गरेको सञ्चारकर्मी सरोज ढुंगाना बताउछन । 'पहिले मन्त्रीहरूको न्युज भ्याल हुन्थ्यो तर आजभोलि हुन छाड्यो, त्यसैले मन्त्री आएको कार्यक्रममा खासै रिपोर्टिंङमा गइँदैन,' ढुंगानाले भने ।

अब आन्दोलन चर्किन्छ : मोर्चा

राजधानी समाचारदाता
काठमाडौं, ६ माघ

प्रमुख तिन दलसंगको सहमति टाढिएपछि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आन्दोलन चर्काउने चेतावनी दिएको छ ।

आन्दोलन कुरु भएको पांच महिना पुगिसक्दा पनि प्रमुख तिन दल आफ्ना मागप्रति गम्भीर नभएको भन्दै मोर्चाका नेताले 'अब सरकार नै अस्तव्यस्त हुने' गरी आन्दोलन चर्काउने चेतावनी दिएका हुन् ।

'आन्दोलनको विकल्प आन्दोलन नै हो,' तराई मधेस सद्भावना पार्टीका वरिष्ठ नेता रामनरेश रायले भने, 'अबको आन्दोलन सरकारलाई नै अस्तव्यस्त पार्नेखाले हुनेछ।' आफूहरू तिन दलले भनेजस्तै महिनामित्र राजनीतिक संयन्त्रमार्फत सीमांकन टुंगो लगाउन त्यार वनी लचिलो भए पनि उनीहरूकै कारण सहमति हुन नसकेको उनले प्रस्ट पारे ।

'पछिल्लो वार्ता सकारात्मक हुँदै गएपछि तिनदलीय कार्यदल र हामीले वाहिर त्यही कुरा भन्दै आएका थियौं,' रायले भने, 'तर, तिन दलको शीर्ष तहमा पुरेपछि कुरा मिलेन, शीर्ष नेताकै कारण सहमति भांडिएको हो ।' उनले एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओली नै सहमति हुन नदिने खेलमा लागेको आरोप लगाए। 'प्रधानमन्त्रीले भोलि मधेसीले चन्द्रमामा पनि हिस्सा चाहियो भन्ताए, कसले दिने ? भन्नुभएको रहेछ,' प्रधानमन्त्रीको जवाफ फर्काउँदै रायले राजधानीसंग भने, 'चन्द्रमा नेपालमा पर्छ भने त्यहाँ पनि हामीलाई जनसंख्याको अनुपातमा हिस्सा चाहिन्छ, यो कुरा प्रधानमन्त्रीलाई सुनाइदिनुहोस् ।'

संघीय समाजवादी फोरमका प्रमुख सचेतक डा. शिवजी यादवले सम्भवतः १० माघभित्रै मोर्चा बैठक बसेर राजधानीकेन्द्रित कडा आन्दोलन गर्ने चेतावनी दिए । 'हामीले मधेसमा आन्दोलन गरिरहने उता सरकारले सिंहदरबारवाट सबै काम गरिरहने अवस्था सिर्जना भयो,' यादवले भने, 'तर अवचाहिं सिंहदरवारलाई नै प्रभाव पार्ने गरी आन्दोलन गर्नेवारे छलफल सुरु भएको छ ।'

सद्भावना पार्टी सहअध्यक्ष लक्ष्मणलाल कर्णले राजधानीमा समेत दवाव दिने गरी देशभर आन्दोलन गरिने वताए । 'जलिसेम्म हाम्रो माग सम्बोधन हुँदैन तहिलेसम्म आन्दोलन हुन्छ,' उनले भने ।

स्रोतका अनुसार मोर्चाले १५ माघपछि राजधानीकेन्द्रित आन्दोलन चर्काउने तयारी गरेको छ । यसअघि, आदिवासी जनजाति आन्दोलन उठाउन नसकिएकाले 'अवचाहिं जनजाति र मधेस आन्दोलन एकीकृत गरी राजधानीकेन्द्रित गरिने' स्रोतले जनाएको छ ।

असारभित्रै...

१ करोड ५० लाख रुपैयांमा वन्ने प्लान्टमा महानगरपालिकाले २० प्रतिशत लगानी गर्नेछ । यसमा यूरोपियन युनियनको ८० प्रतिशत लगानी रहने महानगरका कार्यकारी अधिकृत ताम्राडले जानकारी दिए ।

उत्पादित मल, ग्यांस तथा पानी स्थानीयलाई नै विक्री गर्ने योजना महानगरको छ । महानगरले यो परियोजनाअन्तर्गत 'वातावरण वचाऔं समूह' निर्माण गरी सोही समूहलाई फोहोरमैला व्यवस्थापन कार्यमा सहभागी गराउँदै आएको छ ।

आज शीर्ष...

कार्यदलस्तरीय वार्तामा नै सीमांकनको विषय तिन महिनामित्र निर्णय गर्न राजनीतिक संयन्त्र वनाउने विषयमा मधेसी मोर्चा सहमत भइसकेको छ । तर, संयन्त्रको कार्यक्षेत्रवारे सहमति जुट्न वांकी छ ।

मोर्चाले राजनीतिक संयन्त्रको कार्यदेश (टीओआर) मा 'मधेसमा दुई प्रदेश र सीमांकन हेरेपेर गरिनेछ' भन्ने वाक्यांश नै संविधानको अनुसूचीमा राख्नुपर्ने मांग अघि सारेपछि कार्यदल स्तरीय वार्ता फिल भएको थियो ।

सत्तारूढ तथा विपक्षी दलहरू भने उच्च स्तरमा वार्ता गर्न र सहमति नभए सीमांकनलगायत अन्य विषयमा पनि सकभर तत्काल र नभए अहिलेका लागि संविधान संशोधनको विधेयक पारित गरी निरन्तर वार्ता र संवादद्वारा सहमति गरी अघि वढ्ने विषयमा सहमत छन् ।

वालुवाटार वैठकपछि एमाओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठले ९ गतेसम्म प्याकेजमा सहमति गर्न गरी मोर्चासंग उच्च तहमा नै छलफल गर्न निर्णय गरेको वताए ।

'शीर्ष तहवाट प्याकेजमा नै सहमतिको प्रयास गर्नेमा हामी एकमत छौं,' उनले भने, 'यदि नभएको खण्डमा मधेसी मोर्चा, थारू, उत्पीडितवर्गलाई समेट्ने गरी कुन प्रस्ताव ठिक हुन्छ, त्यसलाई अध्ययन गरी त्यसलाई पकेर अघि वढ्ने निर्णय भएको छ ।'

१० वर्षमा...

कार्यदलहरूले दिएको प्रतिवेदनमा ऊर्जा संकटकाल नभनी निवारण दशक उल्लेख गरिएको छ । ऊर्जा मन्त्रालयका सहसचिव समीररत्न शाक्यको संयोजकत्वमा रहेको आयोजनाको वित्तीय व्यवस्थापनका लागि ऋण जारी तथा आयोजनाको प्राथमिकीकरण र लगानी व्यवस्थापनवारेको प्रतिवेदनमा १० वर्षका लागि निवारण दशक घोषणा गर्नुपर्ने उल्लेख छ । प्रतिवेदनमा १० वर्षसम्म ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राख्नुपर्ने उल्लेख छ ।

विशेष प्राथमिकतामा राख्दा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणके जस्तो जलविद्युत् आयोजना निर्माणमा ढिलाइ हुने कारणका रूपमा देखिएका सार्वजनिक खरिद ऐन, वातावरण अध्ययन, जग्गा प्राप्तिलगायतलाई छुट्टै कार्यविधि वनाई छोटो समयमा गर्ने गरी कानुनी व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

प्रतिवेदनहरूमा डलरमा विद्युत् खरिद सम्झौता (पीपीए) वारे स्पष्ट उल्लेख छैन । यसमा लागतका आधारमा सोलार र वायु ऊर्जाको विद्युत्प्रति युनिट ९ रुपैयां ६० पैसासम्म दिन सकिने प्रस्ताव गरिए पनि प्रवक्ता शर्माले भने यसवारे ठोस निर्णय नभइसकेको वताउंछन् । विगतमा ऊर्जा विकासका लागि विभिन्न योजना र कार्यक्रम सार्वजनिक भए पनि कार्यान्वयन नभएको सन्दर्भमा अहिले आएका प्रतिवेदनले यथार्थतामा आधारित भएर कार्यान्वयनमा जोड दिएको मन्त्रालयले जनाएको छ ।

'पहिलाको भन्दा फरक भनेको यथार्थतामा आधारित भएर प्रतिवेदन आएका छन्, विशेष गरी कार्यान्वयन कार्यशैली र व्यवस्थापनको पक्षलाई वढी जोड दिइएको छ,' सहसचिव शर्माले भने ।

९ चैत २०६७ मा तत्कालीन उपप्रधान एवं ऊर्जामन्त्री भरतमोहन अधिकारीले लगाएको साढे चारवर्से ऊर्जा संकटकाल कार्यान्वयनमा नआएकाले मन्त्रालय कार्यान्वयन योग्य संकटकालको पक्षमा छ । विद्यमान कानुनको अध्ययन, समस्याहरूको पहिचान र समाधान उपाय तथा २०६७ सालमा संकटकाल लगाउन तयार गरिएको विद्युत् संकट निरूपण विधेयकलाई समेत अध्ययन गरेर कार्यदलहरूले प्रतिवेदन तयार गरेका छन् ।

प्रतिवेदनमा निजी क्षेत्रका प्रवर्द्धकहरूलाई सहलियत दिने, लगानीयोग्य वातावरण वनाउने, बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनाको मोडालिटी तुरून्तै चयन गरेर अघि वढाउने, नलसिंहगाड जलाशयको निर्माण द्रुतगतिमा लैजाने, मिश्रित ऊर्जाका लागि सोलार र वायु ऊर्जांमा अघि वढ्ने, समन्वयका लागि छुट्टै अधिकार सम्पन्न संयन्त्र वनाउनुपर्नेलगायत उल्लेख छ ।

'प्रतिवेदनमा निवारण दशक घोषणाका लागि योजना र कार्यक्रम कार्यान्वयनदेखि नीति, कानुन सुधारसम्मका विषयक उल्लेख छन्,' ऊर्जा मन्त्रालयका सहप्रवक्ता गोकर्णराज पन्थले भने । ऊर्जा मन्त्रालयले प्रवक्ता शर्मालाई विद्युत् व्यापार तथा ग्रिड सोलारको विद्युत् खरिद सम्झौता (पीपीए) का सावै शाक्यलाई आयोजनाको वित्तीय व्यवस्थापनका लागि ऋण जारी तथा आयोजनाको प्राथमिकीकरण र लगानी व्यवस्थापनवारे राय दिन जिम्मेवारी तोकेको थियो ।

त्यसैगरी, संस्थागत संरचनावारे विद्युत् विकास विभागका महानिर्देशक घिमिरे तथा वन, जग्गा प्राप्ति, स्थानीय सरोकार लगायतवारे विभागकै उपमहानिर्देशक नवीनराज सिंहलाई राय दिन जिम्मेवारी तोकिएको थियो ।

यस्तै, वितरण व्यवस्थापन सुधारका लागि विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक रामचन्द्र पाण्डे र खरिद व्यवस्थाका लागि राय दिन अर्का उपकार्यकारी निर्देशक सुरेन्द्रराज राजभण्डारीलाई जिम्मेवारी दिइएको थियो ।

नाम परिवर्तन भएको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता कायम रहेको हेनन्त इण्डष्ट्रिज प्रा.लि.कम्पनीको मिति २०७२/०८/२० मा बसेको विशेष साधारण सभाको निर्णय बमोजीम कम्पनीको नामना रहेको सम्पुर्ण सम्पत्ति, ऋण तथा अन्य दायित्व समेत बेचीर्ने गरी सावित नाम परिवर्तन गरी शालिमार ग्रुप प्रा.लि.कायम गर्ने गरिएको निर्णयलाई श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७२/०९/०२ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावक
शालिमार ग्रुप प्रा.लि
वीरगञ्ज, पर्सा

हार्दिक शुभकामना

कृषि विकास बैंक लिमिटेड ४८
वर्ष पूरा गरी ४९औं वर्षमा
प्रवेश गरेको सुखद अवसरमा
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

राजधानी न्यूज पब्लिकेशन प्रा.लि
कुपण्डोल, ललितपुर, फोन नं. : ५५४६३००

कम्पनीको नाम परिवर्तन भएको सूचना

यस कम्पनीको मिति २०७२।८।२८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७२।९।६ को निर्णयबाट हिल स्ट रिसर्ट प्रा.लि' को नाम परिवर्तन गरी 'कोलिना हिलिङ्ग इन प्रा.लि. ग १३१८८१' कायम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कोलिना हीलिङ्ग इन
बुढानिलकण्ठ-६ काठमाडौं

भूमी सुधार कार्यालय, मोरङको सूचना

जिल्ला मोरङ उर्लाबारी नगरपालिका वार्ड नं. २ बस्ने मोहन सिंहको छोरा तारामान सिंहि निम्नुको मेरा नामका दर्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको मोही श्रवणा नसीमाका उल्लेखित व्यक्ति मोही भाइबोन निजले आजसम्म ही वर्ष अगाडिसि जग्गा जोत्न छाडेको, निज र निजका हकदार समेत सो स्थानमा कोही नभएकाले म जग्गाकी आफैले जोतभोग गरिराखेको भूमी सुधार ऐन २०२१ को दफा २६ (१) को बमुह (ख) बमोजीम जोत छाडेको वेपत्ते मोहीको नगत कट्टा गरि पाऊँ भन्ने मिति २०७२/१०/३ गतेको माग दावी हुँदा मोही तथा मोहीका हकदारको हक दावीका लागि २० दिने सर्वसाविक सूचना प्रकाशित गरिएको छ । सूचना हेरि मोहा मितिले काठमोडा स्थार वाहेक लोकिएको भयाभैन, मोही नगत कट्टा हुनु भन्ने भएमा मोही भएको म-प्रमाण आफै वा ऐनले तोके बमोजीम वारिस सुकार गरि निखिक्त स्थमा दावी गर्न कार्यालयमा उपस्थित हुनुहोला । स्थार दिव उपस्थित नभई प्रतिवाद नगरेका कानुन बमोजीम जोत छाडेको मोहीको नगत कट्टा भई जाने व्यहोरा जानकारी गराइन्छ । स्थार नाथि नाएमा तपाईको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

क्रि.नं.	ज.ध.को नाम	गा.वि.स.	वार्ड नं.	कि. नं.	क्षेत्रफल	मोहीको नाम ठेगाना
१	तारामान सिंहि सिन्नु	मधुमल्ला	९। ८	१९५८	०-१७-१०	सिर बहादुर ठकुरी

वनपैदावार लिलाम बिक्रीको सूचना

यस समूहले स्थिकत वन कार्यसंचालनको अंतिमका रही उत्पादन गरेको काठदाउरा काठे निपमकुरा वानलिक कुरान गरि जिल्ला वन वैदावार आपुर्ति समितिलाई २४/४० काठ छुट्याइ समूहको चारतारीमा वांकी रहेको नटरनम्बर १ को साल जात गो.वान ५६ को ८०१.२२ क्यूबिक काठ जेजस्तो अवस्थामा छ मोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि लिलाम बिक्रीको लागी मिति २०७२/१०/७ गतेदेखि लागू हुनेगरी २१ दिनभित्र काठ व्यवसायी वा कम्पनी । म्याटमा दर्ता रहेको लाई जिल्ला वन, कोलेनीका तथा जिल्ला प्रशासन कार्यालयमासमेत बोलपत्र खरिद एवम राखिएमा गर्न पाउने गरी लिलवन्दी बोलपत्र आह्वान गरी सूचना प्रकाशित गरिएको छ । थप जानकारिका लागी समूहको कार्यालयमा सम्पर्क राख्नुहोला ।

बाघेश्वर सामुदायिक वन उपभोक्ता समुह, विद्यान-७ र ८ मकवानपुर

नीलकण्ठ नगरपालिका कार्यालय, धादिङको
विज्ञापन कर संकलन गर्न सम्बन्धी जरूरी सूचना

चालू आ.व.मा यस नगरपालिका क्षेत्रभित्र रहेका व्यवसायिक प्रकृतिका साइन बोर्ड, होर्डिङ बोर्ड, भ्यानर लगायतका विज्ञापन सामाग्री राखेवापत विज्ञापन कर संकलन गर्न संस्थागत सेवा करारमा गर्नुपर्ने भएकोले चालू आर्थिक वर्षका लागि एकमुष्ठरुपमा के कति रकम नगरपालिकामा बुझाई उक्त कार्य गर्न सकिन्छ ? इच्छुक फर्म, संस्था वा कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्रमा सिलबन्दी प्रस्ताव आह्वान गरिन्छ । विस्तृत जानकारीका लागि ०१०५२०५६८/५९ मा सम्पर्क राख्नुहन समेत अनुरोध छ ।

साउदी अरेबीयामा रोजगार

1. Company : CONSTRUCTION INDUSTRY GENERAL CONTRACTING EST. सहर : KSA
पूर्व स्वीकृती मिति : २०७२/१०/०६ चलानी नं. : ८०४७ LT. No.: 149888

क्रि. नं.	कामदारको पद	माग संख्या पुरुष	मासिक तलब SR	मासिक तलब नेपाली रु.	खाना	लुगा धोपा	यातायात	औजार उपकरण सुविधा	प्रशिक्षण काम गर्ने सक्ने	हप्ताका काम गर्ने घण्टा	बार्षिक बिदा	खाने खर्च	बस्ने खर्च	कुल खर्च
1	Labour	05	800	22,400	नेपालबाट व्यवस्था गरिने	नेपालबाट व्यवस्था गरिने	छ	छ	छ	८ घण्टा	६ दिन	नेपालबाट व्यवस्था गरिने	छैन	छ

भिसाको लागि दि सौदिका सौदिका कुन देशमा गरि भिसा आवश्यक पर्ने | भिसा लाग्ने खर्च | टेलेक्स खर्च दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | विमा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क
कामदार आई | दिने | कामदार आई | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | १००००

विशेषमा रोजगार विवरणमा गराईएको जानकारी : १. आफ्नो नागरिक निम्ता प्राप्त भईसके निर्दिएर आएपछि माथ कम्पनीसँ गई गलत कुरागुरु होला । कुनैलाई गलतको सौदामा अौजार अौजारले निर्दाइएला । २. आफु काम गर्न जाने कुरामा गोरो गोरोसँ कुरोसँ गोरोसँ । ३. गोरो सम्बन्धित व्यवसायको लाइसेन्स । ४. गोरो सम्बन्धित व्यवसायको लाइसेन्स । ५. यस विज्ञापन अगाडि नेपालमा कुनै पनि अौजारले निर्दाइएला । ६. विदेश जाने अघि अौजारको राम्रो सिकाई गरेर जानुपर्छ । ७. विदेश जाने अघि अौजारको राम्रो सिकाई गरेर जानुपर्छ । ८. कामको विदेश जाँदा नेपालकै राम्रोसँ राम्रोसँ प्रयोग गर्नुपर्छ । ९. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरु थाहा पाउन नेपाल प्रवाह विभाग, सोधपुछमा सम्पर्क राख्नुहोला ।

वर्ल्ड फेभर ओभरसिज प्रा.लि. Lic. No. : 347/059/060
बसुधरा, काठमाडौं फोन : 4362800, 4385123 , 4362801
सम्पर्क : 9851128259, 9852033230, 9851048967, 9851032959
शाखा कार्यालय : चितवन भरतपुर फोन : 056-525918, सम्पर्क : 9855053915

साउदी अरेबियामा रोजगार

१ कम्पनी : EARTH WORKS FOUNDATION CONT. EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०४ चलानी नं. : ७८२२ LT. No. 149562

क्रि. नं.	कामदारको पद	माग संख्या पुरुष	मासिक तलब SR	मासिक तलब नेपाली रु.	खाना	लुगा धोपा	यातायात	औजार उपकरण सुविधा	प्रशिक्षण काम गर्ने सक्ने	हप्ताका काम गर्ने घण्टा	बार्षिक बिदा	खाने खर्च	बस्ने खर्च	कुल खर्च
1	Trailer Driver	01	1800	50,400	नेपालबाट व्यवस्था गरिने	कम्पनीबाट व्यवस्था गरिने	छ	छ	छ	८ घण्टा	६ दिन	नेपालबाट व्यवस्था गरिने	छैन	छ

२ कम्पनी : BASEELAH MECHANICAL WORKS CO. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०४ चलानी नं. : ७८२० LT. No. 149561

क्रि. नं.	कामदारको पद	माग संख्या पुरुष	मासिक तलब SR	मासिक तलब नेपाली रु.	खाना	लुगा धोपा	यातायात	औजार उपकरण सुविधा	प्रशिक्षण काम गर्ने सक्ने	हप्ताका काम गर्ने घण्टा	बार्षिक बिदा	खाने खर्च	बस्ने खर्च	कुल खर्च
1	Trailer Driver	02	1800	50,400	नेपालबाट व्यवस्था गरिने	कम्पनीबाट व्यवस्था गरिने	छ	छ	छ	८ घण्टा	६ दिन	नेपालबाट व्यवस्था गरिने	छैन	छ

भिसाको लागि दि सौदिका सौदिका कुन देशमा गरि भिसा आवश्यक पर्ने | भिसा लाग्ने खर्च | टेलेक्स खर्च दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | विमा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क
कामदार आई | दिने | कामदार आई | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | १००००

विशेषमा रोजगार विवरणमा गराईएको जानकारी : १. आफ्नो नागरिक निम्ता प्राप्त भईसके निर्दिएर आएपछि माथ कम्पनीसँ गई गलत कुरागुरु होला । कुनैलाई गलतको सौदामा अौजार अौजारले निर्दाइएला । २. आफु काम गर्न जाने कुरामा गोरो गोरोसँ कुरोसँ गोरोसँ । ३. गोरो सम्बन्धित व्यवसायको लाइसेन्स । ४. गोरो सम्बन्धित व्यवसायको लाइसेन्स । ५. यस विज्ञापन अगाडि नेपालमा कुनै पनि अौजारले निर्दाइएला । ६. विदेश जाने अघि अौजारको राम्रो सिकाई गरेर जानुपर्छ । ७. विदेश जाने अघि अौजारको राम्रो सिकाई गरेर जानुपर्छ । ८. कामको विदेश जाँदा नेपालकै राम्रोसँ राम्रोसँ प्रयोग गर्नुपर्छ । ९. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरु थाहा पाउन नेपाल प्रवाह विभाग, सोधपुछमा सम्पर्क राख्नुहोला ।

रकि इन्टरनेशनल प्रा. लि. (श्रम इजाजत नं. ४८१८/२०६९)
पो.ब.नं.२४४८, कलंकी-१३, काठमाडौं, नेपाल, फोन: ०१-४०३२८२९, ४०३२८७१
९८१३५४४०१२ फ्याक्स: ४५८२९९, Email : rakiint@yahoo.com/ Website : www.rakiint.com.np

साउदी अरेबीयामा रोजगार

1 Company : AL-SOWYAN CO LTD
पूर्व स्वीकृती मिति : २०७२/१०/०४ चलानी नं. : ७८२४ LT. No.: 149086 कुल लागत : १०००

क्रि. नं.	कामदारको पद	माग संख्या पुरुष	मासिक तलब SR	मासिक तलब नेपाली रु.	खाना	लुगा धोपा	यातायात	औजार उपकरण सुविधा	प्रशिक्षण काम गर्ने सक्ने	हप्ताका काम गर्ने घण्टा	बार्षिक बिदा	खाने खर्च	बस्ने खर्च	कुल खर्च
1	Farmer	08	1000	28,000	नेपालबाट व्यवस्था गरिने	कम्पनीबाट व्यवस्था गरिने	छ	छ	छ	८ घण्टा	६ दिन	छ	छ	छ

2 Company : KHELAIFEKH FOR RENTS HEAVY EQUIPMENTS RENTS HEAVY & LIGHT EQUIPMENTS
पूर्व स्वीकृती मिति : २०७२/१०/०४ चलानी नं. : ७९०७ LT. No.: 142288 कुल लागत : १०००

क्रि. नं.	कामदारको पद	माग संख्या पुरुष	मासिक तलब SR	मासिक तलब नेपाली रु.	खाना	लुगा धोपा	यातायात	औजार उपकरण सुविधा	प्रशिक्षण काम गर्ने सक्ने	हप्ताका काम गर्ने घण्टा	बार्षिक बिदा	खाने खर्च	बस्ने खर्च	कुल खर्च
1	HEAVY VEHICLE DRIVER	01	2000	56,000	नेपालबाट व्यवस्था गरिने	कम्पनीबाट व्यवस्था गरिने	छ	छ	छ	८ घण्टा	६ दिन	छ	छ	छ

भिसाको लागि दि सौदिका सौदिका कुन देशमा गरि भिसा आवश्यक पर्ने | भिसा लाग्ने खर्च | टेलेक्स खर्च दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | विमा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क
कामदार आई | दिने | कामदार आई | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | १००००

विशेषमा रोजगार विवरणमा गराईएको जानकारी : १. आफ्नो नागरिक निम्ता प्राप्त भईसके निर्दिएर आएपछि माथ कम्पनीसँ गई गलत कुरागुरु होला । कुनैलाई गलतको सौदामा अौजार अौजारले निर्दाइएला । २. आफु काम गर्न जाने कुरामा गोरो गोरोसँ कुरोसँ गोरोसँ । ३. गोरो सम्बन्धित व्यवसायको लाइसेन्स । ४. गोरो सम्बन्धित व्यवसायको लाइसेन्स । ५. यस विज्ञापन अगाडि नेपालमा कुनै पनि अौजारले निर्दाइएला । ६. विदेश जाने अघि अौजारको राम्रो सिकाई गरेर जानुपर्छ । ७. विदेश जाने अघि अौजारको राम्रो सिकाई गरेर जानुपर्छ । ८. कामको विदेश जाँदा नेपालकै राम्रोसँ राम्रोसँ प्रयोग गर्नुपर्छ । ९. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरु थाहा पाउन नेपाल प्रवाह विभाग, सोधपुछमा सम्पर्क राख्नुहोला ।

DYNAMIC GLOBAL H.R. PVT. LTD.
Job Center Pvt. Ltd. (श्रम इजाजत नं. ७३५/०६९/०६५)
PO Box No 6322 Dhapasi-9 Basundhara, Katmandu, Nepal , Ph 014352329, 4355271, Fax 01 4363602, Mob No.: 9849590512, 9813781116, 9813182721, 9841297214, 9841550607,
E-Mail:-hr.dynamicglobal@gmail.com,document.dynamicghr@gmail.com
Website:- www.dynamicglobalhr.com

मलेशियामा रोजगार फ्री भिषा फ्रि. टिकेट

1. PRENT (MALAYSIA) SDN.BHD. Johor
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ चलानी नं. : 7886 LT. No. 149930

क्रि. नं.	कामदारको पद	माग संख्या पुरुष	मासिक तलब RM	मासिक तलब नेपाली रु.	खाना	लुगा धोपा	यातायात	औजार उपकरण सुविधा	प्रशिक्षण काम गर्ने सक्ने	हप्ताका काम गर्ने घण्टा	बार्षिक बिदा	खाने खर्च	बस्ने खर्च	कुल खर्च
1	Factory Worker	09	900	22,500	नेपालबाट व्यवस्था गरिने	कम्पनीबाट व्यवस्था गरिने	छैन	छ	छ	८ घण्टा	६ दिन	नेपालबाट व्यवस्था गरिने	छैन	छ

भिसाको लागि दि सौदिका सौदिका कुन देशमा गरि भिसा आवश्यक पर्ने | भिसा लाग्ने खर्च | टेलेक्स खर्च दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | विमा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क
कामदार आई | दिने | कामदार आई | हुने रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | १००००

2. AVERY DENNISON MATERIALS SDN.BHD., Bandar
पूर्व स्वीकृत मिति : २०७२/१०/०६ चलानी नं. : 7995 LT. No. 149928

क्रि. नं.	कामदारको पद	माग संख्या पुरुष	मासिक तलब RM	मासिक तलब नेपाली रु.	खाना	लुगा धोपा	यातायात	औजार उपकरण सुविधा	प्रशिक्षण काम गर्ने सक्ने	हप्ताका काम गर्ने घण्टा	बार्षिक बिदा	खाने खर्च	बस्ने खर्च	कुल खर्च
1	Factory Worker	46	900	22,500	नेपालबाट व्यवस्था गरिने	कम्पनीबाट व्यवस्था गरिने	छैन	छ	छ	८ घण्टा	६ दिन	नेपालबाट व्यवस्था गरिने	छैन	छ

- छनौट भई भिषा प्राप्त भइसकेका व्यक्तिहरु रोजगारमा जान नचाहेमा भिषा थापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

विशेषमा रोजगार विवरणमा गराईएको जानकारी : १. आफ्नो नागरिक निम्ता प्राप्त भईसके निर्दिएर आएपछि माथ कम्पनीसँ गई गलत कुरागुरु होला । कुनैलाई गलतको सौदामा अौजार अौजारले निर्दाइएला । २. आफु काम गर्न जाने कुरामा गोरो गोरोसँ कुरोसँ गोरोसँ । ३. गोरो सम्बन्धित व्यवसायको लाइसेन्स । ४. गोरो सम्बन्धित व्यवसायको लाइसेन्स । ५. यस विज्ञापन अगाडि नेपालमा कुनै पनि अौजारले निर्दाइएला । ६. विदेश जाने अघि अौजारको राम्रो सिकाई गरेर जानुपर्छ । ७. विदेश जाने अघि अौजारको राम्रो सिकाई गरेर जानुपर्छ । ८. कामको विदेश जाँदा नेपालकै राम्रोसँ राम्रोसँ प्रयोग गर्नुपर्छ । ९. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरु थाहा पाउन नेपाल प्रवाह विभाग, सोधपुछमा सम्पर्क राख्नुहोला ।

आकर्षण इन्टरनेशनल प्रा. लि. (श्रम इजाजत नं. ९८१०५/२६३)
quality.trust.relation
जि.पि.ओ बक्स : २५१८४, आकर्षण भवन (एयरपोर्ट नजिक), काठमाडौं नेपाल
फोन : ०१-४४९८७०१ (Hunting line)
मोबाईल : ९८०१५२२२३९, ९८०१५२२२३८, ९८०१५२२३०७
E-mail : amanpower@wlink.com.np | Web : amanpower.com.np
BMTRADA Certificate No. 7924

छोटकरी

करेन्ट लागेर दुई बालकको मृत्यु

गुल्मी/रास– जिल्लाको हाडहाडे गाविसमा करेन्ट लागेर दुई बालकको ज्यान गएको छ। हाडहाडे-९ निवासी नरेन्द्र पुनका दुई छोराको घरमै करेन्ट लागेर ज्यान गएको प्रहरीले जनाएको छ। करेन्ट लागेर ज्यान जानेमा नरेन्द्र पुनका दुई छोरा सात वर्षीय आशिष पुन र पाँचवर्षीय मनिष पुन रहेका छन्। इलाका प्रहरी कार्यालय पुर्कोट दहका प्रहरी निरीक्षक जुगेश्वर राउतको नेतृत्वमा गएको टोलीले घटनास्थलको अवलोकन गर्दा शंकास्पद भएकाले मृतक बालकको सौतेनी आमा शान्ता पुनलाई नियन्त्रणमा लिएर छानविनसमेत सुरु गरेको छ।

प्राध्यापक श्रेष्ठको निधन

ललितपुर/रास– लामो समय अध्यापनमा संलग्न प्राध्यापक कृष्णबहादुर श्रेष्ठको ९१ वर्षको उमेरमा निधन भएको छ। ललितपुर उपमहानगरपालिका सुन्धारा निवासी कृष्णबहादुर श्रेष्ठले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म अध्यापन गरेका थिए। उनी लामो समयसम्म पाटन क्याम्पसको नेपाल भाषा विभागीय प्रमुखसमेत भएर काम गरेका थिए भने वाचवादन, गायन, सामाजिक र राजनीतिक क्षेत्रमा समेत क्रियाशील थिए। पटना विश्वविद्यालयबाट स्नातक श्रेष्ठ चापागाउँस्थित जनभावना क्याम्पसका मानार्थ क्याम्पस प्रमुख एवं सञ्चालक सदस्य डा. मनमोहन श्रेष्ठका पिता हुन्।

हत्या आरोपमा पक्राउ

सुनसरी/रास– करिब दुई साताअघि सुनसरीको इटहरी उपमहानगरपालिका-२ स्थित शान्तिनगर सामुदायिक वनमा महिलाको हत्या गरी फर्याँकेको अभियोगमा नेपाली सेनाका जवानलाई प्रहरीले पकाउ गरेको छ। भोजपुर जयोटार-३ की ४१ वर्षीया शान्तिमाया राईलाई गत १९ पुसमा हत्या गरेको आरोपमा चम्पे-८ का पदमबहादुर शाहीलाई प्रहरीले पकाउ गरी नेपाली सेनाको पूर्वी पूतना मुख्यालय इटहरीलाई बुधवार बुझाएको हो।

अभियुक्त शाहीले राईलाइ १८ पुसमा भेडेटारमा बोलाएका थिए। एक रातसँगै बसेपछि १९ पुसमा उनीहरूबिच भनाभन भएपछि सैनिक जवान शाहीले महिलालाई गह्रौं वस्तु प्रहार गरी हत्या गरेको स्विकारेको इलाका प्रहरी कार्यालय इटहरीका डीएसपी ओम अधिकारीले जानकारी दिए।

बालक हत्याका अभियुक्त सार्वजनिक

महोत्तरी/रास– बालक अपहरण तथा हत्यामा संलग्न आरोपमा प्रहरीले चारजना।लाई सार्वजनिक गरेको छ। घटनामा संलग्न आरोपमा प्रहरीले जलेश्वर नगरपालिका-१ का २७ वर्षीय पप्पुकुमार यादव, बडा नम्बर ६ का २१ वर्षीय गोविन्दकुमार मिश्रा, जलेश्वर नगरपालिका-१२ मलिवाराका २७ वर्षीय सरोज पाण्डे र सञ्जीव मिश्रसहित चारजनालाई जिल्ला प्रहरी कार्यालय महोत्तरीले पत्रकार सम्मेलन गरी बुधवार सार्वजनिक गरेको छ।

प्रहरीका अनुसार पकाउ परेका चारैजनाले घटनामा संलग्नता स्विकारेका छन्। पैसाका लागि बालक अपहरण गरेको उनीहरूले प्रहरीमा बयान दिएका छन्। उनीहरूमाथि कर्तव्य ज्यानअर्न्तगत मुद्दा चलाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक जनक भट्टराईले बताए। मलिवाडास्थित बस स्ट्यान्डमा खेल्न गएका बेला गत ३० पुस राति जलेश्वर नगरपालिका-१२ मलिवाडाका ११ वर्षीय निश्चल पाण्डे (बिबट) को अपहरणपछि हत्या भएको थियो।

८४ गाविसको गाउँ परिषद् भएन

रौतहट/रास– तेराई मधेस आन्दोलनका कारण रौतहटको एक नगरपालिकासहित सबै गाविसको गाउँ परिषद् हुन सकेको छैन।

पाँच महिनादेखि हँदै जारी मधेस आन्दोलनले जिल्लाको गरुडा नगरपालिकासहित ८४ गाविसको परिषद् हुन नसकेको हो। जिल्लाका अधिकांश गाविस सचिवहरू गाविस कार्यालयमा नबस्ने र मधेस आन्दोलनका नाउँमा सचिवहरू गाविस नजाँदा परिषद् हुन नसकेको पाइएको छ। हरेक पुस मसान्तभित्र देशभरिका नगरपालिका र गाविसहरूले परिषद् सम्पन्न गर्नुपर्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्रावधान भएको भए तापनि जारी मधेस आन्दोलनले रौतहटलगायत प्रदेश नम्बर २ का अधिकांश गाविसहरूको परिषद् हुन सकेको छैन।

पुस मसान्तसम्म गाविस परिषद् तथा नगर परिषद् सम्पन्न नगरे एमपी सी एम अनुसीर्ण भई अनुदान घट्ने प्रावधान छ।

देशभरका उच्च पहाडी भेगमा हिमपात

राजधानी जिल्ला ब्युरो
ललितपुर, ६ माघ

अरब सागरबाट आएको बायु स्थानीय बायुसँग मिसिंदा उत्पन्न मौसमी प्रकियाले नेपालको उच्च पहाडी र हिमाली क्षेत्रमा वर्षा र हिमपात भएको छ।

मंगलबार साँझदेखि देशभरका उच्च हिमाली र पहाडी भेगमा परेको पानी र हिमपातले जनजीवन कष्टकर बनेको छ।

सल्यानस्थित राजधानी संबाददाता पद्युम्न उपाध्यायका अनुसार बुधवार विहानदेखि सल्यानका उच्च पहाडी भागमा वर्षा र हिमपात भएको छ।

सल्यानको ठुला लेक कुमाख, पाथीभरा, खामेलेख, निगाल्चुला, झिम्पेको खर्सुवास लेक, दमाचौरको माथिल्लो भेगमा हिउँले छपक्क ढाकेको छ। यसैगरी, दमाचौरको बुरासे चामिलेक कोटमौलाको सन्देश बजार पातिहाल्ना बरपर हिउँले सेतामे भएको छ। यो क्षेत्र आलु र स्याउको पकेट क्षेत्र मानिन्छ। विगतका बर्षदेखि हिउं यो क्षेत्रमा नपरेको र केही महिनादेखि पानी नपरेपछि किसानहरू चिन्तित भएका थिए। हिमपातका कारण जनजीवन कष्टकर बन्दै गए पनि किसानहरू बाली सप्रिने भयो भन्दै खुसी भएका छन्।

उता, रोल्पाको उच्च भेगमा पनि वर्षा र हिमपात भएको जनाइएको छ। यस्तैबिच, रसुवास्थित राजधानी संबाददाताका अनुसार जिल्लाको उत्तरी भेगका उच्च भेगमा वर्षासँगै हिमपात भएको छ। जिल्लाको लाडटाड, थुम्मन, बृद्धिम, टिम्मुरे स्याफ्रुलगायतका गाविसमा मंगलवार साँझदेखि नै वर्षा र हिमपात भइरहेको छ।

वर्षा र हिमपातले भूकम्पपीडितलाई समस्या भएको छ।

यस्तै, मुगुस्थित राजधानी संबाददाता विमल हमालका अनुसार गत भदौपछि कर्णाली क्षेत्रमा पहिलो पटक वर्षा र हिमपात भएको छ।

लामो खडेरीवाट आक्रान्त भएको मुगुसहित कर्णालीका जिल्लामा मंगलबार साँझ ६ बजेबाट लगातार बुधवार दिनभर वर्षा र हिउं परेपछि चिसोका बावजुद पनि किसानहरू खुसी भएका छन्।

मुगुको सदरमुकाम गमगढीमा एक फिट हिउं जमेको छ भने जिल्लाको उच्च भेगका करान, दोल्फु, मुगु र छायानाथ क्षेत्रमा २ फिटभन्दा बढी हिउं जमेको स्थानीयबासीले बताएका छन्। सदरमुकाम गमगढीका पांच गाविस श्रीनगर, कार्की वाडा, रोवा, पिना र रारामा एक फिटसम्म हिउं जमेको छ।

ठोरी नाका अवैध व्यापार थलो

राधेश्याम खतिवडा/राजधानी
चितवन, ६ माघ

नेपाल र भारतको सिमामा रहेको ठोरी नाका अहिले अवैध व्यापार गर्ने थलो बनेको छ। ठोरी नाकाबाट इन्धन ल्याई अवैध मूल्य निर्धारण गरेर कारोबार गर्नेको संख्या बढ्दै गएको छ। ठोरी हुँदै नेपाल भित्रिएको इन्धन चितवनबाट संगठित रूपमा अन्य जिल्लामा लैजाने गरिएको छ। इन्धन अभावको कारण देखाउँदै प्रशासनले ठोरीबाट भित्रिएको इन्धनका बारेमा खासै चासो दिएको पाइएको छैन। चितवनदेखि ठोरीसम्मको बाटोमा निकुञ्ज सुरक्षाका लागि बसेको सैनिक पोस्टको अभिलेखलाई आधार मन्दा दैनिक ४ सयभन्दा बढी सवारीसाधनले तेल ओसार्ने गरेको देखिन्छ।

चितवन जिल्लाको भरतपुरबाट जगतपुर, माडी हुँदै चितवन राष्ट्रिय निकुञ्जको दुई चरणमा पार गरेपछि ठोरी पुगिन्छ। निकुञ्जभित्रको कच्ची सडक मार्गमा निकुञ्ज सुरक्षाका लागि बसेका चारओटा पोस्ट पार गरेपछि मात्र ठोरी पुगिन्छ। देशका अन्य नाका बन्द भए पनि पहाडी समुदायको धेरै बसोबास भएकाले तराई आन्दोलनले यो ठोरी नाकालाई केही असर पारेको छैन। अन्य नाका सहज हुंदा चहलपहल नहुने ठोरी नाका अहिले व्यस्त व्यापारिक थलो बनेको देखिन्छ। इन्धनमा कालोबजारी गर्दै अवैध आम्दानी गर्ने उद्देश्यले ठोरी नाकालाई प्रयोग गर्नेहरू बढिरहेका छन्। पछिल्लो समयमा ठोरी नाकाबाट दैनिक १ लाखदेखि २ लाख लिटरसम्म इन्धन नेपाल भित्रिरहेको छ।

ठोरी नाकाबाट व्यापारी र गाडी धनीहरूले यात्रुवाहक बस र मोटरसाइकलमा राखेर ल्याइएको पेट्रोल र डिजेल चितवनको माडी, नारायणगढ, कास्की, गोर्खा, तनहुँ र काठमाडौंसम्म ओसार्दै आएका छन्। ठोरीमा इलाका प्रहरी कार्यालय र सशस्त्र प्रहरी बेस क्याम्प छ। तर, दैनिक १ लाखभन्दा बढी लिटर डिजेल र पेट्रोल ठोरीबाट नेपाल भित्रिरहे पनि त्यहां रहेको नेपाल प्रहरी र सशस्त्र प्रहरी भने मौन रहन्छ। सीमापारि पेट्रोलको भारु ६५ पर्छ। ठोरीमा भारतीय व्यापारीबाट नेपालीहरूले डिजेल प्रतिलिटर १ सय २० देखि ४० र पेट्रोल १ सय ६० देखि २ सय रुपैयांसम्ममा खरिद गर्ने गरेका छन्। कतिपय ठुला व्यापारीहरूले पम्पसँगै सम्पर्क गरी सीमासम्म तेल मगाउने गरे पनि अधिकांशले ठोरीका स्थानीयसँग खरिद गर्दै आएका छन्। नाकाबाट सीमापारि भारतीय नम्बर प्लेटका सवारी मात्र जाने भएकाले उतैबाट सयौं सवारीले नेपाली क्षेत्रमा इन्धन ओसारिरहेका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक बसन्तबहादुर कुंवरले ठोरी नाकाबाट आएको इन्धनले नारायणी, धौलागिरि, गण्डकी र बाग्मती अञ्चलका विभिन्न जिल्लाको अत्यावश्यक सेवा धानेको बताए। ठोरी नाकाबाट दैनिक रूपमा १ देखि डेढ लाख लिटरसम्म इन्धन माडीको बाटोबाट भित्रिने गरेको बताए। ठोरी नाकाबाट आएको इन्धनका विषयमा विभिन्न क्षेत्रमा पर्ने इलाका प्रहरीमार्फत अनुगमन गर्ने काम भइरहेको उनले बताए। यसरी, खरिद गरिएको इन्धन अधिकांशले आफ्नो प्रयोगका लागि खपत गर्ने गरेको बताउँदै उनले कालोबजारी गरेको थाहा भएमा कारवाही गर्दै आएको बताए। सो बाटो हुँदै आउने तेल रोक्ने विषयमा छलफल गरिएको भए पनि अत्यावश्यक क्षेत्रसमेत सञ्चालनका लागि कठिनाइ हुने भन्दै स्थानीयको दवाब बढेपछि प्रहरी प्रशासनले त्यसरी भित्रिएको इन्धनलाई अभाव टार्न भन्दै छाडेको उनी बताउँछन्। नारायणगढदेखि ठोरीसम्म करिव ७२ किमी दुरी छ।

६० बालबालिका र महिला बेपत्ता

शिवलाल सुबेदी/राजधानी
गुल्मी, ६ माघ

जिल्लामा साउनयता ६० भन्दा बढी महिला तथा बालबालिका हराएको पाइएको छ।

जिल्ला प्रहरी कार्यालय गुल्मीको तथ्यांकअनुसार गत साउन महिनायता ६२ जना महिला तथा बालबालिका हराएका छन्। हराउने ६२ जनामध्ये १८ जना फेला परेका छन् भने बाँकीको अवस्था अहिलेसम्म अज्ञात भएको जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेलले जानकारी दिएको छ। साउन महिनादेखि हालसम्म ५० जना महिला हराएको निवेदन जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका छन्। आठ बालक र चार बालिका गरी १२ बालबालिका हराएका छन्। हराउने ५० महिलामध्ये १५ महिलापछि प्रहरी तथा परिवारको सम्पर्कमा आए भने तीन बालक र एक बालिका फेला परेका छन्। पछिल्लो समय जिल्लामा हराउने बालबालिकाको संख्या बढ्न थालेको प्रहरीले जनाएको छ।

अभिभावकै लाहपरवाहीका कारण कतिपय बालबालिका हराउने गरेको समेत प्रहरी सहायक निरीक्षक सत्यनारायण यादवले जानकारी दिए। उनका अनुसार १ माघमा जिल्ला प्रहरी कार्यालयले बाबुआमाको लापरवाहीका कारण अलपत्र परेका दई बालकलाई अभिभावकको जिम्मा लगाएको थियो। १० वर्षीय आशिष र आठ वर्षीय कपिल नाम बताउने बालकलाई परिवारको जिम्मा लगाइएको प्रहरी कार्यालय गुल्मीले जनाएको छ।

जिल्लाको पौदी अमराई मावली तथा छल्दी घर बताउने उनीहरू मावली हजुरबुवा कविराम परियारसँग भारतबाट तीन दिनअघि गुल्मी आएका थिए। हजुरबुवासँग सदरमुकामकै एक होटलमा रहेका उनीहरू फर्किएर उर्लेनि पुगेको अवस्थामा प्रहरीले भेट्टाएको थियो। बालकका बाबुआमा भारतमा मजदुरी गर्छन्।

एकै दिन दोहोरो कार्यक्रम

उच्च सुरक्षा सतर्कता

सुदीप कोइराला/राजधानी
मोरङ, ६ माघ

मोरङको पुरानो सदरमुकाम रंगेलीमा युवा संघ नेपालले तय गरेको बृहत् जनसभालाई लक्ष्य गर्दै संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले पनि विरोध सभा गर्ने भएको छ।

जनसभालाई नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीसहित नेताले सम्बोधन गर्ने प्रचार भइरहेका बेला मोर्चा भने सो सभा विधोल्न लागिपरेको हो। मोर्चालाई सोही कार्यक्रमलाई लक्ष्य गर्दै बुधवारदेखि नै आमहडतालको आयोजना तय गरेको छ। मोर्चाको बन्दका कारण बिराटनगर- रंगेली सडकखण्ड दिनभरजसो प्रभावित बनेको छ। मोर्चाका कार्यकर्ताले त्यस सडकखण्डको चोकचोकमा सवारी आवागमनमा अवरोध गरेका थिए। बन्दका कारण रंगेली सडकमा यातायातका साधन चल्न सेका छैनन् भने पसलहरू बन्द छन्।

'हिमाल पहाड तराई, कोही छैन पराई' भन्ने नाराका साथ नेकपा एमालेको भ्रातृ संगठन युवा संघ नेपालले सञ्चालन गरेको संबिधानको विषयमा जनजागरण अभियानअन्तर्गत बृहत् जनसभाको आयोजना गर्ने भएपछि मोर्चाले आकस्मिक रूपमा ६ र ७ माघका लागि आमहड्ताल घोषणा गरेको हो। युवा संघले रंगेलीको नेपाल बैंकनजिकै कार्यक्रम तय गरेको छ भने मधेसी मोर्चाले दुर्गा मन्दिरनजिकै विरोधसभा गर्ने भएको छ।

मोर्चामा आबद्ध घटक मधेसी जनअधिकार फोरम नेपालका मोरङ अध्यक्ष राजकुमार यादवले कार्यक्रम विधोल्न नभई केन्द्रबाटै घोषित कार्यक्रम गर्न लागेको बताए। उनले लामो समयदेखि आन्दोलनमा रहेका मधेसी जनतालाई निकास दिनुको साटो प्रधानमन्त्री नै जनतालाई जिस्क्याउन नआउनु उपयुक्त हुने भन्दै उनले आमहडताल पनि आन्दोलनकै निरन्तरता भएको बताए। उनले निर्धारित कार्यक्रम भने गरेरै छाड्ने बताए।

यता, नेकपा एमाले मोरङका अध्यक्ष महेश रेग्मीले बिहीबारको जनसभा अपेक्षाकृत भव्य हुने विश्वास व्यक्त गरे। उनले भने, 'कार्यक्रमका लागि सम्पूर्ण तयारी पुरा भएको छ।' विरोधसभा पनि हुंदा झडप सम्भावनाका विषयमा अध्यक्ष रेग्मीले लोकतन्त्रमा सबैले आ-आफ्ना विचार र कार्यक्रम गर्न पाउने भन्दै त्यस्तो कुनै झडपको सम्भावना नदेखेको बताए। उनले भने, 'हामीले मोर्चाका नेतासंग पनि छलफल गरेर सद्भाव नभङ्कान भनेका छौं, हामीलाई विश्वास छ, उहाँहरू गम्भीर हुनुहुन्छ।'

Government of Nepal (GoN)
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Division Office, Rasuwa

Invitation for Bid

Contract Identification No: DUDBC Rasuwa/Custom/NCB//1/072/73
Date of publication: 2072/10/07

1. Department of Urban Development and Building Construction, Division Office Rasuwa invites sealed bids or electronic bids from eligible bidders for the Construction of Prefabricated Structures for Rasuwa Custom Office under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of DUDBC, Division Office, Rasuwa , at Dhunche Rasuwa, phone 010540061, fax 010540061 or may visit DUDBC website www.**edudbc.gov.np**.
3. A complete set of Bidding Documents may be purchased from the office of *DUDBC, Division Office Rasuwa, at Dhunche, Rasuwa* by eligible Bidders on the submission of a written application, along with the copy of up to date company/firm registration certificate, VAT certificate and Tax clearance certificate upto 071/72 upon payment of NRs 3000/- (non-refundable) till office hours of ***not later than 2072/11/07.***
4. Only eligible bidders with minimum Construction turn over **NRs 2.25 crores** (Excluding VAT & Contingency), Minimum work experience of one **Contract of Pre fabricated Building or Steel Structure worth rupees 106 lakhs** (Excluding Vat & Contingency) having **200 sqm** pre fab structures with 3d panel or fiber sheet or prefab panel and **17 ton** Tubular truss should participate in the Bidding.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from DUDBC's Web Site www.edudbc.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost as specified above of bidding document in the DUDBC, Division Office Rasuwa's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank is:
   Name of the Bank: **Nepal Bank Limited, Dhunche, Rasuwa**
   Name of Office: **Department of Urban Development and Building Construction. Division office, Rasuwa**
   Office Code no. **24-347-01,** Rajaswa (revenue) Shirshak no. : **14227**
   Office Account no (Dharauti Account) : **1 kha 3, Nepal Bank Limited, Ko.Le.Ni.Ka. Karyalaya, Dhunchhe, Rasuwa**
   The name of depositor in voucher of the cash deposit for the cost of bidding documents should be the name of the bidder/bidders (in case if J/V) itself. If the name of the bidders and name of the depositor in the voucher differs the bid shall be considered as non responsive. The maximum numbers JV partners is Three.
6. Pre-bid meeting shall be held at 2072/10/ 28 at DUDBC, Division Office Rasuwa, at 2 PM .
7. Sealed or electronic bids must be submitted to the DUDBC Division office, Rasuwa by hand/courier or through DUDBC website www.edudbc.gov.np. on or before 12:00 noon on 2072/11/7. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 2072/11/07 at the office of DUDBC, Division Office, Rasuwa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, in form of bid bond from an "A" class commercial bank amounting NRs 4,00,000 which shall be valid for 30 days beyond the validity period of the bid i.e. 2073/03/06. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited on Dharauti Account number as mentioned above and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.

VACANCY
ANNOUNCEMENT

Manmohan Memorial Teaching Hospital urgently requires qualified candidates for the following posts:

1. **Hospital Administrator :** Master degree in Hospital Management or related subject with 5 years work experience in hospital administration.
2. **Physiotherapist:** Bachelor in Physiotherapy with 2 years work experience.
3. **Store Keeper:** Bachelor or equivalent degree with 3 years work experience in Hospital store.
4. **Bio-medical Technician:** Diploma in related subject with 5 years work experience
5. **Lab Technician:** CMLT with 1 year work experience.
6. **Matron:** MN or MSc. in nursing administration with 5 years experience.

Competent applicants should apply within 7 days from the date of vacancy announcement with 1 PP size recent photo, Bio-data, copies of Academic certificates , relevant professional council certificate, Experience Certificate & copy of citizenship. Forms are available at MMTH office. Chargeable Rs.500 only.

MANMOHAN MEMORIAL TEACHING HOSPITAL (MMTH)
SHOVAMBHU, KATHMANDU, NEPAL
PHONE NO. 4033950, 4033951, 4033952, 4034531
Email: mmth2069@gmail.com

सम्पादकीय

फुटबलमा जागेको आशा

नेपालको सर्वाधिक लोकप्रिय खेलका रूपमा रहेको फुटबल पछिल्लो समय बदनाम हुन पुगेको थियो । तर, मंगलबार बंगलादेशको ढाकामा भएको बंगबन्धु गोल्डकपमा १७ वर्षपछि फाइनलको यात्रा तय गर्दै बदनाम हुन पुगेको नेपाली फुटबलमा नयाँ आशा जगाइदिएको छ । ६ वर्ष नेपाली राष्ट्रिय फुटबल टिमको कप्तानी सम्हालेका सागर थापालगायत पाँच खेलाडीमाथि म्याच फिक्सिङ गरेको आरोपमा एसियाली फुटबल महासंघ (एएफसी) ले आजीवन प्रतिबन्ध लगाएसँगै नेपाली फुटबल बदनाम हुन पुगेको थियो । यसपछि नेपाली खेलाडीमाथि आशंकाले हेर्न थालिएको थियो तर मंगलबार विराज महर्जनको कप्तानी र नेपाली प्रशिक्षक बालगोपाल महर्जनको प्रशिक्षणमा रहेको नेपाली टोली १७ वर्षपछि अन्तर्राष्ट्रिय प्रतियोगिताको उपाधिनजिक पुगेसँगै फुटबलमा नयाँ आशा जगाइदिएको छ ।

काठमाडौंको दशरथ रंगशालामा सन् १९९९ मा भएको आठौं दक्षिण एसियाली खेलकुदमा सेमिफाइनल पुगेको नेपाल त्यसपछि अन्तर्राष्ट्रिय खेलमा मंगलबार पहिलो पटक उपाधिनजिक पुगेको हो । फुटबलमा सेमिफाइनलमा पुग्नका लागि १७ वर्ष कुर्नुपर्ने अवस्था सिर्जना हुनु नेपाली फुटबलका लागि विडम्बना नै हो । यसको कारण खोजी हुनु आवश्यक छ । संघलाई आफ्नो पेवाझैं गरेर लामो समयसम्म अप्रजातान्त्रिक रूपमा सञ्चालन गरेको परिणाम नेपाली फुटबलले भोगेको कुरा प्रस्ट हुन्छ । गणेश थापाले एन्फा सम्हालेयता नेपालले उपाधि जितेको छैन । यदि शुक्रबार हुने फाइलन खेलमा बहराइनको यू-२३ लाई हराउँदै उपाधि जितेमा नेपालले सन् १९९३ मा ढाकामा भएको छैठौं दक्षिण एसियाली खेलकुदमा जितेको उपाधिपछि पहिलो पटक उपाधि चुम्नेछ ।

फुटबललाई आफ्नो व्यक्तिगत स्वार्थमा प्रयोग गरेकै कारण नेपाली फुटबल ओरालो लागेको देखिन्छ । करिब २२ वर्षदेखि अखिल नेपाल फुटबल संघ (एन्फा) मा एकछत्र राज मात्र गरेका गणेश थापाको पतनसँगै नेपाली फुटबलले उत्साह देखाएको छ । थापालाई घुस लिएको आरोपमा फिफाबाट १० वर्ष प्रतिबन्ध लगाएपछि कार्यालयदेखि मैदानसम्म हस्तक्षेपकारी भूमिका खेल्ने व्यक्ति नहुँदाको परिणामका रूपमा नेपालको जितलाई लिनुपर्छ । थापाको घुसकाण्ड र म्याच फिक्सिङका कारण बदनाम भएको नेपाली फुटबललाई ढाकाबाट नेपाली युवा टोलीले राहत प्रदान गर्दै नेपालीको फुटबलप्रतिको मोह र आशालाई पुनः फर्काइदिएका छन् । यो उपलब्धिलाई अझ बढाउन सक्नुपर्छ । नेपाली फुटबललाई जगाउँदै उचाइमा पुऱ्याउने दहो खुट्किलोका रूपमा ढाकाको उपलब्धिलाई लिने हो भने नेपाली फुटबलले आफ्नो पुरानो साख फिर्ता गर्नेछ । गणेश थापाको पतनसँगै एन्फामा अन्योल सिर्जना भएको छ । राष्ट्रिय खेलकुद परिषद्ले एन्फाभित्रको विवादलाई केलाउँदै निष्पक्ष र स्वार्थरहित रूपमा एन्फामा शुद्धीकरण गरेर अगाडि बढेको खण्डमा नेपाली फुटबलले नेपालको प्रतिष्ठा बढाउनेमा दुईमत छैन ।

अनिर्णयको दुश्चक्रमा मुलुक

■ प्रा.डा. गोपाल शिवाकोटी

मधेसी मोर्चा र प्रमुख दलहरूबिच मधेसी मोर्चा र तिन दलको कार्यदलबिच भएको वार्ता अन्तिम चरणमा पुगेको र सहमतिको अन्तिम खाका तयार गर्न लागेको भनी भनिएको थियो । ५ माघभित्रै सहमति भई संविधान संशोधनबाट मधेस आन्दोलनले उठाएका समस्या सम्बोधन गरिने भनी दलका नेताले जनतालाई आश्वस्त पार्न खोजेको अवस्थामा र सत्तारूढ दल र मधेसी मोर्चा लचिलो भएर प्रस्तुत भएका भनी बहुप्रचारित भएकाले जनतामा मुलुकले भोगिरहेको संकट समाधान हुने आशा पलाएको थियो । तर, एकाएक सरकारको नेतृत्व गरिरहेको एमाले र मधेसी मोर्चाबिचको असफादारीले गर्दा वार्ता भाँडिई मधेसी मोर्चाको कार्यदलले वार्ता छोडेर हिंडेपछि अर्को द्वन्द्व चर्किंन र नयाँ संघर्षले मुलुक र जनतालाई तहसनहस गर्ने स्थिति भएको छ । मधेस आन्दोलन तथा नाकाबन्दीले भूकम्पबाट थिलथिलो पारिएका जनतामाथि थपिएका दुःखकष्ट समाप्त भई अब मुलुकले सहजता ग्रहण गर्नेछ भन्ने कुरामा समेत आशंका पैदा भएको छ । राजनीतिक दलले अब छिट्टै सहमति हुन्छ र मुलुकले निकास पाउंछ भनी आश्वस्त पार्दै सपना बाँडिरहेको अवस्थामा पुनः वार्ता भाँडिएर मधेसी मोर्चाले पुनः संघर्ष चर्काउन आह्वान गरेकाले नेताहरूको विश्वसनीयतामा समेत प्रश्नचिह्न लागेको छ । हाम्रा नेता र दलहरूबिच सत्ता स्वार्थका लागि देश र जनता जहांसुकै जाऊन्, मरे मरून् भन्ने धारणा बनेको र कुनै किसिमको संवेदनशीलता नभएको भन्ने कुरासमेत देखापरेको छ । अहिले देखापरेको हठ प्रवृत्ति सामन्ती राजतन्त्रमा देखिएका हठ र अहंकारको पुनरावृत्ति भएको हुँदा राजतन्त्र हटे पनि दलहरूमा सामन्ती राजतन्त्रको संस्कार जीवित रहेको समेत यसबाट पुष्टि भएको छ ।

पांच महिनादेखि संविधानप्रति असन्तुष्ट भएर आन्दोलन गरिरहेको मधेसी मोर्चा र नाकाबन्दीलाई समाप्त गरी मुलुकलाई निकास दिनका लागि भइरहेको मधेसी मोर्चा र सरकारबिचको वार्तामा कुरो नमिलेपछि मुलुक पुनः अनिर्णयको दुश्चक्रमा फस्न गएको छ । भारतले पनि केही दिनदेखि सहज रूपमा गरिरहेको पेट्रोलियम पदार्थको आपूर्तिमा ग्यांसको आपूर्तिलाई बन्द गरी आफ्नो असन्तुष्टि पुनः संकेत गरेपछि मोर्चा र दलहरूबिचको वार्ता अवरुद्ध भएको यसलाई विशेष महत्त्वका साथ हेरिएको छ ।

मधेस आन्दोलनको नेतृत्व गरिरहेका राजेन्द्र महतो र सरकारको नेतृत्व गरिरहेका केपी शर्मा ओलीलाई दुई विपरीत ध्रुवका केन्द्र मानिएको छ । यी दुवैको बोली र अडानले गर्दा मधेस समस्या पेचिलो भएको र एकअर्कोबिच गम्भीर मतभेदसमेत देखापरेका थिए । गत वर्ष नै बार्तामा ओलीले राजेन्द्र महतोसंग 'समधर भूमि मारने भए भोलि विहार पनि मारुंछौं' भन्ने कटाक्ष गरेपछि दुवै पक्षबिच उत्पन्न भएको असमझदारीले मुलुकको स्थितिलाई नै भडखारोमा पुऱ्याएको थियो । तर, पछिल्लोचोटि केपी ओलीले आफैंले टेलिफोन गरेर 'अब समस्या समाधान गर्न तयार भएको र तपाई वार्तामा आउनुहोस्' भनेपछि दिल्लीबाटै मधेसमा जान तयार भएका राजेन्द्र महतो काठमाडौं आएका थिए । राजेन्द्र महतोले आफूमाथि भएको दुर्व्यवहारप्रति माफी नमागेरसम्म काठमाडौं नै नआउने र समस्या समाधान नभई मधेस नछोड्ने भनी हठ लिएर यसअघि दिल्ली परामर्शमा जांदासम्म काठमाडौं नआई पटनाबाटै दिल्ली गएका महतोको काठमाडौं आगमन तथा मधेसी मागप्रति कठोर रूपमा प्रस्तुत हुने केपी ओलीले आफैंले टेलिफोन गरेर महतोलाई बोलाउनुलै अब मुलुकको समस्या समाधान हुन लागेको छ भन्ने धेरैलाई लागेको थियो । ओली र महतोको भेटघाट र वार्तालाई समेत आफ्नै पहलमा नभएर अरू कसैको सल्लाहमा भएको भन्ने ठानिएको थियो । पछिल्लो अवस्थामा भारतले नेपालप्रतिको आफ्नो 'कोर्स'मा 'करेक्सन' गरिरहेको ठानिएको अवस्थामा भएको राजेन्द्र-ओलीको भेटघाटले नेपालको अनिश्चितताको भुमरीमा फसेको अवस्थाबाट बाहिर निकाल्ने अपेक्षासमेतको रूपमा हेरिएको थियो । तर, यसो हुन नसकेपछि पहिला नै सेट भएको अवस्थामा एकाएक परिवर्तन भएको र नेपाली राजनीतिमा नयां मोड लिन खोजेको देखिएकाले मुलुक नयां निर्णयहीनताको दुश्चक्रको भुमरीमा फस्ने खतरा पनि बढेको थियो ।

तत्काल मधेस समस्याको समाधान गर्न सबै दलमाथि गम्भीर दबाब पनि उत्पन्न भएको छ । साथै, जनता र मुलुकप्रति देखिएको गैरजिम्मेवारीपन र राजनीतिक अधिकारको नाममा जनतालाई दुःखकष्ट र सास्ती दिने कामले जनतामा आक्रोश बढ्दै गएको छ । कुनै पनि अवस्थामा विस्फोटन हुनसक्ने खतरासमेत देखापरेको छ ।

पछिल्लो अवस्थामा वार्ताका लागि कार्यदल गठन गरी वार्ता भइरहेको थियो । कार्यदलले लगभग सबै कुरा मिलिसकेको भन्ने समेत सार्वजनिक गरेको थियो । यसै अवस्थामा मोर्चा वार्तामा लचिलो भएर बस्ने निर्णय गरेको थियो । यसले गर्दा नै मधेसी मोर्चाले उठाउंदै आएको बहुराष्ट्रिय राज्यको मागलाई छोडेको थियो । मधेसी मोर्चाले तिन महिनाअगाडि सरिरहो वार्ता टोलीसमक्ष प्रस्तुत गरेका ११ बूंदे मागपत्रमध्ये ११औं नम्बर बूंदाको नेपाललाई एकल राष्ट्रिय राज्यका रूपमा नभई बहुराष्ट्रिय राज्यका रूपमा परिभाषित गर्नुपर्ने, बैवाहिक अंगीकृत नागरिकता प्राप्तिसम्बन्धी संघीय कानूनमा व्यवस्था, न्यायपालिकालाई संघ राज्यको आधारभूत मान्यताअनुरूप उच्चअदालत र स्थानीय अदालतका न्यायाधीशहरूको नियुक्ति प्रादेशिक कानुनबमोजिम हुनुपर्ने, नेपाली सेनामा समूहगत प्रवेश हुनुपर्नेजस्ता मागलाई छोडेको छ भने मधेसमा दुई प्रदेशको खाका प्रस्तुत गरेकाले मधेसी मोर्चा लचक भई प्रस्तुत भएको रूपमा ठानिएको थियो । यस्तै, सरकारका प्रधानमन्त्री ओलीले पनि जनता धेरै मारमा परिसकेकाले मधेसी मोर्चासंगको वार्तामा हदैसम्म लचिलो भएर प्रस्तुत हुने प्रतिबद्धतासमेत गरेकाले जनतालाई केही उत्साहितसमेत गरेको थियो । तर, पछिल्लो वार्तामा दुवै पक्ष सहमतिमा आउन नसकेपछि यो समस्या अर्को व्यापक जनसहभागितालै गर्दा शिथिल हुँदै गएको मधेस आन्दोलनमा देखिएको नयां उत्साहले पनि मधेसमा आन्दोलन चर्काउन सकिन्छ भन्ने भएकाले वार्ता छोडेर हिंडेको हुन सक्छ भने अर्कोतिर एमालेमा बढ्दै गएको भारतीय सत्ता पक्षसंगको समझदारीले गर्दा मधेस आन्दोलन विस्तारै शिथिल हुने देखिएपछि उसले पहिलाकै अडान दोहोऱ्याएर हुन सक्छ । जे भए पनि यो वार्ता भंग हुनुले स्थितिलाई गम्भीर देश र दुनियांलाई नयां संकटमा हुलिदिएको छ भने जनता निराश भएका छन् ।

वार्ता भंग गरी मधेसी मोर्चाले मुलुकमा नयां आन्दोलन चर्काउन आह्वान गरेर अबको आन्दोलन सिंइदरबारकेन्द्रित हुने घोषणा गरेपछि आन्दोलन सुरु गरेकै दिन मधेसमा व्यापक प्रदर्शन भएको छ । अन्तरिम संविधान जारी गर्दा संघीयता र समानुपातिक समावेशी भएन भनी आन्दोलन सुरु गरेको ठिक ९ वर्ष पुरा भएको दिन सुरु गरेको आन्दोलनले मुलुकमा नयां द्वन्द्व सिर्जना हुने र अबको द्वन्द्व जनताका लागि सहय हुन नसक्ने अंकलन गरी चारैतर्फबाट दबाव उत्पन्न भएको छ । तत्काल मधेस समस्याको समाधान गर्न सबै दलमाथि गम्भीर दबाव पनि उत्पन्न भएको छ । साथै, जनता र मुलुकप्रति देखिएको गैरजिम्मेबारीपन र राजनीतिक अधिकारको नाममा जनतालाई दुःखकष्ट र सास्ती दिने कामले जनतामा आक्रोश बढ्दै गएको छ । कुनै पनि अवस्थामा विस्फोटन हुनसक्ने खतरासमेत देखापरेको छ ।

मधेसी मोर्चाको मागलाई सम्बोधन गर्न भनी ल्याएको संशोधनपप्रति मधेसी मोर्चाको सहमति नभएपछि सहमति जुटाउन दलहरू प्रयत्नशील थिए । त्यसैका लागि संशोधन विधेक प्रस्तुत भइसकेपछि पनि यसमा सहमति जुटाउन दलहरूले प्रयास गरेका थिए, तर यसैका लागि संसद्को बैठकसमेत हप्तौंसम्म विलम्ब गरिएको थियो । संसद्बाट संविधान संशोधन पारित गर्न यही ५ माघ निर्धारण गरिएको थियो, तर एकाएक वार्ता भाँडिएको र मेधसकेन्द्रित दलहरू यसप्रति सहमत नभएकाले दलहरूको यो प्रयास पनि औंचित्यहीन हुन पुग्यो र दलहरूको सत्ता स्वार्थ संसद्लाई मनपरी गर्नसक्ने अखडाको रूपमा परिवर्तन गर्ने कुराले पनि ठुलो धक्का वेहोर्नुपऱ्यो ।

वार्ता भंग भएपछि पुनः मधेसी दलसंग सहमति कायम गर्न एमाओवादीका अध्यक्षले सक्रिय भएर एमाले र कांग्रेसका शीर्ष नेतासंग वार्ता गरेर स्थितिलाई सहज पार्ने प्रयास गरेका थिए । यसैले गर्दा ५ माघमा शीर्ष तिन दलका नेताहरूको बैठकले मधेसी मोर्चासंग वार्ता गरेर उनीहरूको सहमतिमा संविधान संशोधन गर्न सहमत भयो । यसैअनुरूप ५ माघमा संशोधन पारित गर्ने भनेको कुरालाई पांच दिन पर सारी ९ गते मात्र पारित गर्ने र ७ गतेदेखि मात्र छलफल चलाउने भन्ने निर्णय गरिएको छ भने अर्कोतर्फ मधेसी मोर्चामाथि परेको तीव्र दवावले पनि कार्यदल तहको बैठकमा नबसी अब शीर्ष नेताबिच वार्ता गर्ने भनी ५ गते नै निर्णय गरेकाले पुनः मधेसी मोर्चा र दलहरूबिचको मिलन बिन्दु भने नयां आधारमा रहेको देखिन्छ ।

यसरी मुलुकलाई भ्रष्ट गर्ने गरी भएको आन्दोलन र जनतामाथि भएको दुःखकष्टलाई सत्ता स्वार्थ र राजनीतिक उद्देश्य प्राप्तिका लागि जुन काम भइरहेको छ, यसले जनतामा व्यापक आक्रोश र निराशा देखिएको छ । अब कसैले अधिकारका लागि संघर्ष भने पनि वा राष्ट्रिय स्वाधीनताको नाममा जनताको समर्थन प्राप्त गर्न खोजे पनि यो कुराले जनतामा प्रभाव देखिन छोडेको छ । अब जनता लामो समयसम्म सत्ता स्वार्थका लागि पौठेजोरीलाई सहन सक्ने स्थितिमा समेत रहेका छैनन् । यो अगाडि बढेमा मुलुक नै असफल राष्ट्र बन्न सक्छ र हजारौंको ज्यानसमेत जान सक्छ । अहिले नै भोगिरहेको कालोबजारीबाट जनता आजित भएका छन् । सरकारको उपस्थिति शून्य भएको छ । अहिलेको मधेस आन्दोलन बास्तवमा सत्ताका लागि गरिएको हो । अहिले सबै सबैसंग त्रसित छन्, जोगी देख्दा भैंसी डराएको र भैंसी देख्दा जोगी डराएको स्थिति छ । अहिलेको अवस्थामा नेता र नेताहरूको बोलीमा विश्वास समाप्त भएको छ । दलहरूप्रति जनता निराश भएका छन् र दलहरूले यो मुलुक हांक्न सक्छन् भन्ने कुरामा आशंका उत्पन्न भएको छ ।

त्यसैले अहिले पनि केही समय बांकी छ । त्यसैले छिटोभन्दा छिटो जनतामा अरू आक्रोश बढ्नु अगाडि नै, मुलुक तहसनहस हुनुअगाडि र जनताले थप जीवन गुमाउनुभन्दा अगाडि नै छिटोभन्दा छिटो दलीय स्वार्थभन्दा मुलुक र जनताको स्वार्थलाई माथि राखेर समस्यालाई समाधान गर्न अनिवार्य भएको छ । पछि गलत समयमा राजनीतिक स्वार्थ र अहंकारवाट निर्णय गर्ने र पछुताउने स्थिति नआओस् भन्नेतर्फ पनि सबैले सोच्नुपर्छ । यी अहंकार र अडान त्यागी तीव्र संवाद गरी यो अन्योलपूर्ण दुश्चक्रबाट निकास दिनु अनिवार्य भइसकेको छ । जनता र मुलुकमाथि कुनै पनि नाममा कसैलाई पनि खेलवाड गर्न र जनताको जिउज्यानलाई जोखिममा पार्ने अधिकार कसैलाई पनि छैन । मुलुकलाई ध्वस्त पार्ने अधिकार कसैलाई पनि छैन भन्ने कुरामा सबैको ध्यान जाओस् ।

किन आलोचित हुन्छ प्रहरी ?



■ श्रीप्रसाद प्रसाई

लोग्ने-स्वास्नीको झगडामा पनि प्रहरीले हस्तक्षेप गऱ्यो । सांघसंधियारको जग्गा किचलोका पक्षधरलाई प्रहरीले थुऱ्यो । अंशस्वन्धी विवादमा पकाउ परेका बाबुछोरालाई प्रहरीले छोड्यो । सामान्य विषयमा पनि तत्काले छानबिन नगरी तारेखमा राखी प्रहरीले जनावश्यक झन्झट दिलायो । अपराधीसंग उल्टै साँठगांठ गरेर प्रहरीले कारवाही नै गरेन । प्रहरीको काम कर्तव्यसंग सम्बन्धित यस्ता नकारात्मक टीकाटिप्पणी समाजमा वारम्वार हामी सुन्ने गर्दछौं । प्रहरी उपरका यस्ता आरोप कतिपय वास्तविकतामा आधारित हुन्छन् भने कतिपय निराधार । कार्यक्षेत्रमा खटिने धेरै प्रहरी अधिकृतउपर लाग्ने यस्ता आरोपबारे कतिपय अवस्थामा तथ्ययुक्त छानविन हुने गरेको कुरा पनि सर्वविदितै छ । वास्तवमा प्रहरीउपर लाग्ने आरोपको गहन रूपमा हुने अध्ययन विश्लेषणले एकातिर गल्ती गर्ने प्रहरीले सुध्ने अवसर पाउंछन् भने अर्कोतर्फ अनर्गल लाञ्छना लगाउने व्यक्ति पनि निरुत्साहित हुने भएकाले प्रहरीको कार्यलाई निष्कलंक बनाउने प्रेरणा मिल्छ ।

प्रहरीले केकस्तो कार्य गर्ने भन्नेवारे प्रचलित ऐन कानुनले नै सीमा निर्धारण गरिदिएको छ । कानुनको प्राबधानलाई संक्षेपमा उल्लेख गर्ने हो भने सरकारवादी फौजदारी मुद्दाहरू प्रहरीको अनुसन्धान क्षेत्रभित्र पर्छन् भने दुनियांबादी, फौजदारी र देवानी मुद्दाहरू प्रहरीको अनुसन्धान क्षेत्रभित्र पर्दैनन् । यस सन्दर्भमा प्रचलित कानुनविरुद्ध सीमा नाघी प्रहरीले कार्य गर्ननहुने वाध्यता एकातिर छ भने अर्कोतर्फ समाजको शान्तिसुरक्षा कायम राख्ने दायित्व सम्पादन गर्ने सन्दर्भमा प्रहरीको संलग्नता नहुने विषयवस्तु वा घटना समाजमा हुन सक्दैनन् । शान्तिसुरक्षा कायम राख्ने प्रहरी दायित्व अत्यन्त व्यापक एवं समाजका हरेक व्यक्तिको गतिविधिसंग सम्बन्धित हुने भएकाले यस परिप्रेक्ष्यमा जुनसुकै विषयवस्तुबारे पनि प्रहरीले हात हाल्न सक्ने कुरा गैरकानुनी हुन सक्दैन । यसको आशय समाजमा घटने सम्पूर्ण घटनालाई प्रहरीले नै निराकरण गर्न पाउंछ भन्ने अवश्य होइन । तर, समाजमा शान्तिसुरक्षा कायम राख्न वा अपराध नियन्त्रण गर्न प्रहरीको क्षेत्राधिकार बाहिरका विषयवस्तु, जसले शान्तिसुरक्षामा प्रतिकूल प्रभाव पार्न सक्छन् तथा मौकैमा त्यसप्रति ध्यान नदिएको अवस्थामा आपराधिक घटना हुन सक्छ भन्ने यथेस्ट आधार भएका जुनसुकै घटनामा पनि प्रहरीले हस्तक्षेप गर्नुपर्ने हुन्छ । माथि उल्लिखित आलोचना यसै सन्दर्भमा उत्पन्न दृष्टान्त हुन् । किनकि, लोग्ने-स्वास्नीको झगडा, सांघसंधियारको झगडा र अंशवन्डाको विवादवारे उत्पन्न भएको समस्यालाई प्रहरीले थामथुम पार्न सक्छ, तर त्यस्तो विवाद थामथुम हुन नसकी मुद्दाकै रूप लिन पुगेमा त्यस्तो अवस्थामा मुद्दाको किनारा लगाउने वा अनुसन्धान गर्ने दायित्व प्रहरीको होइन । तर, प्रहरीले आफ्नो कार्यक्षेत्रमा आउने यस्ता विवादास्पद घटनालाई वास्ता गरेर भने प्रहरी आफ्नो कर्तव्यवाट विचलित भएको ठानिन्छ । यस्तै, विवाद र पारस्परिक झगडा वल्झदै गए शान्तिसुरक्षामा खलल पुग्ने वा आपराधिक घटना नै हुन सक्ने अवस्था निम्तिन सक्छ । त्यस्तो अवस्था उत्पन्न भएमा दुई पक्षबिच सांघातिक आक्रमण, घरेलु हिंसा, कुटपिट वा ज्यान जोखिममा पर्न सक्ने अवस्था आइलाग्न सक्छ । प्रहरीको अधिकार क्षेत्रबाहिरका यस्तै अधिकांश विषयवस्तु अपराधका कारकतत्त्व वन्न पुग्ने भएकैले शान्तिसुरक्षा कायम राख्ने वा अपराध रोकथाम गर्ने क्रममा प्रहरी संलग्न हुनु पर्ने घटना समाजमा कुनै हुन सक्दैन । तर, क्षेत्राधिकारबाहिरका यस्ता मुद्दालाई केवल शान्तिसुरक्षा कायम गर्ने र अपराध रोकथाम गर्ने उद्देश्यले कसरी हेर्ने वा 'डिल' गर्ने ? र केसम्मको प्रहरी कार्य गरी नियन्त्रणमा राख्ने भन्ने कुरा तथा असन्तुष्ट पक्षलाई कानुनी उपचारका लागि अगाडि बढ्ने वारेमा उचित रायसुझाव प्रदान गर्नु प्रहरीको कर्तव्य हो । यस क्रममा प्रहरीले आफ्नो क्षेत्राधिकारबाहिर जानु हुँदैन । यही आधारभूत मापदण्डलाई पालना गर्दै चित्त नबुझ्ने पक्षलाई शान्तिपूर्वक आफ्नो न्यायिक अधिकारका लागि सम्बन्धित निकायमा पुऱ्न सक्ने वातावरण निर्माण गरिदिने दायित्व पनि प्रहरीको हो । यस क्रममा प्रहरीले 'झैंझगडा गर्दैनौं' भन्ने कागज गराउन सक्छ । सामान्य घटना भए वा दुवै पक्ष राजी भए सम्झाई बुझाई मिलापत्र गराउन सक्छ अथवा 'शान्तिपूर्ण न्यायका लागि सम्बन्धित निकायमा जान्छौं' भनी कागज गराउन सक्छ । यस्तो अवस्थामा गरिने दुई पक्षबिचको कागज मुद्दा समाप्त गर्ने आशयमा होइन, शान्तिसुरक्षा कायम राख्ने र अपराध नियन्त्रण गर्ने उद्देश्यमा आधारित हुनुपर्छ ।

नेताकै संरक्षणमा कार्य गर्ने तथा व्यावसायिक कार्यबाट जनता रिझाउने भन्दा आयआर्जन गरी नेता रिझाउन लागिपर्ने प्रवृत्तिका प्रहरी अधिकृत अझै नभएका होइनन् । यस्तै नियतका प्रहरी अधिकृतको कार्यबाट ७० हजार प्रहरीकै बर्दीसम्म दुर्गन्ध फैलन सक्छ ।

कतिपय अवस्थामा स्थानीय व्यक्तिहरूले आफ्नो स्वार्थमा प्रहरीलाई प्रयोग गरी बदनाम गराउने दुष्प्रयास पनि गर्दै आएका छन् । समाजमा प्रहरी आलोचित बन्ने यही मुख्य कारण हो । जुनसुकै दल पनि सत्तामा रहेसम्म सो दलका दोस्रो, तेस्रो तहका नेताले आफूलाई जिल्लास्तरीय प्रशासनको सञ्चालक ठान्ने गर्छन् । सत्ता शक्तिकै आडमा आफ्नो अनुकूल कामकार्य गराउन प्रशासन र प्रहरीलाई दवाव दिन्छन् । जुनसुकै क्षामको सन्दर्भमा स्थानीय प्रशासनको कार्यक्षेत्रको सीमाबारे स्थानीय नेतालाई कुनै मतलव रहन्न । जसरी भए पनि आफ्नो पक्षको हितमा प्रहरी र प्रशासनले कार्य गरेको हुनुपर्छ भन्ने सोच उनीहरूको रहन्छ । यस क्रममा सत्तासीन नेताको नाम वेचेर पनि उनीहरू प्रहरीमाफत आफ्नो कार्य सम्पन्न पार्न अग्रसर वन्ने गर्छन् । यस्ता व्यक्तिको दवाव धान्न नसक्ने प्रहरी अधिकृतवाट हुने क्षेत्राधिकारवाहिरका कार्य नै प्रहरीका लागि आलोचनात्मक ठहरिन्छन् । यस क्रममा दुई पक्षबिच सम्झाई आफ्नै दलीय स्वार्थमा प्रयोग गराउने परिपाटी वसाल्दै आएका छन् । प्रहरीमा हुने नयां भर्ना, पदस्थापन, सरुवा, बढुवा जस्ता नितान्त व्यावसायिक विषयलाई पनि राजनीतिक प्रतिस्पर्धाको विषय बनाउने दलहरूबिच नै प्रतिस्पर्धा चल्ने गर्छ । दलीय कोटा निर्धारण गर्ने प्रवृत्तिले प्रश्रय पाएको हुँदा त्यस्तै दलको सहयोग लिएर नयां भर्ना भएका वा पद हत्याउन सफल वनेका प्रहरी नुनको सोझोकै लागि पनि सम्बन्धित दल तथा नेताप्रति उत्तरदायी वन्नु आश्चर्यजनक होइन । तर, यस्तो पृष्ठभूमिवाट वा दलीय प्रभावमा प्रहरी वन्न पुगेका व्यक्तिको कार्यशैली निष्पक्ष र पारदर्शी भने हुन सक्दैन । अझ यस्ता व्यक्ति उच्च वोलकवोलकै माध्यमवाट पद तथा कार्यक्षेत्रमा पुगेको भए आफूले सो स्थानमा पुग्नका लागि खचंनुपरेको रकम असुलउपर गराउन प्रहरीमा पर्न यस्तै ठाडा उजुरी नै महत्त्वपूर्ण हुने ठान्छन् । नेताकै संरक्षणमा कार्य गर्ने तथा व्यावसायिक कार्यबाट जनता रिझाउने भन्दा आयआर्जन गरी नेता रिझाउन लागिपर्ने प्रवृत्तिका प्रहरी अधिकृत अझै नभएका होइनन् । यस्तै, नियतका अल्पसंख्यक प्रहरी अधिकृतको कार्यवाट ७० हजार प्रहरीकै वर्दीसम्म दुर्गन्ध फैलन सक्छ । राजनीतिक संरक्षणमुखी प्रहरी कार्यको अन्य प्रहरीको एकल प्रयासले मात्र हुन सक्दैन, यसका लागि मुलुकको राजनीतिक वातावरण नै सुधन आवश्यक छ । यसको दोष प्रहरीलाईभन्दा सम्बन्धित राजनीतिक दललाई नै जान्छ ।

कतिपय अवस्थामा असल नियतले गरेको पारदर्शी प्रहरी कार्य पनि आलोचित हुन पुग्छ । यो अवस्था प्रहरीको संसर्गमा आउने झगडिया पक्ष र विपक्षबाटै उत्पन्न हुने गर्छ । जुनसुकै विषय पनि कुनै एक पक्षको अन्याय, हस्तक्षेप वा धिचोमिचोवेगर विवादास्पद वन्न सक्दैन । विवादको जड गैरकानुनी मानवीय व्यवहारमा आधारित हुन्छ भन्ने कुरालाई नकार्न सकिन्न । कसैलाई अन्याय हुन नदिने, कानुनकै परिपालना गराउने तथा सवैलाई समानुपातिक व्यवहार गर्ने उद्देश्यले विवादास्पद विषयवस्तुलाई गहन रूपमा अध्ययन, विश्लेषण गरी अन्यायमा परेको पक्षलाई न्याय दिलाउन अर्को सम्बद्ध पक्षलाई कलिंकोहीं प्रहरीले औल्याउनुपर्ने हुन्छ । यस्ता कुरा सबै कानुनसम्मत नहुन सक्छन्, तर समाजको सुरक्षा तथा आपराधिक घटना हुन नपाउने व्यवस्था गर्न प्रहरीले घटनाको यथार्थ उजागर गरी सोअनुसार गर्न झगडिया पक्षविच गरिदिने निर्णय एक पक्षका लागि मान्य भए पनि अर्को पक्षका लागि मान्य नहुन सक्छ । त्यस्तै, असन्तुष्ट पक्षले प्रहरीले गरेका निष्कलंक कार्यलाई अनर्गल लाञ्छना लगाई प्रहरीलाई वदनाम गराउने गर्छन् । समाजमा चलखेल गर्ने छुल्याहा प्रवृत्तिका व्यक्तिका लागि यस्ता विषयवस्तुले मसलाको काम गर्छ । यसलाई वढाइचढाइ गरी असल नियतले कार्य गर्ने इमानदार प्रहरीले सरुवा नै हुनुपर्ने र कारवाहीमै पर्नुपर्ने अवस्था आउन सक्छ । समाजमा व्याप्त छ्याहा प्रवृत्तिको अन्त्य नभएसम्म यो प्रवृत्ति पूर्ण रूपमा अन्त्य हुन सक्दैन ।

पारिवारिक कलह, छरछिमेक र सांघसंधियारसम्बन्धी विवाद तत्काले निराकरण गरिए त्यस्ता विषयले समस्याको रूप लिन पाउदैनन् । यसका लागि समाजकै तेस्रो पक्षको तत्कालको निर्णय पनि प्रभावकारी वन्न सक्छ । तर, यस्ता सामान्य घटनालाई पनि निम्दिएान्न पार्ने भन्दा एकअर्कोलाई बोकावोक गरी अड्डाअदालतसम्म पुऱ्याई फाइदा लिने प्रवृत्ति पछिल्लो समयमा बढ्दै गएको छ । कतिपय अवस्थामा प्रतिशोधको कारणले दुई पक्षलाई लडाएर फाइदा लिने मनशायले सामान्य घटनालाई पनि ठुलो बनाउने सामाजिक प्रवृत्ति झगडियाका लागि हितकर हुन सक्दैन । मुद्दामामलाकै रूपमा स्थापित हुन पुग्ने सामान्य विषय नै समाजको शान्तिसुरक्षाका लागि अहिले चुनौतीपूर्ण वन्दै गएका छन् । यसैले ठाडो उजुरी भनी वास्ता नगरी वस्नु हुँदैन । सामान्य झैंझगडाका निवेदनउपर प्रहरीले संवेदनशील वनी जतिसक्दो चाँडो समाधान गरिदिनु उचित हुन्छ । कतिपय अवस्थामा ठाडो उजुरी प्रहरीले लिन्न भन्न पनि मिल्दैन । लिएर छिनोफानो गर्ने क्रममा प्रहरी नचुकेको भए पनि आरोप लाग्न सक्ने सम्भावनापति ठाडो उजुरीको सुनुवाइको क्रममा प्रहरी वढी सचेत रहनुपर्छ । वास्तवमा काम गर्न एक्तिवाट गल्ती हुन सक्छ ।

कामको सिलसिलामा हुने गल्ती अनजानमा वा सुझवुझ पुऱ्याउन नसक्दा भएको हो भने त्यो क्षम्य हुन सक्छ, तर कार्यसम्पादनको सिलसिलामा हुने गल्ती मनशायपूर्वक वा वदनियतपूर्वक भएको हो भने त्यसलाई छुट दिनु हुँदैन । अन्य सकारी निकायको भन्दा प्रहरीमा दण्ड पुरस्कारको विशेष महत्त्व हुन्छ । अनेकौं राम्रो काम गरेर प्रशंसा वा स्वावासी पाएको कर्मचारीले गरेको एउटै गल्तीले उसले गरेका विगतका सबै प्रशंसनीय कार्यको महत्त्वलाई शून्यमा परिणत गरेको ठानिने भएकाले यसप्रति सबै प्रहरी कर्मचारी व्यक्तिगत रूपमै सचेत रहनुपर्छ ।

दक्षिण एसिया

सरकारको सही पहल

प्रधानमन्त्री नरेन्द्र मोदीले 'स्टार्ट अप योजना'को सुरुआत जुन महत्त्वाकांक्षाका साथ गरेका छन्, त्यसको पूर्ति कार्यान्वयनमै निर्भर हुन्छ । राष्ट्रियदेखि विश्व परिदृश्यसम्मलाई ध्यानमा राखेर भन्दा 'स्टार्ट अप'को सुरुआतीका लागि यो सम्भवतः सबैभन्दा सही समय हो । देशीविदेशी लगानीलाई अपेक्षित गति नमिल्नुको सकारात्मक संकेतका बावजूद देशको अर्थव्यवस्था प्रभावहीन लागिरहेको छ । न रोजगारी सिर्जना हुन सकेको छ तथा न विकासले गति नै पकिन सकेको छ । यस्तोमा केही नयां गर्न उत्साहित युवालाई स्टार्ट अपका लागि प्रेरित गर्न सक्ने यो योजना चुनौतीयाद्ट मुक्त हुन सहयोगी हुन सक्छ । यस उद्देश्यवाट मोदी सरकारले स्टार्ट अप कम्पनीको सुरुआत, सञ्चालन तथा सफल नभएमा वन्द गर्न प्रक्रिया सरल राखेर तिनलाई कर राहत दिने प्रावधान पनि राखेको छ

पाकिस्तानी विश्वविद्यालयमा आतंकवादी आक्रमण

एजेन्सी
पेसावर, ६ माघ

पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा अवस्थित पेसावर सहरको एक विश्वविद्यालयमा बन्दूकधारीले आक्रमण गर्दा कम्तीमा २० जनाको मृत्यु हुनुका साथै ५० बढी घाइते भएका छन्। सुरक्षा अधिकारीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले आक्रमणमा विद्यार्थीका साथै एक प्राध्यापकको समेत मृत्यु भएको उल्लेख गरेका छन्। राजधानी इस्लामाबादबाट करिब १ सय ४० किलोमिटर टाढा रहेको चारसद्दास्थित बचाखान विश्वविद्यालयको पर्खालबाट चढी तारघेर नसिमेत तोड्दै चार बन्दूकधारीले आक्रमण गरेको बताइएको छ। सुरक्षाकर्मीले मृत्यु हुनेको संख्या ४० सम्म पुग्नसक्ने बताएका छन्। सो क्रममा सुरक्षाकर्मीको कारवाहीमा आक्रमणकारीको पनि मृत्यु भएको अधिकारीले दावी गरेका छन्।

बिहान ९ बजेतिर भएको आक्रमणपछि करिब ६ घण्टासम्म सुरक्षा कारवाही चलेको पाकिस्तानी सेनाका प्रवक्ता जनरल असिम बाजवाले जानकारी दिए। प्रहरीका अनुसार बन्धुकधारीले सो विश्वविद्यालयपरिसरमा प्रवेश गरी कक्षाकोठा र होस्टलमा अन्धाधुन्ध गोली प्रहार गरेका थिए। विद्यार्थीहरूले दिएको जानकारीअनुसार एके ४७ बोकेका धेरै युवाले विश्वविद्यालयको आवासगृहमा सुतिरहेका विद्यार्थीमाथि गोली प्रहार गरेका थिए।

विश्वविद्यालय क्षेत्रमा गोली र विस्फोटको आवाज सुनिएलगत्तै सुरक्षाकर्मी सो क्षेत्रमा पुगेका थिए। आक्रमणकारीले विश्वविद्यालयका दुईओटा भवनलाई आधार लिएर आक्रमण गरेको सेनाले जनाएको छ। स्थानीय टेलिभिजनहरूले विश्वविद्यालय क्षेत्रमा ठुलो मात्रामा सेना र प्रहरीको दौडधुप चलेको, सर्वसाधारण भागिरहेको र एम्बुलेन्सले विरामी बोकी अस्पतालतर्फ गइरहेको दृश्य प्रसारण गरेका थिए। अंग्रेजी विभागका प्राध्यापक सविर खानले आवासगृह छोड्नै लागेका बेला अचानक गोली प्रहार भएको बताए। सबैजसो विद्यार्थी र कर्मचारी कक्षाकोठामा रहेका बेला गोली हान्न सुरुआत भएको पनि उनले जानकारी दिए। विश्वविद्यालयमा हाल करिब ३ हजार विद्यार्थीको भर्ना रहेको छ। विश्वविद्यालयमा पस्तुन कार्यकर्ता अब्दुल घफ्फारको सम्कानमा आयोजित कविताबाचन कार्यक्रम हेर्न करिब अन्य ६ सयजना दर्शकका रूपमा उपस्थित भएको उपकुलपतिले बताए।

आक्रमणपछि करिब २ सय विद्यार्थीलाई एउटा परीक्षा हलबाट सकुशल बाहिर निकालिएको प्रान्तीय पब्लिक हेल्थ इन्जिनियरिङमन्त्री साह फरमानले जानकारी दिए। आक्रमणपछि स्थानीय अधिकारीले चारसद्दा क्षेत्रका सबै शैक्षिक संस्था आगामी ३१ जनवरीसम्मका लागि बन्दको घोषणा गरेका छन्। मंगलवार मात्र उत्तर पश्चिम पाकिस्तानको जामरुड क्षेत्रमा रहेको प्रहरी जाँच केन्द्रनजिकै एक आत्मघातीले विस्फोट गराउँदा कम्तीमा १० जनाको मृत्यु हुनुका साथै २० बढी घाइते भएका थिए। सन् २०१४ को डिसेम्बरमा पेसावरस्थित सेनाको विद्यालयमा भएको आतंककारी आक्रमणमा धेरै बालबालिकासहित १ सय ४४ जनाको मृत्यु भएको थियो। त्यसपछि सेनाले ठुलो जवाफी कारवाही चलाएको थियो। गत महिना मात्र सो आक्रमणमा संलग्न चारजनालाई फांसी दिइएको थियो।

सेनाको आक्रामक कारवाहीपछि करिब एक वर्षसम्म लडाकू समुहहरूको गतिविधि शून्यसरह देखिएको थियो। तर, पछिल्लो समय पुनः हिंसात्मक घटना बढ्न थालेका छन्। पछिल्लो हिंसापछि के प्रश्न उठेको छ भने सेनाको कारवाहीपछि लडाकुहरूको शक्ति ध्वस्त भएको थियो वा उनीहरूलाई पुनः संगठित हुन बल पुगेको थियो।

आक्रमणपछि प्रधानमन्त्री नवाज सरिफले एक विज्ञप्ति जारी गर्दै पाकिस्तानबाट कुनै पनि प्रकारको आतंकवाद निर्मूल पार्न गरिएको प्रतिबद्धताप्रति निडर रहेको जनाएका छन्।

आक्रमण सम्बन्धमा विवादास्पद प्रतिक्रिया

आक्रमणपछि हयसको जिम्मेवारीमा तालिवानी समूहबिच विवादास्पद भनाइ आएको छ। पाकिस्तान तालिवानबाट फुटेको एक समूहका नेता दारा आदमा खेलले आक्रमणको जिम्मेवारी लिएका छन्। तालिवानकै एक वरिष्ठ कमान्डर उमार मान्सुरले पनि आक्रमण लडाकुको अखडाको रूपमा रहेको सो क्षेत्रमा सेनाले चलाएको सशक्त कारवाहीको प्रतिक्रियास्वरूप जवाफी कारवाही भएको दावी गरेका छन्।

तर, तालिवानकै प्रमुख फाज्लुल्लाहले आक्रमणको भर्त्सना गर्दै आक्रमणको जिम्मेवारी लिने समूहलाई न्यायको कठघरामा ल्याउने दावी गरेका छन्।

राष्ट्रपति सीद्वारा जीसीसीसँग व्यापारिक छलफल

एएफपी
रियाद, ६ माघ

चिनियां राष्ट्रपति सी जिनपिङले गल्फ राष्ट्र सहयोग परिषद् (जीसीसी) का महासचिवसँग मंगलबार भेटवार्ता गरी व्यापारिक विषयमा छलफल गरेको समाचारमा जनाइएको छ।

उनले जीसीसीका महासचिव अब्दुल लातिफ बिन जियानीसँग व्यापार र नबीकरणीय ऊर्जाको क्षेत्रमा अरेबियाली मुलुक र चीनले गर्नसक्ने द्विपक्षीय समन्वयबारे कुराकानी गरेको समाचारमा जनाइएको छ।

चिनियां राष्ट्रपति जिनपिङ आफ्नो पांच दिन लामो मध्यपूर्वी तिनओटा राष्ट्र साउदी अरब, इरान र इजिप्टको भ्रमणका क्रममा मंगलबार साउदी अरब आइपुगेका हुन्। उनले मंगलबारदेखि नै द्विपक्षीय हितबारे वार्ता थालेको समाचारमा जनाइएको छ। चिनियां अधिकारीले बुधबार पनि राष्ट्रपति जिनपिङ भेटवार्तामा व्यस्त हुने जनाएका छन्।

विश्वको दोस्रो ठुलो अर्थतन्त्र राष्ट्र चीनले विश्वका अन्य मुलुकसँगको कूटनीतिक सम्बन्ध थप मजबुत पार्ने उद्देश्यका साथ उनको भ्रमण तय भएको चिनियां विदेश मन्त्रालयले जनाएको छ।

भ्रमणका क्रममा उनले विशेष दुरसञ्चार, पूर्वाधारमा आर्थिक लगानी, हवाई उड्डयन, आणविक ऊर्जा, नबीकरणीय ऊर्जाका क्षेत्रमा अरब राष्ट्रहरूसँग सहयोग र समन्वयका क्षेत्रमा बार्ता गर्ने जानकारी पनि चिनियां विदेश मन्त्रालयले दिएको समाचारमा जनाइएको छ।

उनको यस भ्रमणका क्रममा स्वतन्त्र व्यापार क्षेत्रका साथै अरब राष्ट्रहरू र चीनको आपसी व्यापारिक साझेदारिताका क्षेत्रमा पनि द्विपक्षीय वार्ता हुने जानकारी दिइएको छ।

साउदी अरबमा सिया धर्मगुरुलाई हालै दिइएको फांसीको सजायपछि यसको प्रतिक्रियास्वरूप सिया धर्मावलम्बीले तेहरानस्थित साउदी अरबको राजदूतावासमा आक्रमण गरेका थिए।

यसबाट साउदी अरब र तेहरानबिच सम्बन्धमा समस्या उत्पन्न भएको बेला राष्ट्रपति सीको मध्यपूर्वको भ्रमण सुरु भएको छ। कतिपय विश्लेषकले यसलाई निकै नै महत्त्वका साथ हेरिरहेका पनि जनाइएको छ।

चीन र मध्यपूर्वी राष्ट्रहरूबिच व्यापारिक सम्बन्ध पनि रहिआएको छ। चीनमा मध्यपूर्वी मुलुकबाट खासगरी तेल आपूर्ति हुने गरेकाले बेइजिङ इन्धनका लागि मध्यपूर्वमा आश्रित रहँदै आएको छ।

सीको मध्यपूर्वको भ्रमण र छलफल यस क्षेत्रको राजनीतिक संकट समाधान गर्न पनि महत्त्वपूर्ण रहने विश्वास लिइएको छ। पछिल्लो समयमा मध्यपूर्वमा राजनीतिक संकट गहिरिन थालेको भान भएको छ। साउदी अरब र इरानबिच विकसित पछिल्लो सम्बन्धलाई शान्त एवं संयमित रूपमा हल गर्नुपर्ने धारणा चिनियां अधिकारीले राख्दै आएका छन्।

'समुद्रमा माछाभन्दा प्लास्टिक फोहोर बढी हुने'

एजेन्सी
जेनेभा, ६ माघ

आगामी करिब ३५ वर्षभित्र विश्वभरका समुद्रमा माछाभन्दा प्लास्टिकको फोहोर बढी हुने सम्भावना भएको एक अध्ययनले देखाएको छ। विश्व आर्थिक मञ्चद्वारा प्रकाशित एक प्रतिवेदनका अनुसार सन् २०५० सम्ममा समुद्रमा माछाभन्दा बढी प्लास्टिक हुने सम्भावना देखाएको हो। मंगलबार प्रकाशित सो अध्ययनले प्रयोग गरिएका प्लास्टिकमध्ये करिब ३२ प्रतिशत संकलन हुन नसक्दा यसको संकलन हुने स्थान अन्ततः समुद्र नै भएको ल्याउँछ गरेको छ।

'हाल प्रत्येक वर्ष करिब ८० लाख टन प्लास्टिकको फोहोर समुद्रमा जम्मा हुने गरेको छ। यसरी हेर्दा प्रत्येक मिनेटमा प्लास्टिकको ड्रंगर बन्ने गरेको छ' अध्ययन प्रतिवेदनमा उल्लेख छ। अहिले फोहोर जम्मा हुने कार्यमा बृद्धि भई सन् २०३० सम्ममा दोब्बर हुने र सन् २०५० सम्ममा माछाभन्दा बढी हुने दावी गरिएको छ।

प्लास्टिक प्रदूषण गठबन्धनका प्रमुख डियन्ना कोहेनले अहिलेको सबैभन्दा ठुलो समस्या एक पटक मात्र प्रयोग गर्ने र पुनः प्रयोग गर्न नसकिने विषयलाई केन्द्रित गर्नु रहेको बताए। करिब १८० विज्ञहरूसँग कार्यक्षेत्रमै लिइएको अन्तर्वार्ताका आधारमा तयार पारिएको अध्ययनले धेरैजसो प्लास्टिक एक पटक मात्र प्रयोग हुने गरेको पनि देखाएको छ।

अध्ययनका केही महत्त्वपूर्ण तथ्यहरूमा सन् २०५० सम्ममा प्लास्टिक फोलाको प्रयोग २० पटक बढी हुने, धेरैजसो प्लास्टिक एक पटक मात्र प्रयोग हुने, एक तिहाइ प्लास्टिक संकलन हुन नसकेको, केवल ५ प्रतिशत प्लास्टिक पुनः प्रयोग हुने गरेको र सन् २०५० सम्ममा १ अर्ब १२ करोड ४ लाख टन प्लास्टिक फोहोर उत्पादन हुने रहेको छ।

QATAR मा रोजगार
१ कम्पनी : MOEEN TRADING & CONTRACTING EST — शहर: Qatar
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ — चलानी नं. : ४०५२ — LT. No. 150742

सि. नं.	कामदारको पद	आय संख्या पुरुष	आय संख्या GR	मासिक तलब नेपाल रुपैया	मासिक तलब मुद्रिका	काम टाइम	प्रतिदिन काम	हप्ताका काम	मासिक	खाने	बसने	कुल मुद्रिका
1	Plumber	11	1100	31,900	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	नि:शुल्क
2	Carpenter	11	1100	31,900								
3	Labour	75	900	26,100								
4	Electrician	15	1100	31,900								
5	Mason	33	1100	31,900								
6	Driver	03	1900	55,100								

मेडिकल रोजगार विवरणबारे गराईएको जानकारी : १. आफ्नो नागरिक विसा प्राप्त भइसकेपछि निश्चित भारतीय मान कम्पनीसँ गई रक्त मुआइनु होला। मुआइनुको रकमको भौचर अनिवार्य लिइनुपर्दछ। २. आफु बाल वर्ष माथि बुढ्यूका गरेको नेपाली कुटुम्बिसँग बिदाबारी बसेको हुनेछ र भोल नसकाएर बाटामा राख्नुहोला। आफु कोटिएमुक्त पर्दा कम्पनी वर्ष सकिनी हुन्छ। ३. यस विज्ञापन अनुसार जा उम्मेदवारको लागि यही रकम कर्मचारी नोटिएमुक्त। ४. विदेश जाए पछि अनिवार्यकाम का इन्छुकमात्र नोटिस अनिवार्य निस्कनेछ। ५. विदेश जानुअघि आफुलाई बुझ, काम दिने कम्पनी, पाउने पेशा, मुद्दिका र अन्य कानेदारी राख्नेगरेका कम्पनीबाटमा हस्ताक्षर गर्नुहोला। थोरी १. तक: प्रति आफुलाई राख्नुहोला। ६. कामका निसि जोड नेपालकै राजनयिक प्रयोग गर्नुहोला। अन्यथा प्रतिनि कामकाजमा हुन्छ। ७. यस विज्ञापन कामकाजमा यस बेही बुझ्नुपर्ने थप नया गोराना प्रयुक्त विभाग, कार्यालयका मालिक राख्नुहोला।

Surya International Pvt.Ltd.
Kalimatidole-09, Airport, Kathmandu, Nepal, Govt. Lic. no.: 277/058/059, GPO box:9910, e-mail:admin@suryanep.com, website:www.suryanep.com
Phone No: 01-4469951, 4469952, 4469953

बहराईनमा रोजगार
१ कम्पनी: SECURE ME W.L.L. — शहर : Doha
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ — चलानी नं. : ८०१० — LT. No. 150834

सि. नं.	कामदारको पद	आय संख्या पुरुष	आय संख्या BD	मासिक तलब नेपाल रुपैया	मासिक तलब मुद्रिका	काम टाइम	प्रतिदिन काम	हप्ताका काम	मासिक	खाने	बसने	कुल मुद्रिका
1	Worker (Maintenance)	100	110	31,350	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	नि:शुल्क

- छनौट भई भिषा प्राप्त पै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा भापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

मेडिकल रोजगार विवरणबारे गराईएको जानकारी : १. आफ्नो नागरिक विसा प्राप्त भइसकेपछि निश्चित भारतीय मान कम्पनीसँ गई रक्त मुआइनु होला। मुआइनुको रकमको भौचर अनिवार्य लिइनुपर्दछ। २. आफु बाल वर्ष माथि बुढ्यूका गरेको नेपाली कुटुम्बिसँग बिदाबारी बसेको हुनेछ र भोल नसकाएर बाटामा राख्नुहोला। आफु कोटिएमुक्त पर्दा कम्पनी वर्ष सकिनी हुन्छ। ३. यस विज्ञापन अनुसार जा उम्मेदवारको लागि यही रकम कर्मचारी नोटिएमुक्त। ४. विदेश जाए पछि अनिवार्यकाम का इन्छुकमात्र नोटिस अनिवार्य निस्कनेछ। ५. विदेश जानुअघि आफुलाई बुझ, काम दिने कम्पनी, पाउने पेशा, मुद्दिका र अन्य कानेदारी राख्नेगरेका कम्पनीबाटमा हस्ताक्षर गर्नुहोला। थोरी १. तक: प्रति आफुलाई राख्नुहोला। ६. कामका निसि जोड नेपालकै राजनयिक प्रयोग गर्नुहोला। अन्यथा प्रतिनि कामकाजमा हुन्छ। ७. यस विज्ञापन कामकाजमा यस बेही बुझ्नुपर्ने थप नया गोराना प्रयुक्त विभाग, कार्यालयका मालिक राख्नुहोला।

VIS भाइटल इन्टरनेशनल सर्भिस प्रा.लि. श्रम इजाजत नं.: १४९/०६७/०६८
पुल्चोक, ललितपुर, काठमाडौं फोन : ५५४५८१७.
मोबाइल : 9851225284, 9851072041, 9851033644

साउदी अरेबीयामा रोजगार
१ कम्पनी : BARAKAH FACTORY FOR POLYYENE — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ — चलानी नं. : ७९८ — LT. No. 150190

सि. नं.	कामदारको पद	आय संख्या पुरुष	आय संख्या SR	मासिक तलब नेपाल रुपैया	मासिक तलब मुद्रिका	काम टाइम	प्रतिदिन काम	हप्ताका काम	मासिक	खाने	बसने	कुल मुद्रिका
1	Loading & Unloading Labour	05	800	22,400	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	नि:शुल्क

- छनौट भई भीषा प्राप्त भैसकेका व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषाभापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

मेडिकल रोजगार विवरणबारे गराईएको जानकारी : १. आफ्नो नागरिक विसा प्राप्त भइसकेपछि निश्चित भारतीय मान कम्पनीसँ गई रक्त मुआइनु होला। मुआइनुको रकमको भौचर अनिवार्य लिइनुपर्दछ। २. आफु बाल वर्ष माथि बुढ्यूका गरेको नेपाली कुटुम्बिसँग बिदाबारी बसेको हुनेछ र भोल नसकाएर बाटामा राख्नुहोला। आफु कोटिएमुक्त पर्दा कम्पनी वर्ष सकिनी हुन्छ। ३. यस विज्ञापन अनुसार जा उम्मेदवारको लागि यही रकम कर्मचारी नोटिएमुक्त। ४. विदेश जाए पछि अनिवार्यकाम का इन्छुकमात्र नोटिस अनिवार्य निस्कनेछ। ५. विदेश जानुअघि आफुलाई बुझ, काम दिने कम्पनी, पाउने पेशा, मुद्दिका र अन्य कानेदारी राख्नेगरेका कम्पनीबाटमा हस्ताक्षर गर्नुहोला। थोरी १. तक: प्रति आफुलाई राख्नुहोला। ६. कामका निसि जोड नेपालकै राजनयिक प्रयोग गर्नुहोला। अन्यथा प्रतिनि कामकाजमा हुन्छ। ७. यस विज्ञापन कामकाजमा यस बेही बुझ्नुपर्ने थप नया गोराना प्रयुक्त विभाग, कार्यालयका मालिक राख्नुहोला।

Dynamic Sales & Services (P) Ltd.
श्रम इजाजत नं.: १७९/०६८/०६८
Post Box No. 2012
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail:dynamic@man.wlink.com, Website:www.dynamicmanpower.com

साउदी अरेबीयामा रोजगार
१ कम्पनी : EXECUTIVES HOTEL — शहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ — चलानी नं. : ७९९० — LT. No. 149953

सि. नं.	कामदारको पद	आय संख्या पुरुष	आय संख्या SR	मासिक तलब नेपाल रुपैया	मासिक तलब मुद्रिका	काम टाइम	प्रतिदिन काम	हप्ताका काम	मासिक	खाने	बसने	कुल मुद्रिका
1	Labour	12	1200	33,600	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	नि:शुल्क

मेडिकल रोजगार विवरणबारे गराईएको जानकारी : १. आफ्नो नागरिक विसा प्राप्त भइसकेपछि निश्चित भारतीय मान कम्पनीसँ गई रक्त मुआइनु होला। मुआइनुको रकमको भौचर अनिवार्य लिइनुपर्दछ। २. आफु बाल वर्ष माथि बुढ्यूका गरेको नेपाली कुटुम्बिसँग बिदाबारी बसेको हुनेछ र भोल नसकाएर बाटामा राख्नुहोला। आफु कोटिएमुक्त पर्दा कम्पनी वर्ष सकिनी हुन्छ। ३. यस विज्ञापन अनुसार जा उम्मेदवारको लागि यही रकम कर्मचारी नोटिएमुक्त। ४. विदेश जाए पछि अनिवार्यकाम का इन्छुकमात्र नोटिस अनिवार्य निस्कनेछ। ५. विदेश जानुअघि आफुलाई बुझ, काम दिने कम्पनी, पाउने पेशा, मुद्दिका र अन्य कानेदारी राख्नेगरेका कम्पनीबाटमा हस्ताक्षर गर्नुहोला। थोरी १. तक: प्रति आफुलाई राख्नुहोला। ६. कामका निसि जोड नेपालकै राजनयिक प्रयोग गर्नुहोला। अन्यथा प्रतिनि कामकाजमा हुन्छ। ७. यस विज्ञापन कामकाजमा यस बेही बुझ्नुपर्ने थप नया गोराना प्रयुक्त विभाग, कार्यालयका मालिक राख्नुहोला।

मदरल्याण्ड ओभरसिज प्रा.लि.
सिनामंगल, काठमाडौं, इजाजत नं. : ३३९/०५९/०६०, फोन : 01-4494015, 4456682, 4493649, 4463480
Contact :- Nepalgunj (Ganesh Sunar 9851048599), Kathmandu ; (Anil KC : 9851045711, Keshab Rana 9851042339, Roshana : 9851017866, Sajana : 9851073258 Bhim Rai : 9851024632, Mahesh : 9848727011

मलेशियामा रोजगार
१. कम्पनी : HYPER CLEANING — शहर : Kualaumpur
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ — चलानी नं. : ७९७ — LT. No. 150074

सि. नं.	कामदारको पद	आय संख्या पुरुष	आय संख्या RM	मासिक तलब नेपाल रुपैया	मासिक तलब मुद्रिका	काम टाइम	प्रतिदिन काम	हप्ताका काम	मासिक	खाने	बसने	कुल मुद्रिका
1	Cleaning	01	1200	30,000	कम्पनीबाट व्यवस्था गरेको	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छैन	छ	नि:शुल्क

मेडिकल रोजगार विवरणबारे गराईएको जानकारी : १. आफ्नो नागरिक विसा प्राप्त भइसकेपछि निश्चित भारतीय मान कम्पनीसँ गई रक्त मुआइनु होला। मुआइनुको रकमको भौचर अनिवार्य लिइनुपर्दछ। २. आफु बाल वर्ष माथि बुढ्यूका गरेको नेपाली कुटुम्बिसँग बिदाबारी बसेको हुनेछ र भोल नसकाएर बाटामा राख्नुहोला। आफु कोटिएमुक्त पर्दा कम्पनी वर्ष सकिनी हुन्छ। ३. यस विज्ञापन अनुसार जा उम्मेदवारको लागि यही रकम कर्मचारी नोटिएमुक्त। ४. विदेश जाए पछि अनिवार्यकाम का इन्छुकमात्र नोटिस अनिवार्य निस्कनेछ। ५. विदेश जानुअघि आफुलाई बुझ, काम दिने कम्पनी, पाउने पेशा, मुद्दिका र अन्य कानेदारी राख्नेगरेका कम्पनीबाटमा हस्ताक्षर गर्नुहोला। थोरी १. तक: प्रति आफुलाई राख्नुहोला। ६. कामका निसि जोड नेपालकै राजनयिक प्रयोग गर्नुहोला। अन्यथा प्रतिनि कामकाजमा हुन्छ। ७. यस विज्ञापन कामकाजमा यस बेही बुझ्नुपर्ने थप नया गोराना प्रयुक्त विभाग, कार्यालयका मालिक राख्नुहोला।

VMS वास्तु म्यानेजमेन्ट सर्भिस प्रा. लि.
Govt. Lic. No.: 926/067/068
Sinamangal-9, Kathmandu, Nepal, Tel : 00977-1-4461217/4461317,
Mob: 9841851577, 9818127470
E-mail : info@vmsnepal.com, www.vmsnepal.com

वर्गीकृत किरण
सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

राहदानी हरायो
मिति २०७२/८/०५ गते लम्घासंदेखि चुटबलसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुंदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु।
नाम : सुरज सोमरे
राहदानी नं.: ०७४१३११६
ठेगाना : बाग्वार्ड-८, गुल्मी

राहदानी हरायो
मिति २०७२/९/०२ गते भोजपुरको सदरमुकाम देखि देउरालीसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुंदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु।
नाम : निमा तामाङ
राहदानी नं.: ०६७४४७१
ठेगाना : देउराली-८, भोजपुर
सम्पर्क: ९८१३०४००१३

राहदानी हरायो
मिति २०७२/७/१५ गते वर्दियाको गुलरिया राधाकृष्ण चोकदेखि जिपकासम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुंदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु।
नाम : मान बहादुर चौधरी
राहदानी नं.: १७७५२९४
ठेगाना : पाताभार-३, बर्दिया
सम्पर्क : ९८४१४२९२४३

आवश्यकता
नेपाली खाजाघर को लागि निम्न कर्मचारीहरु आवश्यकता भएकोले ईच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गर्दछु।
कुक - १ लेडिज हेल्पर - १
सम्पर्क: ९८४३१३७४३५, ९८६०६४७५२९
बसस्थली, नागर्जुन न.पा. राधाकृष्ण मन्दिर नजिक

राहदानी हरायो
मिति २०७२/७/१५ गते बनेपादेखि पुलबजारसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुंदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु।
नाम : चन्द्रमान तामाङ
राहदानी नं.: ४२८३६११
ठेगाना : मेच्छे-२, काभ्रेपलान्चोक
सम्पर्क : ९८६०६८६०१४

एक प्रतिष्ठित URI Company लाई तु चाहियो
संख्या: 4 Ladies/ 3 Gents
तलब: 10,500/-
योग्यता: Test/SIC,+2 above
सुविधा: आएशी समजदारीमा
ललितपुर, महालक्ष्मीस्थान
9860140619
9815137837
नोट: ग्राहक भोजनको कार्यालयमा तु कम्पनी महोत्तर। प्रशिक्षण पनि आकिक सुलभ रहनेछ।

राहदानी हरायो
मिति २०७२/८/२० गते कलंकीदेखि बल्खुसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुंदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु।
नाम : जल बहादुर बस्नेत
राहदानी नं.: ०७६५०३०
ठेगाना : दोलखा
सम्पर्क : ९८६१२०३८८०

राहदानी हरायो
मिति २०७२/८/१० गते नयां वसपार्कदेखि महाराजगन्जसम्म जांदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुंदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु।
नाम : जुद्ध बहादुर बुढा
राहदानी नं.: ०५५२२२५७
ठेगाना : तालाबाड-१, रोल्पा
सम्पर्क : ९८४१३७१९६६

CUG Company को लागी महिला/पुरुष तु: आवश्यकता
योग्यता: Test, Slc,Or Above
तलब: 11,200/-
सुविधा: कम्पनीको नियमअनुसार
स्थान: काठमाडौं, ललितपुर
9844239966
9808857315
नोट: ग्राहक भोजनको तु कार्यालयमा रहनुपर्ने महोत्तर। प्रशिक्षण पनि आकिक सुलभ रहनेछ।

चीनमा रागिनी उपाध्यायको एकल चित्रकला प्रदर्शनी

राजधानी समाचारदाता
काठमाडौं, ६ माघ

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानकी कुलपति रागिनी उपाध्यायले यतिबेला आफ्नो चित्रकलाबाट चीनमा चर्चा कमाएकी छन् । यसअघि विभिन्न देशमा एकल चित्रकला प्रदर्शन गरिसकेकी कुलपति उपाध्यायले चीनमा पहिलो पटक आफ्नो एकल चित्रकला प्रदर्शनी गरेकी हुन् ।

संघाईबाट ४५ किलोमिटर पर रहेको चीनको सुझउ सहरस्थित 'वाङ सिआओ हुई म्युजियम' गत २४ पुसबाट आफ्नो कला प्रदर्शनी गरेर उनी काठमाडौं फर्किएकी छन् । विगत डेढ दशक यतावाट आफूले तयार गरेका उत्कृष्ट चित्रहरू यस पटक चीनमा प्रदर्शन गरिएको उनले बताइन् । सो कला प्रदर्शनी २६ दिनका लागि आयोजना गरिएको हो । चार दिनअघि उनी काठमाडौं फर्किए पनि उनको चित्रकला प्रदर्शनी २० माघसम्म जारी रहनेछ । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सभारोह भएकाले आफू चीनको प्रदर्शनी छाडेर काठमाडौं फर्किएको उनले जानकारी गराइन् ।

'कला प्रदर्शनीको उद्घाटन समारोहमा त्यहाँका चर्चित कलाकारदेखि कलाप्रेमीहरू गरी २ सयभन्दा बढी चिनियाँहरू उपस्थित थिए । चित्रकला बुझ्न भाषाको समस्या नहुने भएकाले चिनियाँहरूले मेरो कला मन पराएको प्रतिक्रिया दिए ।' कुलपति उपाध्यायले भनिन्, 'यस पटकको कला प्रदर्शनी मैले सोचेको भन्दा निकै राम्रो भयो । त्यहाँका राष्ट्रिय स्तरका सञ्चार माध्यमले मेरो कलाको समाचारलाई स्थान दिएर नेपाली

कलाको प्रोत्साहनमा मद्दत पुऱ्याए ।'

कुलपति उपाध्यायको भनाइमा 'वाङ सिआओ हुई म्युजियम'की निर्देशक तानले उनका कला अन्तर्राष्ट्रिय विषयवस्तुमा केन्द्रित र अन्तराष्ट्रिय स्तरका भएकाले त्यहाँ प्रदर्शनी गरिएको बताएकी थिइन् ।

चार महिनाअघि चीन भ्रमणमा गएका बेला कुलपति उपाध्यायलाई 'वाङ सिआओ हुई म्युजियम'ले एकल चित्रकला प्रदर्शनीका लागि निमन्त्रणा दिएको थियो । सो म्युजियमले रागिनीको कलाको प्रदर्शनीको 'बुकलेट' समेत प्रकाशन गरिदिएको थियो । यस पटक आफूले गरेको सो चित्रकला प्रदर्शनीले नेपाल चीनको कला सम्बन्धलाई जोड्ने काम गरेको भनाइ कुलपति रागिनी उपाध्यायको छ ।

उनले 'कोलोग्राफ, इचिङ, वाटर कलर, मिक्स मिडिया' जस्ता विभिन्न माध्यममा तयार गरिएका ५२ ओटा चित्रकला त्यहाँ प्रदर्शन गरिन् । 'दर्शन' शृंखलाअन्तर्गत अहिलेको विश्वव्यापी समस्या जलवायु परिवर्तनमा केन्द्रित चित्रहरू उनले प्रदर्शनीमा राखेकी थिइन् ।

यस्तै, विश्व शान्तिलाई लक्ष्य गरेर तयार गरिएका चित्रहरू पनि यस पटकको प्रदर्शनीमा आफूले राखेको कुलपति उपाध्यायले बताइन् । सुझउ सहरस्थित 'वाङ सिआओ हुई म्युजियम' मा सम्पन्न भएपछि चीनका अन्य सहरमा पनि आफ्नो यो चित्रकला प्रदर्शनी हुने उनले जानकारी गराइन् ।

दर्शकमाझ आउने भयो 'को आफ्नो'

काठमाडौं/रास– अमेरिकामा बस्दै आएका अनिल थापाले आफूद्वारा लिखित/निर्देशित चलचित्र 'को आफ्नो' आगामी ७ फागुनबाट नेपालमा प्रदर्शनी गर्ने भएका छन् ।

बुधवार राजधानीमा आयोजित पत्रकार भेटघाटका क्रममा उनले आफ्नो चलचित्रको प्रदर्शन तिथि सार्वजनिक गरेका हुन् । करिश्मा मानन्धर निर्मित तथा सम्झना रौनियार उप्रेती निर्देशित चलचित्र 'फागु' पनि आगामी ७ फागुनबाटै प्रदर्शनीमा आउँदै छ । आफ्नो चलचित्र को आफ्नो वास्तविक घटनामा आधारित एवं अहिलेको चलचित्रभन्दा पृथक् रहेको दावी गर्दै निर्देशक थापाले सोही कारण यो चलचित्रलाई ७ फागुनमा प्रदर्शनी गर्न लागिएको बताए ।

गत महिना अमेरिकामा चलचित्रको प्रदर्शनी गरिएको र सो प्रदर्शनीमा चलचित्रले पाएको प्रतिक्रियायुक्त दृश्यहरू पनि उनले पत्रकार भेटघाटका क्रममा देखाए ।

यो चलचित्रमा अभिनेत्री ऋचा शर्माले अहिलेको आफ्नो उमेरभन्दा दोब्बर उमेरकी महिलाको भूमिका निर्वाह गरेकी छन् । गरिबीका कारण पाल्न नसकेर आफ्नो सन्तान धर्मपुत्रका रूपमा अरूलाई दिएपछि त्यो सन्तानको मायाले आमालाई कतिसम्म सताउँछ भन्ने पीडामा यो चलचित्र केन्द्रित भएको कार्यक्रममा बताइयो । ती पीडित आमाको भूमिकामा ऋचाले अभिनय गरेकी छन् ।

चलचित्रमा ऋचासँगै सुवास थापा, सुशांक मैनाली, मेनुका प्रधान, राजन खतिवडा, शान्ति गिरी, सुदाम केसी, सुलक्षण भारती, प्रकाश घिमिरेसहितको अभिनय रहेको छ ।

अञ्जलीले जितिन् २ लाख ५० हजार

काठमाडौं/रास– नृत्य प्रतियोगिता 'लेट मी डान्स'को पहिलो शृंखलामा भापाकी अञ्जली माझी सर्वोत्कृष्ट भएकी छन् । विकाल आर्ट एकेडेमीद्वारा आयोजित सो प्रतियोगिताको अन्तिम प्रतिस्पर्धामा उत्कृष्ट सातमा परेका आफ्ना ६ प्रतिस्पर्धीलाई पछि पार्दै पहिलो भएर उनले २ लाख ५० हजार रुपैयाँसहित 'लेट मी डान्स'को उपाधि जितेकी हुन् ।

५० प्रतिशत एसएमएस भोटिङ र ५० प्रतिशत निर्णायक मतका आधारमा विजेता छनोट गरिएको हो । विर्तामोडस्थित वाल्मीकि फोफिडेन्ट कलेजमा स्नातक पहिलो वर्ष अध्ययनरत अञ्जलीले प्रतियोगितामा १ लाख २२ हजार भोट प्राप्त गरेकी थिइन् । यो प्रतियोगितामा झापा विर्तामोडकी अनिशा ओली द्वितीय र बुटवलकी सपना राना मगर तृतीय भए ।

आजको राशिफल

❑ ज्यो. पं. घनानन्द शर्मा घिमिरे
9849082003

- **मेष–** यात्रामा बाधा तथा मनमा चिन्ता हुनेछ ।
- **वृष–** शत्रुले बसमा पार्नेछन् ।
- **मिथुन–** आफन्तको सहयोगमा आम्दानी हुनेछ ।
- **कर्कट–** व्यर्थ खर्च तथा काममा बाधा आउनेछ ।
- **सिंह–** आफूले चाहेको काम पूरा हुनेछ ।
- **कन्या–** काममा अपजस प्राप्त हुनेछ ।
- **तुला–** दाजुभाइको सहयोगमा धनलाभ हुनेछ ।
- **वृश्चिक–** काममा सफलता हात लाग्नेछ ।
- **धनु–** काममा बाधा र शत्रुको डर रहनेछ ।
- **मकर–** शत्रुको कारणले मनमा डर-त्रास रहनेछ ।
- **कुम्भ–** धन तथा सम्मान प्राप्त हुनेछ ।
- **मीन–** नसोचेको सफलता हात लाग्नेछ ।

कतारमा रोजगार

१. कम्पनी : PERMANENT GENERAL CONTRACTING शहर : Doha
पूर्व स्वीकृत मिति : २०७२/१०/०६ चलानी नं. : ८०२६ LT. No. 150851

क्र.	कामदारको पद	आ.व. पुरुष	आ.व. महिला	मासिक तलब QR	नेट
1	Plumber	10	1100	31,900	
2	Carpenter	10	1100	31,900	
3	Foreman	05	2500	75,500	
4	Labour	20	900	26,100	
5	Driver	05	1900	55,10	
6	Blacksmith	10	1100	31,900	
7	Tile Maker	10	1100	31,900	
8	Plaster Worker	10	1100	31,900	
9	Electric	05	1100	31,900	
10	Marble Technician	05	1100	31,900	

सवारसाधन आफै | सवारसाधन आफै | कम्पनीले हेरे रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | १५०००

– छनौट भई विदा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क अतिरुपैं दिनुपर्नेछ ।

Relation Employment Service Pvt. Ltd.
Basundhara, Kathmandu, P.O.Box: 111
Tel: +977-1-4359803 (O), Fax: +977-1-4360094
Govt. Lic No: 906/067/068

QATAR, SAUDI ARABIA & UAE मा रोजगार

१ कम्पनी : SAVY CO. Qatar
पूर्व स्वीकृत मिति : 2072/10/06 चलानी नं. : 8108 LT. No.150635

क्र.	कामदारको पद	आ.व. पुरुष	आ.व. महिला	मासिक तलब QR	नेट
1	Driver	3	0	1900	55,100
2	WAITER FEMALE	0	4	1500	43,500

२ कम्पनी : UNITED MINING CO. FACTORY FOR THE PRODUCTION OF INDUSTIAL MINERALS KSA
पूर्व स्वीकृत मिति : 2072/10/06 चलानी नं. : 8095 LT. No. 149488

क्र.	कामदारको पद	आ.व. पुरुष	आ.व. महिला	मासिक तलब SR	नेट
1	Quarry Worker	03	0	1100	30,800
2	Normal Worker	02	0	800	22,400
3	general cleanliness worker	04	0	800	22,400
4	Loading & Unloading Worker	03	0	800	22,400
5	PACKAGING & WRAPPING WORKER	04	0	1100	30,800
6	in miner	03	0	1100	30,800

३ कम्पनी : XTRAMIX CONCREATE SOLUTIONS LLC UAE
पूर्व स्वीकृत मिति : 2072/10/06 चलानी नं. : 8092 LT. No. 150498

क्र.	कामदारको पद	आ.व. पुरुष	आ.व. महिला	मासिक तलब AED	नेट
1	Mason	74	0	1200	34,800
2	Erector	39	0	1200	34,800
3	hd driver	04	0	2250	65,250
4	Sr. Erector	01	0	1950	56,550

सवारसाधन आफै | सवारसाधन आफै | रोजगार दाता कम्पनीले | निःशुल्क | निःशुल्क | १५०००

The River Overseas Pvt. Ltd.
Battisputali, Gaushala, Kathmandu, Nepal
Tel : +977-1-4462431, 4462432, Fax : +977-1-4462430
Email : theriver@wlink.com.np, theriveroverseas@yahoo.com
Web: www.theriveroverseas.com.np
Govt. Lic. No. 406/060/061

वर्गीकृत विज्ञापन

आइतबार, मंगलबार, बिहीबार र शनिबार

जग्गा बिक्रीमा
सांखु पालुबारीमा २ आना ३ पैसा जग्गा बिक्रिमा ९८४१४४५०४३, ९८४३४४६५३६

चाहियो
अनुभवि डिजाइनर, पार्टटाइम, फुल टाइम, प्रेस हेल्पर चाहियो ९८५११४९९५, ४६०९०६, ९८४१४६००९७

अफिसकोलागि स्टाफ ११,५००/- (फिक्स) ९८४३८८८१६३, ९८१८५१०७९० भक्तपुर

बिक्रीमा
पानी तताउने सोलार, पानी फिल्टर फोन नं. : ९७४१००४६७९

सम्पर्क
के तपाई विदेशजान लाग्नुभएको छ तर सेक्युरेटी प्रमाणपत्रले अड्कीनु भएको छमने हामीलाई सम्पर्क गर्नुहोला ९८५१०४९८९९

सवारी साधन
नीसिटर जिप रिजर्भ टुर टिकेट्टि चाहियमा ४००१५६४, ९८६०८३३६७६

मर्मत
कलर टेलिभिजन ग्यारेन्टीसाथ घरमै मर्मत ९८४१७९३८६, ९८१५०२७२४०

तिर्थयात्रा
गंगासागर, तिनधाम, ११-ज्यो तिलिङ्ग, गयाकाशी 01-4462024, 9803017032

फल्याट भाडामा
कुमारीपार्टी हाईवेमा अफिसहरुलाई अति उपयुक्त तिनकोठाको फल्याट ९८५११२३७३७, ५४२९४६

राजधानी राष्ट्रिय दैनिकको वर्गीकृत/डिस्प्ले विज्ञापन संकलनका लागि विभिन्न स्थानमा बुकिङ्ग काउण्टर खोलिएकाले सम्पर्क राखि लाभ उठाउनुहुन सहर्ष जानकारी गराउँछौं

➪**सोइखुट्टे**, नर्पाबजार, गोरखा न्यूज :-४३५५७०, ➪**लगनखेल**, ब्रासिस बुक्स एण्ड स्टेशनरी : ९८४९८७२१८१, ५५४१३००, ➪**चाबहिल**, युनाइटेड आइटी सोल्सन: ९८५१०३०६७५, ➪**नयाँ बसपार्क**, न्यू पोखरा अडियो सेन्टर :- ४३८०५८२, ➪**नयाँ बसपार्क**, पसपुती कम्युनीकेशन :- ४३६६१९२, ➪**भक्तपुर**, सल्लाघरी तीनकुने, पुष्प थ्री स्टेशनरी :- ६६१५१२, ➪**कालिमाटी**, पस्लिक कन्ट्याक प्वाइन्ट :- ४६७४८०१, ➪**पुरानोबानेश्वर चोक**, बीडलिक मिडिया प्रा.लि. :- ४४९२३०९/२०१४९३२, ➪**हात्तीसार**, लुम्बिनी कम्युनीकेशन :- ४४४५२९४, ➪**मैतिदेवी**, बाबा स्टेशनरी एण्ड सेकेटरीयल इन्टरप्राइजेज :- ४४४४०१९, ➪**ज्याठा**, एपिनेट कम्प्युटर :- ४२५८६०६, ➪**मिनभवन**, ग्लोबल बुक्स एण्ड स्टेशनरी: ४१०७१२८/४१०४४७३, ➪**गोंगबु चोक**, लोटस कम्युनिकेशन :- ४३६४७५१, ➪**बसुन्धरा**, एम.एस. सेडोई बुक्स एण्ड स्टेशनरी :- ४३५६४७५, ➪**कोटेश्वर**, कबिन बुक्स एण्ड स्टेशनरी :- ४६००१६७, ➪**चाबहिल**, अदिती विज्ञापन सेवा :- ९८४१०२६३८१, ➪**क्षेत्रपाटी ढल्के**, कम्युनिकेशन प्लस :- ४२६६७५१, ➪**सुन्धारा**, सुन्धारा टेलिकम :- ४२२०१८२, ➪**कीर्तिपुर**, किपु बुक्स प्वाइन्ट :- ४३३१७७५, ➪**ठमेल**, झाइलाइट मिडिया :- ४४१७३३३, ➪**भागबजार**, विश्व नेपाली पुस्तक सदन :- ४२२४२२६, ➪**जोरपाटी**, स्मार्ट इन्फोटमेन्ट प्रमोशन प्रा.लि. :- ४९१३०१०, ९७४१०१७२३३, ➪**लगनखेल**, निशा बुक्स एण्ड स्टेशनरी :- ५५३१९५७, ९८४१६२४८९, ➪**नयाँ बानेश्वर**, पाविभरा इन्टरप्राइजेज : ९८४१४४५९०, ४४९८०३७, ➪**सेवु भैसेपाटी**, डगोल बुक्स एण्ड स्टेशनरी सेन्टर :- ९८४१५०२७७, ५५९०६५८, ➪**वीरगंज त्रिभुवती चौक**, अमृत पुस्तक भण्डार : ९८४९९७०७८९, ➪**हेटौंडा**, शिवालिक इन्टरप्राइजेज ९८४५८९०९८, ➪**भरतपुर, चितवन**, शुभप्रभात मिडिया हाउस ९८५५०६३४०७

सम्पर्क नं.:- काठमाडौं, ५५४६३००, फ्याक्स: ५०११५९४/ नेपालगञ्ज, ०८१-५२५९३४/पोखरा, ०६१-५३३४३७/बुटवल, ०७१-४३७४५५

सुन-चाँदी

छापावाल प्रतितोला	- रु. ५०,१५०/-
तेजाबी प्रतितोला	- रु. ४९,९००-
चाँदी प्रतितोला	- रु. ६७५/-

अर्थ

बजेटको पुनः प्राथमिकीकरण गर्दै सरकार

मध्यावधि समीक्षासम्ममा घोषणा

राजधानी समाचारदाता
काठमाडौं, ६ माघ

सरकारले चालु आर्थिक वर्ष २०७२/७३ को बजेटको पुनःप्राथमिकीकरण गर्न सुरू गरेको छ। आर्थिक वर्ष सुरु भएको ६ महिना बितिसक्दा पनि बजेटको कार्यान्वयन पक्ष कमजोर भएपछि अर्थ मन्त्रालयले प्राथमिकतापूर्ण कार्यक्रमलाई समेटेर बजेटको पुनःप्राथमिकीकरण थालेको हो। अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थतन्त्रको श्वेतपत्र जारी गर्दा नै बजेटलाई पुनःप्राथमिकीकरण गर्ने घोषणा गरेका थिए। सोही घोषणाअनुसार एक दर्जन राष्ट्रिय प्राथमिकतापूर्ण कार्यक्रम र अन्य केही महत्त्वपूर्ण कार्यक्रमसमेत समेटेर अगाडि बढ्ने सरकारी योजना छ।

अर्थ मन्त्रालयका सहसचिव एवं बजेट महाशाखा प्रमुख रामशरण पुडासैनीले बजेट खर्चलाई प्रभावकारी बनाउन अर्थ मन्त्रालयले बजेटको पुनःप्राथमिकीकरण गर्न थालेको बताए। 'बजेट खर्चलाई प्रभावकारी बनाउने र राष्ट्रिय महत्त्व प्राप्त आयोजनालाई पर्याप्त बजेटको व्यवस्था गर्ने उद्देश्यले यो काम थालिएको हो,' सहसचिव एवं प्रवक्ता पुडासैनीले राजधानीसँग भने, 'सके छिट्टै नत्र बजेटको मध्यावधि समीक्षासम्ममा यो कार्य सम्पन्न हुन्छ।'

सरकारी लक्ष्यअनुरूप बजेटरी खर्च हुन नसकी ठूलो रकम सरकारी ढुकुटीमा थुप्रिएर बसेपछि त्यसको विकल्प खोज्ने क्रममा यस्तो तयारी भएको सहसचिव पुडासैनीले बताए। अर्थ मन्त्रालयको निरन्तरको प्रयासका बावजूद पनि लक्ष्यअनुसार बजेटरी खर्च हुन नसकेको स्वीकार गर्दै उनले प्राथमिकताका अधारमा बजेट बिनियोजन गर्दा खर्च गर्न सजिलो हुने र त्यो उपलब्धिमूलक हुने अपेक्षा व्यक्त गरे। पछिल्ला केही वर्षयता लक्ष्यको तुलनामा बजेटरी खर्च कम हुने प्रवृत्ति बढेको स्वीकार गर्दै उनले खर्चलाई प्रभावकारी बनाउन भरपूर प्रयास गरिएको भए पनि त्यो सम्भव नभएको बताए।

'यो वर्ष लक्ष्यभन्दा निकै कम मात्र बजेटरी खर्च भई ठूलो रकम अनुत्पादक रूपमा सरकारी ढुकुटीमा वस्नुमा प्रवृत्ति र परिस्थिति दुवै कारण बन्यो,' सहसचिव पुडासैनीले भने, 'अब बजेटको मध्यावधि समीक्षासम्ममा हामी यो प्रवृत्तिमा सुधार ल्याउने गृहकार्यमा लागेका छौं।'

अर्थ मन्त्रालयका अनुसार बजेट पुनःप्राथमिकीकरणमा चीनसँगको रसुवा नाकालाई स्तरोन्नति गर्ने र चीनसँगकै अर्को कुनै एउटा बाटो खोल्ने कार्यक्रम उच्च प्राथमिकतामा छ। यस्तै, भूकम्पपछिको पुनःनिर्माण कार्यलाई पनि यो कार्यक्रमले प्राथमिकता दिने भएको छ। अवका अन्य प्राथमिकतामा त्रिभुवन विमानस्थलको स्तरोन्नति, क्षेत्रीय विमानस्थलको निर्माण, काठमाडौं-तराई फास्ट ट्र्याक निर्माण, जलविद्युत् र पूर्वाधार विकासका आयोजनाको निर्माण तथा विस्तारलगायतका हुने अर्थ मन्त्रालयले जनाएको छ।

पूर्वअर्थसचिव एवं अर्थविद् रामेश्वर खनालले अहिलेको अवस्थमा बजेटको पुनःप्राथमिकीकरण गर्नुको विकल्प नभएको बताउँद छन्। यस्तो अवस्थामा सरकारले देशलाई स्वतन्त्रताका लागि अत्यावश्यक पर्ने कार्यमा बढी जोड दिनुपर्ने उनको भनाइ छ। भारतले पछिल्लो समयमा गरेको व्यवहार पुनः दोहोरिन नदिन अब सरकारले उत्तरतर्फको पूर्वाधार विकासमा जोड दिनुपर्ने उनको भनाइ छ। सहसचिव पुडासैनीले यस वर्ष बजेटरी खर्चमा सुधार ल्याउन सरकारले आर्थिक वर्षको पहिलो दिनदेखि नै स्वतःबजेट खर्च गर्ने नीति अख्तियार गरेको भए पनि त्यसले खासै प्रभाव पार्न नसकेको बताए। कार्यक्रम स्वीकृतिमा भएको ढिलाइलाई बाहना बनाउँदै बजेट खर्च नगर्ने प्रवृत्ति बढेपछि सरकारले चालु आर्थिक वर्षदेखि आर्थिक वर्षको पहिलो दिनदेखि नै स्वतःबजेटरी खर्चको अख्तियारी जाने व्यवस्था गरेको हो।

महालेखा नियन्त्रकको कार्यालयका अनुसार चालु आर्थिक वर्षको पुस मसान्तसम्मका जम्मा २१ दशमलव ९४ प्रतिशत बजेटरी खर्च भएको छ। त्यसमा पूँजीगत (विकास) खर्चको हिस्सा जम्मा कुल खर्चको ७ प्रतिशत छ। सो अवधिमा चालु (तलब/भत्ता) तर्फ कुल खर्चको २८ र सांवा ब्याज भुक्तानीतर्फ १९ प्रतिशत रकम खर्च भएको सो कार्यालयले जनाएको छ। सो तथ्यांकअनुसार समीक्षा अवधिमा १ खर्व ७९ अर्ब रुपैयां मात्र बजेटरी खर्च भएको छ।

चालु आर्थिक वर्षलाई सरकारले बजेट कार्यान्वयन वर्षका रूपमा मनाउने घोषणासमेत गरेको भए पनि यही वर्ष विगत वर्षको तुलनामा झनै कम रकम खर्च भएको छ। सरकारले आर्थिक वर्ष २०७२/०७३ का लागि ८ खर्व १९ अर्ब ४६ करोड ८८ लाख ८४ हजार रुपैयांको बजेट बिनियोजन गरेको छ।

स्वदेशी पुँजीबाटै बन्छ निजगढ विमानस्थल : पोखरेल

काठमाडौं/रास- पर्यटन तथा नागरिक उड्डयन मन्त्री आनन्दप्रसाद पोखरेलले स्वदेशी पुँजीबाटै निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने योजनासहित काम भइरहेको भन्दै छिट्टै शिलान्यास गर्ने जानकारी दिएका छन्।

रिपोर्टर्स क्लब नेपालले बुधवार आयोजना गरेको साक्षात्कारमा उनले सो जानकारी दिएका हुन्। 'निजगढ विमानस्थल निर्माण पाँच चरणमा काम सक्ने गरी ७ खर्बको बजेट अनुमान गरिएको छ। तर, एयरपोर्ट सिटीजस्तो विषयहरूलाई छाडेर पौने २ खर्बमा दुई चरणको काम राष्ट्रिय पुँजीबाट सम्पन्न गरेर विमानस्थल निर्माण गर्ने योजनामा प्रधानमन्त्रीसंग कुरा राखेको छ। उहाँ पनि सकारात्मक हुनु हुन्छ। सबै कुरा मिल्यो भने छिट्टै शिलान्यास हुन्छ,' मन्त्री पोखरेलले भने। मन्त्री पोखरेलले गौतम बुद्ध विमानस्थल तीव्रताका साथ निर्माण भइरहेको र पोखरा विमानस्थल आगामी १३ फागुनभित्र सबै कुरा दुंग्याएर शिलान्यास गर्ने प्रतिबद्धता व्यक्त गरे।

'गौतम बुद्ध विमानस्थल निर्माणको काम सुचारु भएको छ। १३ प्रतिशतवाट ८ प्रतिशत डिलेमा घटेको छ। पोखरा विमानस्थल निर्माणको चिनियाँ राजदूत र नेपालका अर्थमन्त्रीसंग कुरा भएको छ। अब १३ फागुनसम्ममा शिलान्यास गराउँछु' उनले भने। मन्त्री पोखरेलले ७५ ओटै जिल्लामा विमानस्थल निर्माण गर्ने गरी जग्गा प्राप्तिको योजना सुरु गर्न लागेको भन्दै विमानस्थल बन्न नसक्ने भए हेलिप्याडसमेत बनाउने बताए। उनले १० ओटा विमानस्थल सञ्चालन योग्य भए पनि बन्द रहेकाले त्यसलाई चीनबाट जहाज आएपछि पुऱ्याउने गरी तयारी भइरहेको भन्दै अब टिकट नपाउने स्थितिको अन्त्य गर्न साउन १ गतेबाट ई-टिकेटिङको व्यवस्था गर्ने जानकारी दिए।

मन्त्री पोखरेलले सबै ठिक भए आगामि कात्तिक महिनासम्म दुई ओटा वाइड वडी जहाज ल्याउने गरी प्रक्रिया अगाडि बढाएको जानकारी दिँदै केही दिनमा आउन बाँकी चार ओटा चिनियाँ जहाज पनि छिट्टै आउने बताए। उनले भने, 'चिनियाँ जहाज खरिद गर्न सम्झौता गरेर भुक्तानी भइसकेकाले त्यो ल्याउनैपर्छ तर मैले त्यसमा गर्नुपर्ने सुधारका लागि अध्ययन गराएको छु। त्यसको प्रतिवेदन आएपछि विगतका कमजोरी सच्याएर जहाज आउँछ। वाइड बडी जहाज ल्याउने विषयमा प्रस्ताव म कहाँ आएको छ। अब यो अघि बढ्छ।' आगामी वर्षभित्र १० लाख पर्यटक नेपाल भित्र्याउने योजना सुनाउँदै मन्त्री पोखरेलले हिन्दु र बौद्ध संस्कृतिलाई प्रवर्द्धन गर्ने बताए।

सानिमा बैंकको शाखा बनेपामा

काठमाडौं/रास- सानिमा बैंकले काभ्रेपलाञ्चोकको बनेपामा शाखा खोलेको छ। सो शाखाको सानिमा बैंकको ब्यान्ड प्रवर्द्धकद्वय मदन कृष्ण श्रेष्ठ र हरिबंश आचार्य (महा) तथा सानिमा बैंकका सञ्चालक महेश घिमिरे र भरतकुमार पोखरेलले संयुक्त रूपमा गरे।

सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत भुवन दाहालले बैंकका ग्राहक तथा सम्पूर्ण सरोकारवालालाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गर्दै यस शाखावाट पनि ग्राहकलाई गुणस्तरीय सेवा पुयाउने प्रतिबद्धता व्यक्त गरे।

सो अवसरमा महं जोडीले बनेपामा सानिमा बैंक सञ्चालनमा आएकामा बनेपावासीलाई बधाईको साथै बैंकलाई समेत बधाई ज्ञापन गर्दै सानिमाको सफलता तथा सबल अनि विश्वसनीय बैंकको रूपमा निरन्तर विस्तार हुन शुभकामना व्यक्त गरे। सानिमा बैंकको सो शाखासमेत गरी मेचीदेखि महाकालीसम्म ३९ ओटा सञ्जाल रहेको छ।

फेवा विकासको नाफा १७ करोड ३३ लाख

काठमाडौं/रास- फेवा विकास बैंकले चालु आवको दोस्रो त्रयमासमा १७ करोड ३३ लाख रुपैयां सञ्चालन नाफा गरेको छ। सोही अवधिसम्म निक्षेपमा गत असार मसान्तको तुलनामा १ अर्व १६ करोडले वृद्धि भई १० अर्व ५३ करोड रुपैयां पुऱ्याएको बैंकले बताएको छ।

कजातर्फ गत असार मसान्तको तुलनामा ७३ करोडले वृद्धि भई ८ अर्व ८४ करोड रुपैयां पुऱ्याएको बैंकले बताएको छ। बैंकले गत असारदेखि पोखराका विश्व विकास बैंक लिमिटेड र फेवा फाइनान्स एक आपसमा मर्जर भई राष्ट्रियस्तरको फेवा विकास बैंकका रूपमा कारोवार गर्दै आइरहेको छ।

चमेलिया जलविद्युत् आयोजनाको गाँठो फुक्यो

राजधानी समाचारदाता
काठमाडौं, ६ माघ

संसद्को सार्वजनिक लेखा समितिको निर्देशनपछि रोकिएको ३० मेगावाटको चमेलिया जलविद्युत् आयोजनाको भुक्तानी प्रक्रियाको गाँठो फुकेको छ। नेपाल विद्युत् प्राधिकरणको वोर्ड बैठकले चमेलिया जलविद्युत्को सांघुरिएको सुरुङ (स्क्युजिड टनेल) को भुक्तानी बारेको विवादमा पुनर्मूल्यांकन गर्दै र भुक्तानी गर्दै जाने निर्णय गरेपछि गाँठो फुकेको हो। भेरिएसन नम्बर ६ को सांघुरिएको सुरुङको १ अर्व ९ करोड भेरियसनबारे लेखा समितिले अनियमितता भएको भन्दै डेढ वर्षअघि भुक्तानी रोक्न निर्देशन दिएकामा त्यसप्रति नरम बन्दै पुसको दोस्रो साता ऊर्जा मन्त्रालय जिम्मेवारी हुने गरी भुक्तानी दिन निर्देशन दिएको थियो। सोही निर्देशनको आधारमा वोर्डले भुक्तानी प्रक्रिया अघि बढाउने निर्णय गरेको हो। 'चमेलिया जलविद्युत् आयोजनाको लामो समयदेखि भुक्तानीमा देखिएको गाँठो फुकेको छ, पुनर्मूल्यांकन गर्दै र भुक्तानी गर्दै जाने निर्णय भएको छ,' विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने।

८ सय ४३ मिटर सुरुङमध्ये २ सय ३२ मिटर सांघुरिएको सुरुङ निर्माण बाँकी छ। निर्माण पुरा भएको ६ सय ११ मिटर सुरुङको भुक्तानी नभएपछि ठेकेदार कम्पनीले सुरुङ निर्माण रोकिएको छ। ९६ प्रतिशत काम सकिएर पनि यसको काम नहुंदा ३० मेगावाटको जलविद्युत् आयोजनाको निर्माण पुरा हुन सकेको छैन। भुक्तानी भएर सुरुङ निर्माण अघि बढे १० महिनाभित्र आयोजना पुरा हुने प्राधिकरणले जनाएको छ।

आठ अर्व ४९ करोड ५४ लाख ८४ हजार कुल लागत अनुमान गरिएको आयोजनाको लागत १५ अर्व ६ करोड पुगिसकेको छ। २०६४ सालवाट निर्माण सुरु भएर २०६८ सालमै निर्माण सम्पन्न हुने लक्ष्य राखिएको आयोजनाको काम अझै सकिएको छैन। सुरुमा प्रति मेगावाट २८ करोडमा निर्माण सम्पन्न हुने लक्ष्य रहे पनि त्यसको दोब्बर पुग्न बालेपछि यसमा अनियमितता भएको आरोप लाग्दै आएको छ।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
काठमाण्डौ उपत्यका विकास प्राधिकरण
जिल्ला आयुक्तको कार्यालय काठमाण्डौ
अनामनगर, काठमाण्डौ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयबाट मिति २०७२/०८/२४ मा नेपाल समाचार पत्र दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुंदा न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही देखिन आएका निम्न विवरण अनुसारको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि आजका मितिले (भसात) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	ठेक्का नं.	कामको विवरण र स्थान	निर्माण व्यवसायीको नाम	कबोल अङ्क (VAT) बाहेक रु.
१	KVDA-DCO/072-73/RMPL-01K	काठमाण्डौ महानगरपालिका कमलपोखरी क्षेत्रको सुधार तथा बातावरणीय संरक्षण कार्य	उमा एण्ड कम्पनी/कमलजित/ओम बुद्ध जे.भी., काठमाण्डौ	८०,२३,९१२/६७
२	KVDA-DCO/072-73/RMPL-01S	काठमाण्डौ जिल्लाको टोखा क्षेत्रको सपनतिर्थ र चण्डेश्वरी मन्दिर क्षेत्रको विपद व्यवस्थापन, सुधार तथा संरक्षण गर्ने कार्य	उमा एण्ड कम्पनी/कमलजित/ओम बुद्ध जे.भी., काठमाण्डौ	२,११,९०,५३४/५०

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हुलाकी राजमार्ग आयोजना
मीनमवन,काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०७२/१०/०७

यस आयोजनाबाट मिति २०७२/०८/०४ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्रको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेख भएको बोलपत्ररु न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(२) अनुसार सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्र	कबोल रकम (मु.अ.कर तथा पि. एस. सहित)
HRP/3372244/07 2/73/BC-025	Construction of Prestressed RCC Bridge over Pachi Khola (2 no*30 m span, total length 64.10 m) along Rajbiraj-Balan, Hulaki Road, Saptari	Pappu-Bamti J.V., Kathmandu	67,592,822.69
HRP/3372244/07 2/73/BC-026	Construction of Prestressed RCC Bridge over Sundari Khola (2 no*30 m span, total length 64.10 m) along Rajbiraj-Balan, Hulaki Road, Saptari	Sapana - Swachanda J.V., Kathmandu	61,348,228.61
HRP/3372244/07 2/73/BC-027	Construction of Prestressed RCC Bridge over Baniyani Khola (2 no*40 m span, total length 84.10 m) along Mechi Ratuwa Hulaki Road., Jhapa	B.T. - Shivaram J.V., Bhaneswor, Dolkha	69,450,161.77
HRP/3372244/07 2/73/BC-028	Construction of Prestressed RCC Bridge over Kamal Khola Khola (2 no*35 m span, total length 74.10 m) along Mechi Ratuwa Hulaki Road., Jhapa	B.T. - Shivaram J.V., Bhaneswor, Dolkha	55,664,207.56
HRP/3372244/07 2/73/BC-029	Construction of RCC Bridge over Kataha Khola (1 no*10 m span, total length 10.50 m) along Rajbiraj-Balan Hulaki Road, Saptari	Bamti Bhandar Nirman Sewa, Anamnagar, Kathmandu	14,595,451.29

आयोजना निर्देशक

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद
स्तर निर्धारण महाशाखाको सूचना !

प्रमाणपत्र/डिप्लोमा तहका विभिन्न प्राविधिक विषयका कार्यक्रम सम्बन्धन/स्वीकृतीको लागि २०६१ साल, २०६४ साल तथा विभिन्न मितिहरुमा परिषद् कार्यालयमा प्रस्तावना पेश गरेका तर सो सम्बन्धमा सम्बन्धन/स्वीकृतीको कुनै पनि प्रक्रिया शुरु नभएका र प्रस्तावना पेश गर्ने संस्थाहरु पनि लामो समयदेखि सम्पर्कमा नआएका कारणले गर्दा संस्थाहरुको प्रस्तावना रद्ध गर्ने व्यहोरा जानकारीको लागि सूचित गरिन्छ। प्रस्तावना रद्धको लिष्टमा परेका संस्थाहरुले १५ दिनभित्रमा आफ्नो संस्थाले पेश गरेका प्रस्तावनाहरु रद्ध हुन नपर्ने कारण र प्रमाण समेत भए खुलाई दावी सहित निवेदन पेश गर्न सूचित गरिन्छ। रद्धको लागि लिष्टमा परेका संस्थाहरुको नाम, ठेगाना, दर्ता नम्बर र दर्ता मिति परिषद्को वेव साइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३०४०८, ६६३१४५८
(विस्तृत जानकारीको लागि स्तर निर्धारण महाशाखामा सम्पर्क राख्नुहोला।)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
पूर्वाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशनालय धनकुटा
जिल्ला स्वास्थ्य कार्यालय,सुनसरी
बढुवा समितिको सचिवालय
सूचना नं. ०७।७२।७३
कार्यसम्पादन तथा अनुभवको मूल्यांकनवाट समायोजन द्वारा हुने बढुवा फाराम भर्नेबारे सूचना
प्रथम पटक प्रकाशित मिति २०७२।१०।०७

लोक सेवा आयोग पूर्वाञ्चल क्षेत्रिय निर्देशनालय, धनकुटाको प.सं.०७।७२ मिति २०७१।१०।२१ को पत्रवाट प्रतिशत निर्धारण भै पूर्वाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशनालय, धनकुटाको प.सं.०७।७२ प्रशासन च.नं. १९६२ मिति २०७२।३।५ को प्राप्त पश्चात्‌सुनसरी नेपाल स्वास्थ्य सेवा ऐन २०५३ । चौथो संशोधन समेत) को दफा ८ (१) मा भएको व्यवस्था तथा बढुवा समितिको मिति २०७२।१।२८ को निर्णयानुसार यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रिक्त नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह, सहायक पांचौ तह हेल्थ असिष्टेण्ट पद ३ (तिन) नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को दिवम ६७ (१) बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्यांकनवाट हुने समायोजन बढुवा द्वारा पद पूर्ति गर्नु पर्ने भएकोले सम्बन्धित तहमा स्तरवृद्धि भएका र योग्यता पुरेका कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (तैंतिस) दिन भित्र दरखास्त साथ स्थायी नियुक्तिपत्र, स्तरवृद्धि, ता मिलान, शैक्षिक योग्यताका प्रमाणपत्रमा प्रमाणित प्रतिलिपीहरु समेत समन्वय गरी दरखास्त दस्तुर बापत रु.४००/ (चार सय) जम्मा गरेको भौचर सहित यस कार्यालयमा रीत पूर्वकको दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

साउदी अरेबीयामा रोजगार

1. AGGREY REEM ADVERTISING OATH — सहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/६ चलानी नं. : ७९६ LT. No. 149733

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या SR	मासिक तलब रु.	हवाजहाज भोजन ठहरुवा प्रतिदिन खाजा	हवाजहाज खाजा बापत	कार्यालय खर्च	खाने बापत	बसाई बापत
					नगराज बेपारी	मुखिया	नर्स घण्टा	नर्स दिन	विसा मुखिया मुखिया मुखिया
1	Labour	02	800	22,400	कम्पनीबाट बापत रु. ८ घण्टा	कम्पनीको नियमानुसार	६ दिन	छ	छ छ

भर्ना गरिने पेशा	तलब	भर्ना गरिने विसा	भर्ना गरिने	हवाई टिकट	भिसा शुल्क	सेवा शुल्क
काममा आर्ने	दिने	काममा आर्ने	हुने राजदूत दूतावास कन्सलीमा	दिनुपर्ने	दिनुपर्ने	१००००

2. JUINA CASTLE FURNISHED RESIDENTIOAL UNITS — सहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/६ चलानी नं. : ७९७ LT. No. 148836

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या SR	मासिक तलब रु.	हवाजहाज भोजन ठहरुवा प्रतिदिन खाजा	हवाजहाज खाजा बापत	कार्यालय खर्च	खाने बापत	बसाई बापत
1	Labour	01	1000	28,000	कम्पनीबाट बापत रु. ८ घण्टा	कम्पनीको नियमानुसार	६ दिन	छ	छ छ

भर्ना गरिने पेशा	तलब	भर्ना गरिने विसा	भर्ना गरिने	हवाई टिकट	भिसा शुल्क	सेवा शुल्क
काममा आर्ने	दिने	काममा आर्ने	हुने राजदूत दूतावास कन्सलीमा	दिनुपर्ने	दिनुपर्ने	१००००

नेपालिक रोजगार विज्ञापनबाट गराईएको जानकारी :- १. आफ्नो नागरिक विसा प्राप्त भइसकेपछि मेडिकल कम्पनीमै गई रगत कुवाउनु होला। कुवाएपछि रगतको जीचर जीचाएर रिपोर्ट लिनु होला। २. कागजात भरेर आएर सुरुवात गरेको रोजारी पाउनुहोला विसाको लागमा हाजिर र मेडिकल कम्पनीमा सहयोग गर्नुहोला। कागजात गई आएपछि गर्न नसकेमा गर्न नसकिएमा हुनु। ३. यस विज्ञापन सम्बन्धमा थप जिज्ञासा भएमा यस कोठा कम्पनीमा प्रत्यक्ष सम्पर्क राख्नुहोला। ४. यस विज्ञापन सम्बन्धमा थप जिज्ञासा भएमा यस कोठा कम्पनीमा प्रत्यक्ष सम्पर्क राख्नुहोला।

Synnet International Pvt. Ltd. Banking License No. 2060/7908 — **सिनेट इन्टरनेशनल प्रा.लि.**
पोष्ट बक्स नं. १७३०, कुपण्डोल, ललितपुर
फोन.: ०१५७ १ ५५२५०७१, ५५२५२०५, फ्याक्स नं.: ०१५७ १ ५५७७५१३,
ईमेल: info@synnet206.com, वेवसाइट : www.synnetintl.com

कतारमा रोजगार

१ कम्पनी : CONTRACT RESOURCES OIL FIELD SERVICES WLL — सहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/१०/०६ चलानी नं. : ८०६५ LT. No. 150393 कुल जाचाः कम्पनीले दिने

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	मासिक तलब QR	हवाजहाज भोजन ठहरुवा प्रतिदिन खाजा	हवाजहाज खाजा बापत	कार्यालय खर्च	खाने बापत	बसाई बापत
1	Labourer	03	1000 29,000	कम्पनीबाट बापत रु. ८ घण्टा	कम्पनीको नियमानुसार	६ दिन	छ	छ छ

२ कम्पनी : KHALED PROJECTS CO. — सहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/१०/०५ चलानी नं. : ८०६६ LT. No. 148417 कुल जाचाः कम्पनीले दिने

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	मासिक तलब QR	हवाजहाज भोजन ठहरुवा प्रतिदिन खाजा	हवाजहाज खाजा बापत	कार्यालय खर्च	खाने बापत	बसाई बापत
1	Light Driver	07	1700	489,30	कम्पनीबाट बापत रु. ८ घण्टा	कम्पनीको नियमानुसार	६ दिन	छ	छ छ
2	Excavator Operator	30	3000	87,000					
3	Diesel Mechanic	04	1500	43,500					
4	Grader Operator	07	3000	87,000					
5	Loader Operator	07	3000	87,000					
6	Roller Operator	06	3000	87,000					
7	JCB Operator	06	3000	87,000					
8	Labours	25	900	26,10					
9	Hydraulic mechanic	07	1500	43,500					
10	HEAVY DRIVER	30	2200	63,800					

भर्ना गरिने पेशा	तलब	भर्ना गरिने विसा	भर्ना गरिने	हवाई टिकट	भिसा शुल्क	सेवा शुल्क
काममा आर्ने	दिने	काममा आर्ने	हुने राजदूत दूतावास कन्सलीमा	दिनुपर्ने	दिनुपर्ने	दिनुपर्ने

- छनौट भई भीषा प्राप्त भैसकेका व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषाबापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

नेपालिक रोजगार विज्ञापनबाट गराईएको जानकारी :- १. आफ्नो नागरिक विसा प्राप्त भइसकेपछि मेडिकल कम्पनीमै गई रगत कुवाउनु होला। कुवाएपछि रगतको जीचर जीचाएर रिपोर्ट लिनु होला। २. कागजात भरेर आएर सुरुवात गरेको रोजारी पाउनुहोला विसाको लागमा हाजिर र मेडिकल कम्पनीमा सहयोग गर्नुहोला। कागजात गई आएपछि गर्न नसकेमा गर्न नसकिएमा हुनु। ३. यस विज्ञापन सम्बन्धमा थप जिज्ञासा भएमा यस कोठा कम्पनीमा प्रत्यक्ष सम्पर्क राख्नुहोला। ४. यस विज्ञापन सम्बन्धमा थप जिज्ञासा भएमा यस कोठा कम्पनीमा प्रत्यक्ष सम्पर्क राख्नुहोला।

GRAND SUITE JOB PVT. LTD.
GAURIGHAT, KATHMANDU, NEPAL | Govt. Lic. No. 880-2067/68
Tel : 977-1-4491386,4485223 | Fax : 977-4497748
E-mail: info@grandsuitejob.com | Web : www.grandsuitejob.com.np

पाहुना टोली एपीएफमाथि हावी

भारतीय आर्मी गोर्खा ब्रिगेड र सशस्त्र प्रहरी बलका खेलाडी प्रतिस्पर्धा गर्दै । तस्बिर सौजन्य : रिजन नेपाल

विजय नेपाल/राजधानी
पोखरा, ६ माघ

पोखरा रंगशालामा जारी १४औं आहा रारा गोल्ड कपमा भारतीय आर्मी गोर्खा ब्रिगेडले सशस्त्र प्रहरी बल एपीएफलाई २-१ गोलअन्तरले पराजित गरेको छ ।

बुधवार भएको खेलमा पाहुना टोलीले पहिलो रोजाइका सात खेलाडीबिना मैदान उत्रिएको एपीएफमाथि जित हासिल गरी क्वार्टरफाइनलमा प्रवेश गर्न सफल भएको हो । जितका विक्रम राई र अजय तामाडले १-१ गोलको योगदान दिए ।

खेल सुरुआतको १२ मिनेटमा अजय तामाडले दिएको पास डिवक्समित्र रहेका विक्रम राईले गोलको दिशा दिएका हुन् । एक गोलले पछि परेपछि एपीएफ ५५ मिनेटपछि बरावरीमा फर्कियो । उसका लागि म्यान अफ दि म्याच घोषित प्रबीण साङतेनले गोल गरे । सरोज कोइरालाले दिएको कसलाई उनले सहजै विपक्षी गोलपोस्टको जाली चुमाएका हुन् ।

प्रतिस्पर्धात्मक खेलको उत्तरार्धमा अन्ततः पाहुना टोलीले गोलअन्तर २-१ खडा गर्दा अन्तिम आठमा पुग्न सफल भयो । ८२ मिनेटमा विक्रम राईको पासलाई अजय तामाडले गोल गरी जित सुनिश्चित गरेका हुन् । डिवक्स नजिकै रहेका तामाडको प्रहार विपक्षी किपर विक्रम गुरुङले जोगाउन खोज्दा हातवाट फुत्केर गोल हुन पुगेको हो । खेलको २९ मिनेटमा युवराज खड्काको स्थानमा मैदान छिरेका प्रबीण साङ्तेनले गरेको प्रहार खेर गएको थियो । भरपर्दा खेलाडीको अभावमा पनि मैदान उत्रिएको एपीएफ आपसी तालमेल राख्न नसक्दा अन्ततः पहिलो चरणबाटै घर फर्किन वाध्य भयो । पोखरा रंगशालामा ११औं गोल्डकपमा पहिलो चरणबाटै बाहिरिएको भारतीय आर्मी गोर्खा ब्रिगेडले यस संस्करणमा विजयी यात्रा सुरु गर्दै १० माघमा लक्ष्मीहुन्डा मनाड मर्स्याङ्दीसंग प्रतिस्पर्धा गर्ने छ ।

खेलपछि एपीएफ प्रशिक्षक कृष्ण थापाले अनुभवी खेलाडीबिना मैदानमा उत्रिएकोले हार वेहार्नुपरेको स्वीकारे । उनले विपक्षीवाट सुरुआतीमै गोल भएपछि खेलाडीमा आपसी तालमेल नदेखिदा विपक्षीले फाइदा उठाएको वताए ।

उता, जितपछि गोर्खा ब्रिगेडका प्रशिक्षक नगेन लामाले आफूहरू तयारीका साथ आएकोले नजिता आफ्नो पोल्टामा पार्न सफल भएको दावी गरे ।

उनले आफ्नो टिममा ए डिभिजनमा खेल्ने टिम रहेको वताए । अर्को खेलमा अझै खेल सुधारोन्मुख हुने विश्वास गरे । बिहीबार खेल जाउलाखेल युवा क्लब र त्रिभुवन आर्मी क्लबविच प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक केशववहादुर थापाले वताए ।

कीर्तिपुर मैदानको अवलोकन

काठमाडौं/रास– नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष रमेश सिलवालले कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानको बुधवार अवलोकन गरेका छन् ।

कीर्तिपुर मैदानमा आगामी १६ र १८ अप्रिलमा हुने विश्व क्रिकेट लिगअन्तर्गत नेपाल र नामिबियाविच हुने खेललाई मध्यनजर गर्दै त्यहाँ रहेका भौतिक पूर्वाधार निर्माणको कार्य प्रगतिबारे जानकारी लिन सिलवालले मैदानको अवलोकन गरेका हुन् ।

सो अवसरमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) अन्तर्गत निर्माण शाखाका इन्जिनियर र निर्माण कार्यमा सलंग्न ठेकेदारले पूर्वाधार निर्माणको विविधि पक्ष बारे जानकारी गराएका थिए । त्यस अवसरमा राखेपका सदस्यसमेत रहेका क्यानका उपाध्यक्ष शैलेश कर्माचार्य र सीईओ भावना घिमिरेको पनि उपस्थिति रहेको थियो ।

विराट गोल्डकप २८ माघदेखि हुने

सुदीप कोइराला/राजधानी
मोरङ, ६ माघ

मोफसलका चर्चित फुटवल प्रतियोगिताअन्तर्गतको एक विराट गोल्डकप फुटवल प्रतियोगिता यस वर्ष २८ माघदेखि हुने भएको छ । विराट गोल्डकप फुटवल टुर्नामेन्ट आयोजक समितिले बुधवार पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको तालिका सार्वजनिक गरेको हो । ८ फागुनसम्म चल्ने प्रतियोगितामा नेपाल, भारत, भुटान र बंगलादेशका गरी १० टिमको सहभागिता रहने वताइएको छ । 'हामी टिमहरूसंग छलफल गरिरहेका छौं, चाँडै नै निश्चित हुनेछ,' आयोजक समितिका अध्यक्ष राजेन्द्र राउतले पत्रकार सम्मेलनमा भने, 'सम्भावित ११ टिममध्ये १० टिम नै प्रतियोगितामा रहने छन् ।' विराटनगरको सहिद रंगशालामा हुने प्रतियोगितामा यस वर्ष त्रिभुवन आर्मी, नेपाल पुलिस क्लव, ब्रिस्टार, झापा-११, आयोजक टिम मोरङ-११, भुटान-११, जर्ज टेलिग्राफ भारत, बंगबन्धु बंगलादेश, युनाइटेड सिक्किम र लक्ष्मी हुन्डाई मनाड मर्स्याङ्दी क्लवमध्ये १० टिम सहभागी हुने भएका हुन् ।

करिव ७५ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको प्रतियोगितामा विभिन्न ११ शीर्षकमा पुरस्कार राखिएका छन् । यसवाहेक प्रतियोगितामा सहभागिता जनाएर वाहिरिने टिमलाई समेत प्रोत्साहन स्वरूप नगद पुरस्कार दिइने अध्यक्ष राउतले वताए । प्रतियोगितामा विजेताले ५ लाख १६ हजार, उपविजेताले ३ लाख १ हजार सिल्ड, मेडल तथा प्रमाण पत्र प्राप्त गर्नेछन् । यस्तै प्रथम चरणवाट नकआउट हुनेले ३० हजार, दोस्रो चरणवाट आउट हुनेले ७५ हजार र तेस्रो चरणवाट वाहिरिनेले प्रोत्साहन रकम प्राप्त गर्ने आयोजकले जनाएको छ ।

हिमालयन क्रिकेट एकेडेमीलाई उपाधि

राजधानी समाचारदाता
काठमाडौं, ६ माघ

हिमालयन क्रिकेट एकेडेमीले प्रथम राष्ट्रिय अन्तरक्लव युथ क्रिकेट च्याम्पियनसिपको उपाधि जितेको छ । बुधवार टीयू क्रिकेट मैदान कीर्तिपुरमा भएको फाइनल खेलमा हिमालयन क्रिकेट एकेडेमीले त्रिभुवन आर्मी क्लवलाई४० रनले हराउँदै उपाधि जितेको हो । टस हारेर व्याटिङको निम्तो पाएको हिमालयन क्रिकेट एकेडेमी निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १ सय ४१ रनको लक्ष्य दियो ।

जवाफमा आर्मी क्लव १७ ओभर ४ वलमा अलआउट हुँदै १ सय रनमा समेटियो । आर्मीलाई समेट्ने क्रममा हिमालयन क्रिकेट एकेडेमीका ललित भण्डारीले सर्वाधिक तिन विकेट लिए । त्यसैगरी अविनाश वोहरा र भुवन कार्कीले २/२ विकेट लिए । अमरसिंह रौटेलाले र यज्ञमान कुमालले १/१ विकेट लिए । आर्मीका लागि ओपनर नरेश बुढाएरले सर्वाधिक २३ रन जोडे । उनले २६ वलमा २ चौका र २ छक्का प्रहार गर्दै २३ रन जोडे । सरद भेस्वाकरले १२, विनोद भण्डारीले १४, चन्द्र साउदेले १७ रन जोडे ।

यसअघि हिमालयन क्रिकेट एकेडेमीका लागि ओपनर भूपेन्द्र थापाले सर्वाधिक ३० रन जोडे । उनले ३५ वलमा ४ चौका प्रहार गरे । दिनेश ऐरीले २४, अमर सिंह रौटेलाले २१, अरुण ऐरीले १५ र भिम सार्कीले १४ रन जोडे ।

आर्मीका जितेन्द्र मुखिया र सागर पुनले २/२ विकेट लिए । अभिनाश कर्ण र सरद भेस्वाकरले १/१ विकेट लिए ।

आर्मीलाई हराउँदै उपाधि चुमेकोहिमालयन क्रिकेट एकेडेमीले १ लाख १ हजार १ सय ११ रुपैयाँ पुरस्कार जित्यो । त्यसैगरी उपविजेता त्रिभुवन आर्मी क्लवले ५० हजार नगद पुरस्कार प्राप्त गऱ्यो । प्रतियोगिताको उत्कृष्ट व्याट्म्यान हिमालयन क्रिकेट एकेडेमीका भुपेन्द्र थापा चुनिँदै ७ हजार ५ सय पुरस्कार जिते । उनले प्रतियोगितमा १ सय ५८ रन जोडेका थिए । हिमालयन क्रिकेट एकेडेमीका भुवन कार्की प्रतियोगितामा ७ विकेट लिदै उत्कृष्ट वलर वने । उनले पनि ७ हजार ५ सय पुरस्कार जिते । सरद भेस्वाकर प्लेयर अफ दि टुर्नामेन्टवाट सम्मानीत भए । उनले १ सय १५ रन र ६ विकेट लिएका थिए । उनलाई १० हजार पुरस्कार प्रदान गरियो । इर्मजिड प्लेयरको ट्फी अनुप श्रेष्ठले हात पारे । वेस्ट फिल्डरको ट्फी हिमालय क्रिकेट एकेडेमीका अमर ऐरीले प्राप्त गरे ।

प्रतियोगिता युवा संघ नेपालको केन्द्रीय खेलकुद विभागले आयोजना गरेको हो । प्रत्येक वर्ष प्रतियोगितालाई निरन्तरता दिने संघले जनाएको छ ।

आईओएफटीसीको २ लाख आर्थिक सहयोग

काठमाडौं/रास– अमेरिकाको पोर्टल्यान्डमा रहेको अन्तर्राष्ट्रिय ओपन फ्रेन्डसिप तेक्वान्दो च्याम्पियनसिप (आईओएफटीसी) ले वानेश्वरस्थित नयाँ नेपाल समाज केन्द्रलाई २ लाख आर्थिक सहयोग बुधवार प्रदान गरेको छ ।

असहाय वालवालिकालाई संरक्षण दिँदै आइरहेको केन्द्रमा रहेका ३५ तेक्वान्दो खेलाडीलाई खेल सामग्रीको व्यवस्थापनका लागि ५० हजार रुपैयाँ प्रदान गरियो ।

त्यस्तै, केन्द्रमा आश्रय लिइरहेका भूकम्पपीडित काभ्रेका भूपेन्द्र विष्ट तथा सिन्धुपाल्चोकका सुशीला तामाङ, अनिशा तामाङ, मनीषा तामाङ र आयशा तामाङको शिक्षा/वानपानका लागि १ लाख ५० हजार रुपैयाँ प्रदान गरिएको छ । सो खर्च १ वर्षका लागि हो ।

गत वैशाखको विनाशकारी भूकम्पका कारण पीडितको सहायोगार्थ आईओएफटीसीले आर्थिक सहयोग संकलन गर्ने उद्देश्यले नेप्लिज रिविल्ड अभियान थालेको थियो । सो अभियानवाट करिव ५० हजार अमेरिकी डलर संकलन भएको थियो । सो संकलित रकम मध्येवाट केन्द्रलाई आर्थिक सहयोग प्रदान गरिएको हो । नेप्लिज रिविल्ड आईओएफटीसीकी महासचिव करेन ब्यायकलेज र प्रतियोगिता निर्देशक दिवाकर महर्जनको सकियतामा गठन गरिएको थियो ।

रिविल्डका नेपाल संयोजक रिकेन महर्जनले केन्द्रका अध्यक्ष कृष्णराज गुरुङलाई २ लाख रुपैयाँ बराबरको चेक केन्द्रमै गएर हस्तान्तरण गरेका थिए । रिविल्डले यसअघि पनि विभिन्न स्थानमा आर्थिक सहयोग प्रदान गरेको महर्जनले जानकारी गराए । बाँकी रकमबराबरको सहयोग पनि क्रमैसंग हस्तान्तरण गर्ने वताइएको छ ।

भारतको हार

कानबेरा/एजेन्सी– अस्ट्रेलियासंग लगातार तिन म्याच हारेर सिरिज गुमाइसकेको भारतीय टिमले बुधवार चौथो अन्तर्राष्ट्रिय म्याचमा पनि हारे वेहोरेको छ । चौथो वानडे म्याचमा अस्ट्रेलियाले भारतलाई २५ रनले हरायो । अस्ट्रेलियाले भारतलाई ३ सय ४९ रनको विजयी लक्ष्य दिएको थियो तर भारत ३ सय २३ रनमा समेटियो ।

३ सय ४९ रनको लक्ष्य पछ्याउँदै भारतका रोहित शर्मा र शिखर धवनले सानदार सुरुआत गरे । रोहित शर्मा २५ वलमा ४१ रन बनाएर आउट भए । तर त्यसपछि शिखर धवन र विराट कोहलीको जोडी क्रिजमा टिके । शिखर धवनले ९२ वलको सामना गर्दै १ सय २६ रन जोडे । त्यसपछि विराट कोहलीले सानदार प्रर्दशन गर्दै १सय ६ रन जोडे । तर, कप्तान धोनी खाता नखोली आउट भए । त्यसपछि भारतीय पारी तासको पत्ताझैं ढल्यो ।

गरकिरत सिंह ५, ऋषि धवन ९, भुवनेश्वर कुमार र उमेश यादव २/२ रनमा आउट भए । जडेजा २४ रन बनाएर अविजित फर्के । अस्ट्रेलियाले ३स जितेर पहिले व्याटिङ गर्दै निर्धारित ५० ओभरमा आठ विकेटको क्षतिमा ३ सय४८ रन जोड्यो । डेविड वार्नर र ऐरान फिंचले अस्ट्रेलियाका लागि सानदार सुरुआत गरे ।

आवश्यकता

लोकप्रिय राष्ट्रिय दैनिक राजधानीका लागि केही कर्मचारी आवश्यक भएकाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

पद	:	ग्राफिक्स डिजाईनर
संख्या	:	१ (एक)
योग्यता	:	+2 उत्तीर्ण ।
अनुभव	:	फोटोसप, इनडिजाईन, फ्रिहयान्ड चलाउन जान्ने, साथै, नेपाली, अंग्रेजी टाइप गर्न सक्ने हुनु पर्ने छ ।
तलब	:	आपसी समझदारीमा ।

पद	:	सवारी चालक (रात्रीकालीन)
संख्या	:	१ (एक)
अनुभव	:	कम्तीमा ३ वर्ष हुनुपर्ने छ ।
तलब	:	आपसी समझदारीमा ।

राजधानी न्यूज पब्लिकेशन प्रा.लि
कुपण्डोल, ललितपुर, फोन नं. : ५५४६३००
Email : mail@rajdhani.com.np

नेपाल सरकार
मत्स्य विकास तथा तालिम केन्द्र, जनकपुर धनुषाको
सिलवन्दी बोलपत्र आह्वानको सूचना
प्रथम पटक प्रकाशित मिति २०७२।१०।०७

यस केन्द्रको आ.व. २०७२/०७३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आ.व. २०७२/७३ अवधिभित्र ठेक्का सम्झौता मार्फत् निम्न सार्वजनिक निर्माण सम्बन्धी कार्यहरु गर्नुपर्ने भएकोले निम्न लिखित शर्त भित्र रही इच्छुक रजिष्टर्ड तथा इजाजत प्राप्त निर्माण व्यवसायीहरुवाट सिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

(१) बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखी ३० औं दिनको कार्यालय समयसम्म यस केन्द्रवाट तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) तिरी खरिद गरी ३१ औं दिनको १२ बजेसम्म यस केन्द्रमा दर्ता गरिसक्नु पर्नेछ ।

(२) बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको २ बजे मत्स्य विकास तथा तालिम केन्द्र जनकपुरमा कार्यालय प्रतिनिधि, प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपस्ट खोलिने छ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

(३) बोलपत्रसाथ आ.व. २०७२।०७३ सम्म नवीकरण भएको, इजाजत पत्र, स्थायी लेखा प्रमाण पत्र (मू.अ.कर दर्ता समेत), आ.व. २०७५।०७२ को करचुक्ता प्रमाणपत्रको फोटोकपि नोटरी पब्लिकवाट प्रमाणित गराइ संलग्न राखी अधिकारिक व्यक्तिले रु १०।- को टिकट टाँसी निवेदन दिनुपर्नेछ ।

(४) सिलवन्दी बोलपत्र साथ तपसिलमा उल्लेखित जमानत वापतको रकम नेपाल राष्ट्र बैंक जनकपुर स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाको नाममा रोको एकल धरौटी खाता नं. १६०१२००।००१-००२-५२४ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबर नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त "क" वर्गका वाणिज्य बैकहरुवाट यस केन्द्रको नाममा जारी भएको सिलवन्दी बोलपत्र खोलेको कम्तीमा १२० दिन मान्य अवधि भएको विडवण्ड सक्कली पेश गर्नु पर्नेछ । यस वाहेक अन्य वर्गका बैकहरुवाट जारी भएको विडवण्डलाई मान्यता दिइने छैन ।

(५) शर्त रहित, केरमेट नभएको र केन्द्रले उपलब्ध गराएको बोलपत्रमा कुनै धपघट नगरेको हुनु पर्नेछ र समयसीमा भित्र प्राप्त नभएको, रीत नपुगेको, सार्वजनिक खरिद ऐन नियमावली विपरित भएको र यो सूचनाको शर्त विपरित भएको दरभाउपत्र उपर कारवाही हुने छैन ।

(६) बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले कार्य स्थल र कामको सम्बन्धमा राम्री बुझी दरभाउपत्र भरेको मानिनेछ र एक व्यक्ति वा फर्मको नाममा खरिद भएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइने छैन ।

(७) बोलपत्र भर्दा स्पष्ट रुपमा अंङ्क र अक्षरमा भ्याट वाहेकको मूल्य उल्लेख गर्नुपर्नेछ । अंङ्क र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ ।

(८) बोलपत्र पेश गर्ने अन्तिम दिनभन्दा १० (दश) दिन अगाडी बोलपत्रदाताको पूर्व बैठक आयोजना गरिनेछ ।

(९) बोलपत्रदाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखितरुपमा गरेको स्वयं घोषणा पत्र बोलपत्र फारमसाथ पेश गर्नुपर्नेछ । साथै प्रतिबद्धता पत्र समेत पेश गर्नुपर्ने छ ।

(१०) कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने तथा रद्द गर्ने अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ । यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र केन्द्रमा सम्पर्क गरी बुझ्न सकिने छ ।

(११) यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन, नियमअनुसार हुनेछ ।

(१२) कामको विवरण निम्न बमोजिमको हुनेछ:-

सि.नं.	ठेक्का नं.	कामको विवरण	कन्टेन्जेन्सी र मू.अ.कर वाहेक लागत अंक रु.	धरौटी रकम रु.	बोलपत्र फारम दस्तुर रु.
१	०१-०७२/७३	बाउन्ड्री वाल निर्माण	२२८७८१४१४	६९०००।००	१०००।००
२	०२-०७२/०७३	केन्द्रको ग्याभियन वायर फेन्सिङ कार्य	४४४८७३५।२५	१३५०००।००	१०००।००

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.व.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**